CAMPAIGN NEWSLETTER

# अभियान समाचार

जनवरी - मार्च २०१०

January-March 2010




एमनेस्टी इन्टरनेसनल नेपालको त्रैमासिक प्रकाशन



## लैंगिक अप्ठ्यारो वायरमा



## मन्त्रीसंग महिला अधिकार संवाद

## यसपालि

पृष्ठ


रोमविधानबारे सभासद्को प्रतिबद्धता — २

महिला अधिकार दिवस विशेष
(साथमा महिला, बालबालिका तथा समाज कल्याणमन्त्री सर्वदेव ओझासँग संवाद र अन्य गतिविधि) — १०

मानवअधिकार दिवसमा विविध कार्यक्रम — १५

मानवअधिकार र एआईबारे प्रशिक्षण — १७

समूहहरूको साधारणसभा — ३५


र, साथमा एआई अभियानमा जापान, संविधान यात्रा, बालबालिकासँग एआई नेपाल, श्रीलंका अभियान, मलेसियामा आप्रवासी कामदारको पक्षमा एआई, वायर अनुवादलगायतका थुप्रै सामग्री ।

### आवरण



एआई नेपालद्वारा २०६६ चैत ६ गते राजधानीमा आयोजित रोमविधान अनुमोदनसम्बन्धी सभासद्हरूसँगको अन्तरक्रिया कार्यक्रमका सहभागी ।

तस्वीर : रवि मानन्धर


Published by

AMNESTY INTERNATIONAL



**Amnesty International Nepal**
Amnesty marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal
Tel: +977 1 4364706 or 43655431
Fax: +977 1 4354987
Email: info@amnestynepal.org
www.amnestynepal.org



**ए.आई. नेपाल राष्ट्रिय कार्यसमितिका पदाधिकारी**

| | |
|---|---|
| अध्यक्ष | हेमकुमार खड्का |
| उपाध्यक्ष | केशव सिग्देल |
| महासचिव | शम्भु ठाकुर |
| उपमहासचिव | उत्तम सापकोटा |
| कोषाध्यक्ष | रश्मिला भोछिभोया |
| सदस्य | ममिताकुमारी पुन |
| | यशोदाकुमारी उपाध्याय |
| | चेतनारायण भुसाल |
| | डिकप्रसाद घिमिरे |
| | निर्मलबाबु श्रेष्ठ |
| | राजनप्रसाद कुइँकेल |
| सल्लाहकार | नूतन थपलिया |
| | लोकेश ढकाल |

**ए.आई. नेपाल पुनरावेदन समितिका पदाधिकारी**

| | |
|---|---|
| संयोजक | श्यामराज घिमिरे |
| सदस्य | विमलादेवी (विष्ट) गौतम |
| | ऋषिकेश खनाल |

# महिलाका लागि अठोट

हरेक वर्ष मार्च ८ का दिन विश्वभरि अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ । यसपालि पनि अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा विविध कार्यक्रम गरिएको छ । महिला उत्थानका लागि विश्वभरि नै अनेकथरी अभियान सञ्चालन गरिए पनि उनीहरूको अवस्थामा अपेक्षाकृत सुधार हुन भने सकेको छैन ।

महिलाहरू उनीहरूको लिंगका कारण हिंसा र विभेदको सिकार बनिरहेका छन्। विभेद कानुन वा समाजका मान्यतामा बनाइने गरेको छ। महिलाले पुरुषसरह काम गरे पनि उनीहरूलाई समान तलब दिइँदैन । उनीहरूको आवाजको सुनवाइ हुँदैन । उनीहरूको शिक्षा प्राथमिकतामा पर्दैन । उनीहरूको स्वास्थ्यको पनि संरक्षण गरिँदैन । यता नेपालमा प्रधानमन्त्री माधवकुमार नेपालले गतवर्ष सन् २०१० लाई महिला हिंसा मुक्त वर्ष बनाउने घोषणा गर्नु भए पनि यो वर्षका प्रारम्भिक दिनमा उहाँको घोषणाअनुरूप काम भएको पाइएको छैन । प्रारम्भका दिनमा नै हत्या, बलात्कार, कथित बोक्सीको आरोप, दाइजो, कुटपिट, दुर्व्यवहार, बहुविवाह, घरनिकाला, बेचबिखन, आगो लगाउनेजस्ता महिला हिंसाका विभिन्न घटना भएका समाचार सार्वजनिक भइरहेका छन्। नेपाल सरकारद्वारा महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्न कानुन, नीति तथा कार्यक्रम बनाइएको भए तापनि लैङ्गिक हिंसालाई पर्याप्त मात्रामा सम्बोधन भने गर्न सकेको छैन । नेपालको फौजदारी न्यायप्रणालीमा भएका कमजोरी र ढिलासुस्तीका कारण लैङ्गिक हिंसाका प्रायजसो पीडकहरू उम्कनुका साथै पीडितले न्याय नपाएको अवस्था विद्यमान छ । यसतर्फ पनि राज्यको ध्यान तत्काल जानु जरुरी रहेको छ ।

महिलाहरूले विश्वको कुल आम्दानीको १० प्रतिशत मात्रै कमाउँछन्। तर, उनीहरूले विश्वको दुई तिहाइ काम गरिरहेका हुन्छन्। ६० देखि ८० प्रतिशतसम्म विकासोन्मुख राष्ट्रमा महिलाको श्रमका कारण खाद्यान्न उत्पादन भए पनि महिलाहरूको स्वामित्वमा केवल १ प्रतिशत भूभाग मात्रै रहेको छ।

अर्कातर्फ आप्रवासी महिला कामदारले शोषण र ज्यादतीको सामना गर्नुपरिरहेको छ । उनीहरू यौनजन्य हिंसाको सिकार भइरहेका छन् । विश्वका तीन चौथाइ निरक्षर वयस्कमा महिला पर्दछन् । असंख्य छोरीहरू स्कुल जानबाट वञ्चित छन् र गएकाहरू पनि विभिन्न हिंसाका कारण बीचैमा पढाइ छोड्न विवश छन् । महिलाले समुचित शिक्षा नपाउँदा त्यसको ठाडो नकारात्मक असर बालबालिकामा परिरहेको छ ।

एक तथ्यांकअनुसार एउटी महिला हरेक १ मिनेटमा गर्भसम्बन्धी जटिलताका कारण मृत्युवरण गर्न बाध्य हुन्छिन् । यो अप्ठेरो अविकसित मुलुकमा मात्र छैन अमेरिकाजस्ता विकसित मुलुकमा पनि देख्न सकिन्छ। त्यहाँ अफ्रिकी महिलाहरू गोह्रा महिलाको तुलनामा बच्चा जन्माउने बेलामा ४ गुणा बढी मृत्युको मुखमा पुगेको देख्न सकिन्छ । गर्भपतनलाई अपराध मान्ने संस्कार पनि थुप्रै देशमा अझै विद्यमान रहेको छ । दाइजोलगायतका कारणले घरेलु हिंसाबाट सताइने महिलाहरूको संख्या पनि विश्वमा अधिक रहेको छ ।

महिलाहरूलाई समाजमा समान हैसियत र अधिकार प्रदान गर्ने हो भने त्यसले त्यो समाज र देशलाई मात्र होइन ,संसारभरि नै सकारात्मक सन्देश दिन सक्छ। त्यसैले अहिलेको खाँचो हो- महिलाहरूलाई विश्वका हरेकखाले विभेद र हिंसाबाट पार लगाउनु र उनीहरूलाई हरेकखाले मानवीय अधिकारको स्वस्फूर्त रूपमा उपभोग गर्न दिनु । यसका लागि विश्व सरकारहरूले महिला मामिला हेर्ने संयुक्त राष्ट्रसंघीय निकायलाई अझ प्रभावकारी बनाउनुका साथै हरेक देश, समाज र परिवारले महिलाअधिकार स्थापित गर्नका लागि पहल गर्नुपर्दछ । अन्तर्राष्ट्रिय दिवसका अवसरमा औपचारिक कार्यक्रम गरेर मात्र होइन कि हरेक दिन हरेकले कानुनी र व्यावहारिक रूपमा महिलालाई समव्यवहारका लागि अठोट गर्ने बेला भएको छ । अधिकारका लागि लडिरहनुभएका संसारभरिका सबै महिलामा हाम्रो हार्दिक शुभकामना !

# रोमविधानप्रति

# सभासद्को प्रतिबद्धता



एम्नेस्टी इन्टरनेसनल नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदन गर्न नेपाल सरकारलाई दबाब दिने उद्देश्यले २०६६ चैत ६ गते काठमाडौंमा सभासदहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा विभिन्न राजनीतिक पार्टी सम्बद्ध ४६ जना सभासद्को सहभागिता रहेको थियो । कार्यक्रममा नेपाली कांग्रेस, एनेकपा (माओवादी), नेकपा (एमाले), मधेसी जनअधिकार फोरम, नेकपा (माले), नेकपा (संयुक्त), राष्ट्रिय जनमोर्चा, संयुक्त लोकतान्त्रिक राष्ट्रिय मोर्चा, राप्रपा र चुरेभावर राष्ट्रिय एकता पार्टीका नेता तथा सभासद्को सहभागिता रहेको थियो ।

एआई नेपालका तर्फबाट अध्यक्ष हेमकुमार खडका, निर्देशक रामेश्वर नेपाल, उपाध्यक्ष केशव सिग्देल र कोषाध्यक्ष रश्मिला भोछिभोयाले रोमविधानका बारेमा सभासद्हरूलाई जानकारी दिनुभएको थियो । सो अवसरमा सबै दलका सभासदहरूले रोमविधान अनुमोदन गरिनैपर्ने कुरामा जोड दिनुभएको थियो । यसअघि प्रमुख विपक्षी माओवादीले रोमविधानको विरुद्धमा कुरा गर्दै आएकोमा एआई नेपालद्वारा आयोजित सो कार्यक्रममा पहिलोपटक सो पार्टीका सभासद्द्वय प्रह्लाद लामिछाने र विनोद पहाडीले वर्तमान सरकारले रोमविधान अनुमोदनको प्रस्ताव ल्याए आफ्नो पार्टीले समर्थन गर्ने बताउनुभएको थियो । कार्यक्रममा बोल्दै नेपाली

कांग्रेसका प्रमुख सचेतक लक्ष्मण घिमिरेले माओवादी सभासद्हरूले भनेझैं सत्तारूढ घटकहरूले नै यो विधान अनुमोदनका लागि बढी चासो दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै नेकपा (एमाले) का सभासद् लालबाबु पण्डितले यो विधान अनुमोदन गर्नु भनेको आगामी दिनमा अपराध गर्दिनँ भन्ने प्रतिबद्धता पनि हुने भएकाले दण्डहीनता अन्त्यका लागि पनि यसतर्फ सबैले ध्यान दिनुपर्ने बताउनुभयो । कार्यक्रममा एआई नेपालका संस्थापक नूतन थपलिया र मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष पुरुषोत्तम दाहालले सबै दलले आपसी सहमति जुटाएर यो विधान अनुमोदन गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा सहभागी सबैले रोमविधान अनुमोदन गरिनुपर्ने कुरामा जोड दिएका थिए । ■



## तस्वीरमा सभासद्सँगको अन्तरक्रिया













## तस्वीरमा सभासद्सँगको अन्तरक्रिया

















# 'अनुमोदन गर्न डराउनुपर्दैन'

पूर्वपरराष्ट्रमन्त्री एवम् मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले आफू परराष्ट्रमन्त्री हुँदा रोमविधान अनुमोदनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लगेको तर केही साथीहरूलाई बिजुलीको करेन्ट लागेजस्तो भएकाले सो बारेमा निर्णय हुन नसकेको बताउनुभएको छ ।

एम्नेस्टी इन्टरनेसनल नेपालद्वारा २०६६ फागुन ९ गते राजधानीमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै यादवले भन्नुभयो- 'यो विधान भूतप्रभावी हुँदैन । भूतले तर्साउँदैन भन्दाभन्दै पनि साथीहरूले मान्नु भएन तर डराउनु पर्नाको कारण मैले बुझ्न सकेको छैन ।'


उपेन्द्र यादव

> "यो विधान भूतप्रभावी हुंदैन । भूतले तर्साउँदैन भन्दाभन्दै पनि साथीहरूले मान्नु भएन तर डराउनु पर्नाको कारण मैले बुझ्न सकेको छैन ।"

एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारका परराष्ट्रमन्त्री रहनुभएका उहाँको थप भनाई थियो- 'उहाँहरूले त्यतिबेला छलफल गरेर मात्रै गरौं भन्नुभयो । तर, त्यो अझै हुन सकेन । दण्डहीनता अन्त्यका लागि यसको अनुमोदन जरुरी रहेको छ ।'

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका प्रवक्ता एवम् सहमहामन्त्री अर्जुननरसिंह केसीले यो विधान पारित गर्दा भूतप्रभावी हुने हो कि भनेर माओवादी साथीहरू डराइरहेको जस्तो देखिएको छ र अन्य दलहरूमा पनि पछि कुनै गल्ती हुने हो कि भन्ने अन्तरनिहित डर रहेको जस्तो देखिएको छ भन्नुभयो । उहाँले नेपाली कांग्रेस मानवअधिकारका सबै मूल्य र मान्यताप्रति प्रतिबद्ध रहेको बताउँदै यस बारेमा अन्य दलहरूसँग आगामी दिनमा आवश्यक छलफल गरेर अघि बढ्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा बोल्दै एआई नेपालका संस्थापक तथा वरिष्ठ मानवअधिकारवादी नूतन थपलियाले रोमविधानको अनुमोदनले मुलुककै प्रतिष्ठा बढ्ने भएकाले सबै दलले आपसमा छलफल गरी यसको अनुमोदनका लागि पहल गर्नुपर्ने बताउनुभयो । उहाँले यसको अनुमोदनका लागि सहमति निकाल्न दलहरूसँग आह्वान पनि गर्नुभयो ।

कार्यक्रममा सभापतिको आसनबाट बोल्दै एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले रोमविधान अनुमोदनका लागि एआई नेपालले राष्ट्रपति, प्रधानमन्त्रीदेखि परराष्ट्रमन्त्रीसम्मलाई भेटेको र आगामी दिनमा यो अभियानलाई अझ अघि बढाउने धारणा राख्नुभयो ।

सो अवसरमा नेपाल बार एसोसिएसनका अध्यक्ष प्रेमबहादुर खड्काले देशमा दण्डहीनता अन्त्यका लागि सबै पक्षबाट ठोस कदम चालिनुपर्ने बताउँदै यसमा बौद्धिकता छाटेर मात्र हुँदैन भन्नुभयो । उहाँले नेपाल बार यसका लागि सक्दो सहयोग गर्न प्रतिबद्ध रहेको पनि बताउनुभयो ।

एआई नेपालका पूर्वअध्यक्ष कृष्ण कँडेलले मुलुकमा व्याप्त आपराधिक घटना निरुत्साहित गर्नका लागि पनि रोमविधानको अनुमोदन अनिवार्य रहेको बताउनुभयो । उहाँले तोकिएको समयमा मानवअधिकार मैत्री संविधान बन्ने कुरामा समेत सबै






## अन्तरक्रिया कार्यक्रमका सहभागी





लाग्नुपर्ने बताउनुभयो । कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य यशोदा तिम्सिनाले एआईजस्ता मानवअधिकारवादी संस्थाहरूले उठाएका मानवअधिकारका मुद्दामा नेपाल पत्रकार महासंघको साथ रहने बताउँदै रोमविधान अनुमोदनको अभियानमा पनि साथ रहेको बताउनुभयो । उहाँले मानवअधिकार उल्लंघनका कुरा उठाउँदा राज्यतर्फका मात्र होइन, अन्य पक्षका पनि समानान्तर ढंगले उठाउनसमेत आग्रह गर्नुभयो ।

मानवअधिकार तथा शान्ति समाजका महासचिव गंगाधर अधिकारीले अपराधीलाई दण्डित गरिएमा अपराधकर्म निरुत्साहित हुने भएकाले रोमविधान अनुमोदन गर्नेतर्फ सबैले दबाब दिनुपर्ने बताउनुभयो ।

सो अवसरमा एआई नेपालका उपाध्यक्ष केशव सिग्देलले रोमविधानका बारेमा जानकारी गराउनुभएको थियो भने निर्देशक रामेश्वर नेपालले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

विश्वमा बढ्दै गएका नरसंहार, युद्धअपराध र मानवताविरुद्धको अपराधमा सम्बन्धित देशका राष्ट्रिय संयन्त्रहरूले त्यस्ता अपराधका दोषीलाई कारबाही नगरेका वा कारबाही गर्न नसकेका घटनाहरूमा वृद्धि हुँदै जाँदा दण्डहीनताले प्रश्रय पाएको देखिएकाले त्यस्ता अपराधमा संलग्न दोषीहरूमाथि कारबाहीको सुनिश्चितता र दण्डहीनताको अन्त्यका लागि सन् १९९८ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान पारित भएको थियो । ❖

# ठाउँठाउँबाट अनुरोध

**रोमविधान अनुमोदनको आग्रह गर्दै एआई नेपालसँग आबद्ध समूह र युथ नेटवर्कहरूद्वारा देशका विभिन्न भागमा विविध कार्यक्रम आयोजना गरिएका समाचार प्राप्त भएका छन् । प्रस्तुत छ शब्दचित्र-**

### समूह-३५, काठमाडौं




एआई नेपाल, समूह-३५, काठमाडौंले २०६६ माघ १३ गते रोमविधान अनुमोदनको आवश्यकता विषयमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा सभासद् चक्रबहादुर ठकुरी, चर्चित मानवअधिकारकर्मी कृष्ण पहाडी, एम्नेस्टी इन्टरनेसनल नेपालका सल्लाहकार लोकेश ढकाल, पूर्वअध्यक्ष कृष्ण कँडेल, उपमहासचिव उत्तम सापकोटा, निर्देशक रामेश्वर नेपाल, मानवअधिकार तथा शान्ति समाजका उपसभापति होमकान्त चौलागाईं, लोककवि अर्जुन पराजुलीलगायतले बोल्नुभएको थियो ।

### समूह-७९, लमजुङ



एआई नेपाल समूह-७९, लमजुङले रोमविधान अनुमोदनको माग गर्दै २०६६ फागुन ११ गते एक हस्ताक्षर कार्यक्रमको आयोजना गऱ्यो । सो हस्ताक्षर कार्यक्रमपछि करिब ५ सय हस्ताक्षर स्थानीय प्रमुख जिल्ला अधिकारीको कार्यालयमा बुझाइएको थियो ।

### समूह-१८, काठमाडौं




एआई नेपाल समूह-१८, काठमाडौंले २०६६ सालको महाशिवरात्रिको अवसर पारेर फेब्रुअरी १२, २०१० का दिन वनकालीमा रोमविधान अनुमोदनसम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । एआई नेपाल समूह-१८ र ओम प्राकृतिक योग तथा आध्यात्मिक परामर्शको संयुक्त आयोजनामा गरिएको सो कार्यक्रमको अध्यक्षता समूह १८ का संयोजक ओमकृष्ण केसीले गर्नुभएको थियो ।

## समूह-६१, पाटन



एआई नेपाल समूह-६१, पाटनले २०६६ फागुन ७ गते प्रजातन्त्र दिवसको सन्दर्भ पारेर दण्डहीनता अन्त्य गर्न आग्रह गर्दै एक कार्यक्रमको आयोजना गऱ्यो । सो कार्यक्रम बागडोल भलाइ कोषको समेत सहयोगमा आयोजना गरिएको थियो । कार्यक्रममा एआई नेपालका उपाध्यक्ष केशव सिग्देल, सो समूहका सल्लाहकार ओमराज ढकाल, समूहका संयोजक अरुणकुमार वज्राचार्य र सचिव नवराज कार्कीलगायतले पनि बोल्नुभएको थियो ।

## समूह-६६, दाङ

एआई नेपाल समूह-६६ दाङको आयोजनामा २०६६ फागुन १३ गते तुल्सीपुरमा रोमविधान अनुमोदनको आग्रह गर्दै नेपाल सरकारलाई दबाब दिन प्रधानमन्त्रीलाई पत्रलेखन कार्यक्रमको आयोजना गरियो । समूह संयोजक माधवप्रसाद लामिछानेले शुभारम्भ गर्नुभएको सो कार्यक्रममा २ सय जनाले हस्ताक्षर गर्नुभएको थियो ।



## समूह-५४, पोखरा

एआई नेपाल समूह-५४, पोखराको आयोजनामा २०६६ पुस २५ गते फौजदारी अदालतको रोमविधान अनुमोदनको आग्रह गर्दै एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरियो । समूह संयोजक रामराज लामिछानेको



अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठले गर्नुभएको थियो ।

## समूह-७२, पनौती

एआई नेपाल समूह-७२, पनौतीले रोमविधान



अनुमोदनको आग्रह गर्दै बाह्रवर्षे मकर मेलाको अवसर पारेर २०६६ माघ ९ देखि १४ गतेसम्म पनौतीको ब्रह्मायणी मन्दिरनजिकै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गऱ्यो । सो अवसरमा ५ हजारभन्दा बढी हस्ताक्षर संकलन गरिएको थियो ।

## समूह-१२, बुटवल

एआई नेपाल समूह-१२ बुटवलले रोमविधान

अनुमोदनका लागि उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजाता कोइरालालाई सम्बोधन गरिएको पत्रमा हस्ताक्षर कार्यक्रमको आयोजना गऱ्यो । २०६६ पुसको अन्तिम साता राष्ट्रिय औद्योगिक प्रदर्शनी एवम् पर्यटन महोत्सव-२०६६ स्थलमा एआई नेपालले एउटा स्टलसमेत राखेर सो हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको हो । १२ दिनसम्म चलेको सो कार्यक्रममा करिब ४ हजार हस्ताक्षर संकलन गरिएको थियो ।

## निर्माणाधीन समूह, दोलखा



एआई नेपाल निर्माणाधीन समूह दोलखाले प्रमुख जिल्ला अधिकारीमार्फत उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजाता कोइरालालाई एक ज्ञापनपत्र बुझाई रोमविधान अनुमोदन गर्न आग्रह गरेको छ । यस्तै सोही समूहले २०६६ फागुन २५ गते दोलखाको सदरमुकाम चरिकोटमा छलफल कार्यक्रमको पनि आयोजना गरेको थियो।

## समूह-७३, विराटनगर

एआई नेपाल समूह-७३, विराटनगरले रोमविधान अनुमोदनको आग्रह गर्दै २०६६ पुस १८ गते एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गऱ्यो । समूह-७३ का संयोजक



विमल राजभण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख आतिथ्य एआई नेपालका पूर्वअध्यक्ष प्रदीप पोखेलले गर्नुभएको थियो भने विशेष अतिथिका रूपमा एआई नेपालका केन्द्रीय सदस्य डिकप्रसाद घिमिरे सहभागी हुनुहुन्थ्यो । सो अवसरमा कुल १ हजार हस्ताक्षर संकलन गरिएको थियो ।

## समूह-६१, पाटन

एआई नेपाल समूह -६१, ललितपुरले २०६६ माघ




२ गते काठमाडौंको वसन्तपुर डबलीमा रोमविधान अनुमोदनको आग्रह गर्दै २० मिटर कपडामा हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गऱ्यो । संकलित हस्ताक्षर २०६६ माघ १७ गते परराष्ट्रमन्त्रीको कार्यालयमा बुझाइएको समूह संयोजक अरूणकुमार वज्राचार्यले जानकारी गराउनु भएको छ। ❖

## बंगलादेश १११औं राष्ट्र

बंगलादेश मार्च २३, २०१० का दिन रोमविधान अनुमोदन गरी सो विधान अनुमोदन गर्ने पहिलो दक्षिण एसियाली राष्ट्र बन्न पुगेको छ । अब सो विधान अनुमोदन गर्ने राष्ट्रको संख्या १११ पुगेको छ । यस अघि चेक रिपब्लिकले १ अक्टोबर २००९ मा र चिलीले १ सेप्टेम्बर २००९ मा सो विधान अनुमोदन गरेका थिए ।

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) का अध्यक्ष साङ्ग ह्युन सङ्गले बंगलादेश सो विधान अनुमोदन गर्ने पहिलो दक्षिण एसियाली मुलुक भएकोमा सराहना गर्नुभएको छ । बंगलादेशले रोमविधानमा सन् १९९८ को जुलाई १७ का दिन हस्ताक्षर गरेको भए पनि झन्डै एक दशक लामो नागरिक समाज र संघसंस्थाको दबाबपछि यसपालि सो विधान अनुमोदन गरेको हो ।

# महिला अधिकार दिवस मनाइयो

**१००औं अन्तर्राष्ट्रिय महिला अधिकार दिवस ८ मार्च २०१० का दिन एआई नेपालसम्बद्ध विभिन्न समूह र युथ नेटवर्कहरूद्वारा विभिन्न कार्यक्रम आयोजना गरिएका समाचार प्राप्त भएका छन् । प्रस्तुत छ, सो सम्बन्धी शब्दचित्र :**

## समूह-८०, काठमाडौं




एम्नेस्टी इन्टरनेसनल नेपालले १००औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भ पारेर महिला मानवअधिकार रक्षकको सुरक्षाको माग गर्दै मार्च ८, २०१० का दिन राजधानीमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । सो अवसरमा बोल्दै एआई नेपालका कोषाध्यक्ष रश्मिला भोछिभोयाले महिलाको हकहितका बारेमा कुरा उठाउने रक्षकहरूलाई जतातत्तै असुरक्षा उत्पन्न भइरहेकाले यसतर्फ राज्यले ध्यान दिनुपर्ने बताउनुभयो ।

त्यसै गरी एआई नेपालका पुनरावेदन समितिका सदस्य विमला गौतमले अधिकार लिनेले नै आफ्नो अधिकारका बारेमा नबुझ्नेसम्म महिलाको हकहित संरक्षण हुन नसक्ने बताउनुभयो । उहाँले महिलाअधिकार रक्षकहरू असुरक्षित रहेकाले त्यसतर्फ सबै तहबाट ध्यान दिइनुपर्ने उल्लेख गर्नुभयो । उहाँले महिलाअधिकारका बारेमा पुरुषले पनि बुझेर त्यसैअनुसार काम गर्नुपर्ने धारणा राख्नुभयो ।

एआई नेपाल समूह-८० का संयोजक सूर्यबहादुर अधिकारीको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा एआई नेपालका सल्लाहकार लोकेश ढकाल, उपमहासचिव उत्तम सापकोटा, केन्द्रीय सदस्य राजन कुइँकेल, निर्देशक रामेश्वर नेपाललगायतको सहभागिता रहेको थियो । कपनस्थित जोसेफ बोर्डिङ स्कुलमा आयोजित सो कार्यक्रममा सो विद्यालयका विद्यार्थी र शिक्षकको पनि सहभागिता रहेको थियो ।

## निर्माणाधीन महिला समूह, जनकपुर

एआई नेपाल निर्माणाधीन महिला समूह जनकपुरले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा ८ मार्च, २०१० का दिन हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गर्‍यो । एआई नेपालका महासचिव शम्भु ठाकुरको अध्यक्षतामा आयोजित सो कार्यक्रममा महिलाहरूको अधिकार सुनिश्चित गरियोस् भन्ने मूल नाराका साथ हस्ताक्षर संकलन गरिएको थियो । कार्यक्रममा सयौं हस्ताक्षर संकलन गरिएको सो समूहका संयोजक इन्दिरा चौधरीले जानकारी गराउनुभएको छ ।

## निर्माणाधीन महिला समूह, गोरखा




एआई नेपाल निर्माणाधीन महिला समूह गोरखाले २०६६ फागुन २३ गते अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा 'समानअधिकार र समान अवसर सबैको प्रगतिको आधार' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । समूहकी संयोजक मञ्जु अर्यालको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि जिल्ला न्यायाधीश प्रभा बस्नेत हुनुहुन्थ्यो । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद भण्डारी, प्रहरी नायब उपरीक्षक विष्णु केसी, जिल्ला शिक्षा अधिकारी योगराज भट्टराई, महिला विकास अधिकृत अञ्जना पौडेल, मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य थानेश्वर दुवाडी, सोही संस्थाका जिल्ला अध्यक्ष यदु अधिकारी, सचिव सीताराम तिवारी, लोकतान्त्रिक महिला समूहकी अध्यक्ष सरुणा पोखेल, नेपाल शिक्षक संघ जिल्ला कार्यसमितिकी महिला उपाध्यक्ष साधना त्रिपाठी, नेपाल महिला संघकी जिल्ला अध्यक्ष रविकला खनाल, अनेमसंघका अध्यक्ष सानुमाया बस्नेतलगायत हुनुहुन्थ्यो । सो अवसरमा वक्ताहरूले नेपालमा महिलाहरूले पीडित भएर बस्न नहुने र आफ्ना अधिकारका बारेमा स्पष्ट कुरा राख्नुपर्ने कुरामा जोड दिएका थिए । जिल्लामा महिला दिवस संयुक्त रूपमा मनाउन प्रमुख जिल्ला अधिकारी कमलमणि काफ्लेको अध्यक्षतामा गठित मूल समारोह समितिमा एआई नेपाल निर्माणाधीन समूह गोरखाको पनि सहभागिता रहेको थियो ।

## समूह-४५, पाँचथर

१००औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा एआई नेपाल विश्वकञ्चन समूह-४५ ले घरेलु हिंसा र महिला मानवअधिकार विषयक गोष्ठी सम्पन्न गर्‍यो । पाँचथरको याङनाम गाविसस्थित स्वास्थ्यचौकीमा आयोजित कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै एआईको परिचय बारेमा मधु जवेगुले प्रकाश पार्नुभएको थियो । प्रमुख अतिथिका रूपमा महिला सशक्तीकरण समाज याङनामका अध्यक्ष विना थाम्सुहाङले महिला शिक्षित भएमा परिवार नै शिक्षित हुन्छ तर पुरुष मात्र शिक्षित भएमा उसको व्यक्तित्व मात्र विकास हुन्छ, त्यसैले महिला तथा घरेलु हिंसा रोक्न सर्वप्रथम महिला शिक्षामा जोड दिनु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा विशेष अतिथि नेपाली कांग्रेस जिल्ला सदस्य पर्शुराम जवेगु, अतिथिहरू खलंगाटार उ.मा.वि.का.विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बुद्धिमान जवेगु, कञ्चनजंघा कृषि सहकारी संस्थाका अध्यक्ष डी.वी. हाङसुरुम्बा, पत्रकार मधु केरुङ, श्यामाकुमारी जवेगु, याङनाम स्वास्थ्यचौकी इन्चार्ज चन्द्रनारायण चौधरीलगायतका स्थानीय अगुवाले सो अवसरमा मन्तव्य राख्नुभएको थियो ।

## समूह- २२, ७०, ८६ र ८७, झापा



काकडभिट्टास्थित महिला समूह २२, ७०, ८६ र ८७ को आयोजनामा अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा ८ मार्च २०१० का दिन एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । ❖



# महिलाका लागि काम गर्दैछौं

**- सर्वदेव ओझा, मन्त्री -**
*महिला, बालबालिका तथा समाज कल्याण*

**महिला, बालबालिका तथा समाज कल्याणमन्त्री सर्वदेव ओझा २७ वर्ष सरकारी सेवा पूरा गरेर अहिले राजनीतिमा हुनुहुन्छ । सुब्बाबाट निजामती सेवामा प्रवेश गर्नुभएका उहाँ स्थानीय विकास अधिकारी भएपछि सो सेवाबाट बाहिरिनुभएको हो । संविधानसभाका लागि भएको पछिल्लो निर्वाचनमा बाँके-३ बाट नेपाली कांग्रेसका नेता सुशील कोइरालालाई पराजित गर्नुभएका ५२ वर्षीय ओझा नेपालमा कर्मचारीतन्त्रका कारण सोचेअनुसार काम गर्न नसकिएको बताउनुहुन्छ । माधवकुमार नेपालको नेतृत्वको सरकारमा मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का तर्फबाट मन्त्री रहनुभएका उहाँले अभियान समाचारसँगको कुराकानीमा भन्नुभयो- 'महिलाका लागि काम गरिरहेका छौं । तर, सोचेजस्तो गर्न सकिएको छैन ।'**

**प्रस्तुत छ, उहाँसँग भएको संवादको विस्तृत विवरण :**

***विश्वले ८ मार्च २०१०का दिन १००औं अन्तर्राष्ट्रिय महिला दिवस मनायो, नेपालमा महिला हकहितको संरक्षणका लागि तपाईंको मन्त्रालयले के काम गर्दैछ त ?***

हामीले महिलाका लागि मात्र होइन बालबालिका, अपांगलगायत सबैको पक्षमा कानुनी र व्यवहारिक दुवै हिसाबले काम गरिरहेका छौं । हामीले उनीहरूका लागि समयसापेक्ष रूपमा सम्बोधनको प्रयास गरिरहेका छौं ।

***नेपालमा महिला अधिकार रक्षकहरूलाई विभिन्न पक्षबाट आक्रमण र धम्की दिइनुका साथै कतिपय मारिएका पनि छन् उनीहरूको हकमा राज्यले कसरी काम गरिरहेको छ त ?***

यसबारेमा पनि हामीले गृह मन्त्रालयसँगको संयोजनमा काम गरिरहेका छौं ।

***यहाँले काम गरिरहेको भन्नुभयो, यही बीचमा अधिकार रक्षक लक्ष्मी बोहरा, रीता महतोजस्ताको घटना सम्बोधन भएको छैन भने पछिल्लो समयमा पत्रकार टीका विष्टलाई मरणासन्न हुने गरी पिटिएको छ, यसमा के भन्नुहुन्छ ?***

हो, त्यस्ता थुप्रै दुखद घटना भएका छन् । तपाईंले भन्नुभएको कुरा सही हो । यसमा हाम्रो मन्त्रालयको मात्र दोष होइन । राज्यको अहिलेको संक्रमणकालले पनि अप्ठेरो भइरहेको छ । राज्यले चाहेअनुसार काम गर्ने वातावरण मिलिरहेको छैन । हामीले गृह मन्त्रालयसँग समन्वय गरेर काम गर्नुपर्ने तर त्यो राम्रोसँग हुन सकिरहेको छैन ।

***कतिपय महिला अधिकार रक्षकहरूले आफूमाथि आएको धम्की र भएको आक्रमणबारे प्रहरीलाई जानकारी गराउँदा पनि प्रहरीले उजुरी नै दर्ता नगरेको गुनासो आइरहेको छ नि ?***

यसमा प्रणालीगत ढंगले काम नभएर नै हो । अवस्था यस्तो छ कि कर्मचारीतन्त्रले सबै काम झुलाइरहेको हुन्छ । म लामो समयसम्म कर्मचारीका रूपमा काम गरेकोले मलाई सबै कुरा थाहा छ । कर्मचारीको कामलाई लिएर म आफैं अख्तियारमा फाइल बोकेर जान लागेको छु । धर्मपुत्रपुत्रीसम्बन्धी गलत काम गर्ने केही होमको दर्ता खारेज गरिदिनुपर्‍यो भनेर मैले सिडियो कार्यालयलाई पत्र लेखेर पठाएँ, तर दर्ता खारेज गरिएको छैन । प्रहरी र गृह मन्त्रालयका अधिकारीहरू नै यसमा मिलेका छन् । त्यसैले म अख्तियार जान लागेको हुँ । मन्त्री नै फाइल बोकेर उजुरी हाल्न अख्तियार जानुपर्ने अवस्था छ भनेपछि स्थिति कतिसम्म बिग्रेको रहेछ आफैं अनुमान गर्नुस् ।

■ ■ ■

**कर्मचारीतन्त्रले सबै काम झुलाइरहेको हुन्छ । म लामो समयसम्म कर्मचारीका रूपमा काम गरेकोले मलाई सबै कुरा थाहा छ । कर्मचारीको कामलाई लिएर म आफैं अख्तियारमा फाइल बोकेर जान लागेको छु ।**

■ ■ ■

***तपाईं पुरुष भएकाले महिला मन्त्रालयमा काम गर्न र महिला संवेदनशिलता बुझ्न अप्ठेरो परेको त होइन ?***

होइन । यो बेकारको कुरा हो । महिला नभई पुरुष मात्र भएर पनि हुँदैन । पुरुष नभई महिला मात्र कराएर पनि हुँदैन । समाजलाई अगाडि बढाउन दुवैको योगदान हुनु जरुरी छ । त्यसैले केही मान्छेले भनेभनैं महिला मन्त्रालयमा पुरुष मन्त्री हुनुहुँदैन भन्ने कुरा गलत हो ।

***तपाईंहरू काम गरिरहेको भन्नुहुन्छ तर किन महिला हिंसाका घटना दोहोरिइरहेका होलान् ?***

यो सबै संस्कार अनि मूल्य र मान्यताका कारण पनि हो । अछामको घटनामा एकजना महिलाले आफूमाथि बलात्कार भयो भनेर भन्दा पनि उनले अझै न्याय पाउन सकेकी छैनन् । कुनै महिलाले यस्तो कुरा गर्दासमेत दोषीलाई कारबाही गरिएको छैन । नेपालको अवस्थामा ठूलै पीडा नपरेसम्म महिलाहरू यसरी खुलेर उजुरी गर्न जाँदैनन् ।

***तपाईं मन्त्री हुनुहुन्छ दोषीलाई कारबाही गर्न कसले रोक्यो त ?***

हेर्नुस् यो मैले मात्रै गरेर हुँदैन । अन्य थुप्रै सरकारी संयन्त्रको संयोजनकारी भूमिकाबाट मात्रै काम गर्न सकिन्छ ।

***महिला हकहितका सम्बन्धमा थप कानुनी व्यवस्थाको तयारीमा हुनुहुन्छ कि ?***

हामी आवश्यकताअनुसार कानुन ल्याउछौं र भएकालाई कार्यान्वयन गर्न पनि प्रतिबद्ध छौं । तर, कानुन ल्याएर मात्र पनि हुँदैन, सबैभन्दा पहिले त हाम्रो मानसिकता बदलिनुपर्छ ।

***महिला हकहितका लागि तपाईं मन्त्री भएपछि के चाहिँ गर्नुभयो त ?***

हामीकहाँ महिलाका विषयमा कुरा गर्ने धेरै छन् । तर, काम हुन सकेको छैन । एनजीओ/आईएनजीओहरू ठूला तारे होटलमा कार्यक्रम गर्छन् तर त्यसले हुम्ला-जुम्लाका महिलालाई छोएको हुँदैन । एनजीओ/आईएनजीओका प्राथमिकता नेपालको ग्रामीण तहका महिलाहरूको उत्थानसँग मेल खाइरहेको छैन । पहिला त यो कुरा मिल्नुपर्‍यो । हामी सधैं उनीहरूको भनाइअनुसार चल्ने कुरा हुँदैन ।

***सम्बद्ध मन्त्री भएकाले तपाईं यसमा कसरी संयोजनकारी भूमिका खेल्दै हुनुहुन्छ त ?***

म गरिरहेको छु । उनीहरूलाई ग्रामीण तहका महिलाको उत्थानका लागि लाग्नुपर्ने वातावरण सिर्जना गर्न लागिरहेको छु । हामीले उनीहरूका आवश्यकताअनुसार काम गरिदिनुपर्ने पहिलाको स्थितिलाई हटाएर नेपालको अवस्थाअनुसार काम गर्नुपर्ने अवस्थामा ल्याउने सोचमा रहेको छु । हामी उनीहरूका कामतिर मात्र नलागी हाम्रा एजेन्डामा उनीहरूलाई ल्याउँछौं ।

***एनजीओ/आईएनजीओको कामले केही भएको छैन त ?***

केही भएको होला, तर हाम्रो आवश्यकताअनुसार काम हुन सकिरहेको छैन । विदेशीले पनि यहाँ बिगारिरहेका छन् । उनीहरूले पनि यस्तै एनजीओ/आईएनजीओलाई पैसा बाँडिरहेका छन्, महत्व दिइरहेका छन् । जस्तो हालै महिला विषयलाई लिएर न्युयोर्क जानेबेलामा हामीले एक जना सहसचिव थप्नुपर्‍यो भन्दा चाहिँ गाह्रो मानियो । तर, नेपालबाटै त्यहाँ एनजीओ/आईएनजीओमा काम गर्ने दर्जनौं महिला पुगिसकेका रहेछन् । अब हेर्नु त सरकारले भन्दा बढी काम ती एनजीओ/आईएनजीओले गरेका होलान् त ।

***उनीहरू विदेश जानै हुँदैनथ्यो ?***

मैले त्यसो भनेको होइन । विदेशीहरूले नेपाल सरकारलाई भन्दा पनि बढी एनजीओ/आईएनजीओलाई महत्व दिए मात्र भनेको हो । यहाँका केही टाठाबाठा महिलालाई विदेश लग्दा नेपालका ग्रामीण तहका महिलालाई त कुनै पनि सकारात्मक सहयोग पुग्नेवाला छैन । उनीहरूको अवस्था जहाँको त्यहीँ हुन्छ ।

***उसो भए के हुन सक्छन् त ग्रामीण महिलालाई उत्थान गर्ने उपाय ?***

यसका लागि गरिबी निवारण, बालबालिकाको शिक्षाजस्ता कुरा ग्रामीण तहमा अगाडि बढाउनु आवश्यक छ । बालबालिकाको शिक्षाले प्रकारान्तरमा महिलालाई पनि शिक्षित गर्न मद्दत गर्दछ । यसका लागि स्थानीय एनजीओ/आईएनजीओ लगायतको पनि सहयोग लिन सकिन्छ । ग्रामीण तहमा उनीहरूलाई पनि परिचालन गर्न सकिन्छ । कानुनले मात्रै पनि सबै कुरा हुन सक्दैन । यसो भएर हरेक स्थानीय तहमा आवश्यक संयन्त्र बनाउने लक्ष्य मन्त्रालयको रहेको छ ।

***अनि के नेपालमा महिला अधिकार रक्षकले सधैं पीडा खेपिरहनुपर्ने हो ?***

त्यसो होइन । राज्यले सकेसम्म गर्छ । तर, देश संक्रमणबाट गुज्रनु परेकोले गर्दा सोचेजस्तो काम हुन सकेको छैन । जतिसक्दो चाँडो देशको तरलता अन्त्य भएपछि र नयाँ संविधान बनेपछि नै स्थितिमा सुधार आउनेछ । यसतर्फ हामी सबैको पहल हुनु जरुरी छ । ❖

■ ■ ■

**पुरुष नभई महिला मात्र कराएर पनि हुादैन । समाजलाई अगाडि बढाउन दुवैको योगदान हुनु जरुरी छ । त्यसैले केही मान्छेले भनेझैं महिला मन्त्रालयमा पुरुष मन्त्री हुनुहुादैन भन्ने कुरा गलत हो ।**

■ ■ ■

# मानवअधिकार दिवसमा विविध कार्यक्रम

**अन्तर्राष्ट्रिय मानवअधिकार दिवस नेपालमा १० डिसेम्बर २००९ का दिन विभिन्न कार्यक्रमका साथ मनाइयो । सो अवसरमा एआई नेपाल सम्बद्ध समूह र युथनेटवर्कहरूद्धारा देशका विभिन्न भागमा कार्यक्रमका गरिएका समाचार प्राप्त भएका छन् :**

## समूह-६४ र क्रिएटिभ युथ नेटवर्क चितवन



एआई नेपाल समूह-६४ र क्रिएटिभ युथ नेटवर्क, चितवनले अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भ पारेर डिसेम्बर १०का दिन दीप प्रज्वलन कार्यक्रमको आयोजना गरे । सो कार्यक्रमको अध्यक्षता समूह-६४ का सचिव धनप्रसाद रेग्मीले गर्नुभएको थियो भने स्वागत र उद्घाटन मन्तव्य क्रमश: समूह-६४ का सदस्य वीरेन्द्र चौधरी र क्रिएटिभ युथ नेटवर्कका संयोजक प्रकाशकुमार बर्नवालले दिनुभएको थियो ।

## समूह-६९,सुर्खेत

६१ औं विश्व मानवअधिकार दिवसको अवसरमा एआई नेपाल, काँक्रेबिहार युथ नेटवर्क तथा समूह-६९, सुर्खेतले २०६६ मंसिर २५ गते वीरेन्द्रनगरमा शान्ति ऱ्यालीको आयोजना गऱ्यो। मानवअधिकार र एम्नेस्टी इन्टरनेसनल सम्बन्धी



विभिन्न प्लेकार्डसहित स्थानीय मंगलगढी चोकबाट सुरु भएको शान्ति ऱ्याली बजारका विभिन्न भाग परिक्रमा गरी वीरेन्द्रचोकमा पुगेर समापन भएको थियो ।

शान्ति ऱ्याली सुर्खेतस्थित मानवअधिकारसँग सम्बन्धित संस्थाहरू इन्सेक, मानवअधिकार संगठन, मानवअधिकार तथा शान्ति समाज, मानवअधिकार तथा जनउत्थान केन्द्र, मानवअधिकार एलायन्सलगायतका संघसंस्थासँग समन्वय गरेर निकालिएको थियो ।

## सुन्दर बजार युथ नेटवर्क र समूह-२७, लमजुङ

लमजुङस्थित सुन्दरबजार युथ नेटवर्क र समूह-२७ ले अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भ पारेर डिसेम्बर १०, २००९ का दिन शान्ति ऱ्याली तथा कोणसभा कार्यक्रमको संयुक्त रूपमा आयोजना गरेका छन् । कार्यक्रममा सो क्षेत्रका १ सय ५० जना व्यक्तित्वहरूको सहभागिता रहेको थियो । कार्यक्रममा युथ नेटवर्कका संयोजक अनिल अधिकारी, एआई समूह-२७ का संयोजक रामकृष्ण भण्डारी, युथ नेटवर्क नेसनल वर्किङ ग्रुपकी सदस्य एलिना अधिकारी, कृषि तथा विज्ञान अध्ययन संस्थानका क्याम्पस प्रमुखलगायतको सहभागिता रहेको थियो ।  कार्यक्रममा सहभागीहरूले आगामी संविधानमा मानवअधिकारको सुनिश्चितताका लागि आग्रह गरेका थिए ।

## समूह-६६, दाङ

एआई नेपाल समूह-६६, दाङ र जुनियर रेडक्रस सर्कल उमाविको संयुक्त आयोजना र अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा जिल्लास्तरीय अन्तरमावि लोकगीत प्रतियोगिताको आयोजना गरियो । समूह-६६ का संयोजक माधव लामिछानेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रम सो उमाविका निमित्त प्रअ नारायण देवकोटाको

अध्यक्षतामा भएको थियो । कार्यक्रममा दाङका २१ वटा विद्यालयको सहभागिता रहेको थियो । शिक्षक गिरिप्रसाद भट्टराईले सञ्चालन गर्नुभएको कार्यक्रममा शिक्षक सुशीला सुवेदीले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमका अन्य वक्तमा शिक्षक लेवेन्द्र केसी, समूह-६६ का कार्यक्रम संयोजक खुमानन्द अधिकारी, कुशल ततिललगायत हुनुहुन्थ्यो । प्रतियोगितामा मावि हर्नोककी छात्रा मनीषा सुनुवार, बुद्ध निमावि शान्तिनगरकी छात्रा यशोदा विक र मावि कालाखोलाकी छात्रा विन्दु परियारले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका थिए । प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ५ सय, ३ सय र २ सय रूपैयाँ नगद पुरस्कार प्रमुख अतिथिले प्रदान गर्नुभएको थियो ।

## समूह-८२,पोखरा

एआई नेपाल समूह-८२, पोखराले विश्व मानवअधिकार दिवसको सन्दर्भमा दक्षिण कोरियामा मृत्युदण्ड अन्त्यको आग्रह गर्दै एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गऱ्यो । कोरियाका न्यायमन्त्रीलाई सम्बोधन गरिएको पत्र काठमाडौंस्थित कोरियाली दूतावासमा पठाइएको थियो ।

## वाराही युथ नेटवर्क, पोखरा

अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा एआई नेपाल वाराही युथ नेटवर्कद्वारा दक्षिण कोरियामा मृत्युदण्ड पुनः लागू नगर्न आग्रह गर्दै त्यहाँका न्यायमन्त्रीलाई लेखिएको पत्रमा हस्ताक्षर




कार्यक्रमको आयोजना गरियो । एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठले सो कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रम समूह-८२ का संयोजक पुण्यप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो । वाराही युथ नेटवर्कका उपसंयोजक कोपिला पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा संकलित हस्ताक्षर काठमाडौंस्थित कोरियाली दूतावासमा पठाइएको छ ।

## समूह-६३, इटहरी



एआई नेपाल समूह-६३, इटहरीले अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भ पारेर १० डिसेम्बर २००९ का दिन एक प्रभातफेरि कार्यक्रमको आयोजना गऱ्यो । प्रभातफेरिका सहभागीहरूले विभिन्न प्लेकार्डसमेत बोकेका थिए । सो अवसरमा एआईका पूर्वउपमहासचिव राजनारायण मण्डलले मानवअधिकारको संरक्षणका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदनका लागि सम्पूर्ण नगरवासीमा आह्वानसमेत गर्नुभएको थियो । सोही साँझ इटहरी चोकमा दीपावली गरी सो दिवस मनाइएको थियो ।

कार्यक्रममा समूह संयोजक, उपसंयोजक, सचिव, सहसचिव, इटहरी युथ नेटवर्कका संयोजक र दुहबी युथ नेटवर्कका संयोजक क्रमशः कवीन्द्र मण्डल, हरिकान्त साह, तिलकराम चौधरी, आनन्द पोखेल, पूर्णिमा प्याकुरेल, सुजाता राई, सुरेश वाग्ले, विजय मण्डल, मिलन बुढाथोकी र खुसिला ओझालगायतको सहभागिता रहेको थियो । ❖

# मानवअधिकार र एआईबारे प्रशिक्षण

**एआई नेपाल सम्बद्ध समूह र युथनेटवर्कहरूद्वारा देशका विभिन्न ठाउँमा प्रशिक्षण कार्यक्रम आयोजना गरिएका समाचार प्राप्त भएका छन् :**

## नेसनल कलेज युथनेटवर्क, काठमाडौं



एआई नेपालअन्तर्गत नेसनल कलेज काठमाडौंमा अध्ययनरत विद्यार्थीहरू आबद्ध युथ नेटवर्कका सदस्यहरूका लागि २०६६ फागुन २८ गते एक अनुशिक्षण कार्यशाला आयोजना गरियो। एम्नेस्टी इन्टरनेसनलको संस्थागत परिचय गराउनुका साथै मानवअधिकार तथा मानवीय कानुनका बारेमा संक्षिप्त जानकारी गराउने उद्देश्यले आयोजित सो कार्यक्रममा उक्त नेटवर्कबाट १६ जनाको सहभागिता रहेको थियो। एआई नेपालका निर्देशक रामेश्वर नेपालले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो।

## समूह-८२, पोखरा



एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-८२ पोखरा र राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय पोखराले संयुक्त रूपमा पोखराका विभिन्न सरकारी तथा निजी विद्यालयमा सामाजिक विषय पढाउने शिक्षकहरूका लागि मानवअधिकार कार्यक्रम सम्पन्न गऱ्यो। उक्त कार्यक्रममा ३० शिक्षकको सहभागिता रहेको थियो।

तालिमको उद्घाटन गर्दै एम्नेस्टी इन्टरनेसनल समूह-८२ का संस्थापक संयोजक एवम् सल्लाहकार हेरम्बप्रसाद कोइरालाले तालिमले मानवअधिकारसम्बन्धी ज्ञान प्रदान गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले मानवअधिकारको संरक्षण कुनै एक संस्थाले मात्र गर्न नसक्ने भएकाले सबै व्यक्ति, समाज र संस्था गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो। एम्नेस्टी इन्टरनेसनल नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठले मानवअधिकारको अवस्था चिन्ताजनक भए पनि राज्य शान्तिसुरक्षाप्रति संवेदनशील नरहेको कुरा बताउनुभयो। नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय उपसभापति गंगाधर पराजुलीले विद्यालयहरूमा शिक्षकले विद्यार्थीलाई शारीरिक तथा मानसिक यातना दिने गरेको वर्तमान अवस्थामा मानवअधिकार शिक्षाले त्यसमा सुधार ल्याउने विश्वास व्यक्त गर्नुभयो।

तालिम उद्घाटन समारोहमा प्याब्सन कास्कीका उपाध्यक्ष नीतेश कोइराला, शान्तिका लागि नागरिक समाजको सञ्जालका सदस्य सरला पाण्डेलगायतले मानवअधिकारको संरक्षणका लागि खेल्नुपर्ने भूमिकाको चर्चा गर्नुभएको थियो। सो कार्यक्रममा एआई नेपाल समूह-८२ का उपसंयोजक देवमणि भण्डारीले स्वागत मन्तव्य र संयोजक पुण्यप्रसाद पौडेलले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रमको सञ्चालन कार्यक्रम संयोजक खिम गुरुङले गर्नुभएको थियो।

माविस्तरका सामाजिक विषयका शिक्षकहरूलाई दिइएको मानवअधिकार शिक्षाको प्रशिक्षकमा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारी, उपनिर्देशक दुर्गा खड्का र एआई नेपालका तर्फबाट एआई नेपालका निर्देशक रामेश्वर नेपाल हुनुहुन्थ्यो। सो अवसरमा सहभागीहरूले एआई नेपाल र राष्ट्रिय

मानवअधिकार आयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा मानवअधिकार प्रशिक्षण कार्यक्रमको समय अलि लामो राखी मानवअधिकारका बारेमा अझ व्यापक ज्ञान हासिल गर्ने अवसर प्रदान गर्न अनुरोधसमेत गरेका थिए ।

## समूह-१४, उर्लाबारी

अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा १० डिसेम्बर २००९ का दिन एआई नेपाल समूह-१४, उर्लाबारीले बालअधिकार र मानवअधिकारका विषयमा एक प्रशिक्षण कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा स्थानीय नमुना बालआश्रममा रहेका ३० जना बालबालिकालाई प्रशिक्षण दिइएको थियो । साथै स्थानीय महिलाहरूलाई महिलाअधिकारबारे प्रशिक्षण पनि दिइएको थियो ।

कार्यक्रममा २५ महिलाको सहभागिता रहेको थियो । कार्यक्रमको प्रमुख अतिथि एआई नेपाल पुनरावेदन समितिका सदस्य ऋषिकेश खनाल हुनुहुन्थ्यो भने



कार्यक्रमको अध्यक्षता समूहका कार्यवाहक संयोजक गणेशबहादुर खत्रीले गर्नुभएको थियो । समूहका कोषाध्यक्ष मीना बरालले स्वागत मन्तव्य व्यक्त गर्नुका साथै प्रदीप खनालले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

## समूह-५८, बिर्तामोड




एआई नेपाल समूह-५८, बिर्तामोडको आयोजनामा २०६६, पुस २५ गते एकदिवसीय प्रशिक्षण कार्यक्रमका अतिरिक्त परिचयात्मक र वनभोज कार्यक्रम स्थानीय जामुनखाडी सिमसार क्षेत्रमा आयोजना गरियो । एआई नेपालका अध्यक्ष हेमकुमार खड्काको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा ध्रुवकुमार कार्की, डा.चूडामणि शिवाकोटी, लोकनाथ पौड्याल र कुमार बस्नेतले प्रशिक्षण दिनुभएको थियो । समूह-५८ का संयोजक सुरेशकुमार अग्रवाल (भद्रपुरे) को अध्यक्षतामा आयोजित कार्यक्रममा देवीभक्त श्रेष्ठ, मोहनप्रसाद ओली, कञ्चना सिटौला, प्रमिला गुरागाईं, विन्दु श्रेष्ठ, राधाकृष्ण अधिकारी र सूर्य नेपालले पनि बोल्नुभएको थियो । छत्रभूषण दाहाल र पद्मसुन्दर लामिछानेले सञ्चालन गर्नुभएको कार्यक्रममा महिला र पुरुष गरी ७१ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको अन्त्यमा प्रमुख अतिथिले सहभागी सबैलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । ❖

# समवेदना

जन्म : १९९१ असार ७ गते
स्वर्गारोहण : २०६६ मंसिर १८ गते

**एआई नेपाल समूह-५४, पोखराका सहसचिव होमनाथ कोइरालाकी माता खिममाया कोइरालाको निधनले हामीलाई दुःखी बनाएको छ । हामी दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**





# संस्थागत मूल्यांकन कार्यशाला



एम्नेस्टी इन्टरनेसनल नेपालको संस्थागत सबलीकरण मूल्यांकनका लागि एक कार्यशाला आयोजना गरियो । Organizational Strength Self Assessment विषयक उक्त कार्यशाला २०६६ माघ २९ देखि फागुन १ सम्म सञ्चालन भएको थियो ।

एआई नेपालका राष्ट्रिय कार्यसमिति, पुनरावेदन समिति, राष्ट्रिय सचिवालय, स्थानीय समूह तथा युथ नेटवर्क नेसनल वर्किङ ग्रुपबाट १८ जनाको कार्यक्रममा सहभागिता रहेको थियो । कार्यशालाको सहजीकरण एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयस्थित एसिया क्याम्पेन कोअर्डिनेटर रवर्ट गोडले गर्नुभएको थियो ।





# जापान : मानसिक रूपमा बिरामी बन्दीलाई मृत्युदण्ड बन्द गर

**जापानमा मानसिक रूपमा बिरामी बन्दीलाई समेत मृत्युदण्ड दिने गरिएको छ । एम्नेस्टी इन्टरनेसनल मृत्युदण्डको विश्वव्यापी उन्मूलनमा अभियानरत रहेको छ । तसर्थ यसले जापानले पनि मृत्युदण्ड उन्मूलन गरोस् भनेर अभियान सञ्चालन गर्दै आएको छ ।**

**यसैबीच एम्नेस्टी इन्टरनेसनलको एसिया प्यासिफिक युथ नेटवर्कले एक विशेष अभियान थालनी गरी जापानमा मानसिक रूपमा बिरामी बन्दीहरूलाई समेत मृत्युदण्ड दिइने गरिएकोमा त्यस्तो कार्य तत्काल बन्द गर्न आह्वान गरेको छ । यस्तो आग्रह जापान सरकारसम्म पुऱ्याउन उक्त युथ प्रोजेक्टले खासगरी एसिया र प्रशान्तक्षेत्रका युवाहरूबाट जापान सरकारका विदेशमन्त्री चिवा कियोलाई सम्बोधन गरी अनुरोधपत्र लेखिएको पोस्टकार्डमा हस्ताक्षर संकलन गरी त्यस्ता पोस्टकार्ड प्रेषित गर्ने कार्य गरिरहेको छ । यसै अभियानअन्तर्गत एआई नेपालमा आबद्ध युथ नेटवर्कहरूले पनि हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरेका समाचारहरू प्राप्त भएका छन् :**

### काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, धुलिखेल




मानसिक बिरामीहरूलाई दिइने मृत्युदण्ड अन्त्य गर्न जापान सरकारलाई आह्वान गर्दै जापानी विदेशमन्त्रीलाई अनुरोध गर्दै लेखिएका पोस्टकार्डमा हस्ताक्षर गर्न एआई नेपालमा आबद्ध काठमाडौं युनिभर्सिटी युथ नेटवर्कले २०६६ फागुन २८ गते एक कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा हस्ताक्षरित पोस्टकार्डहरू एआई नेपालमार्फत जापानी विदेशमन्त्रीलाई पठाइएको सो नेटवर्कका संयोजक अनुग्र केसीले जानकारी गराउनुभयो ।

### नेसनल कलेज युथ नेटवर्क, काठमाडौं

मानसिक बिरामीहरूलाई दिइने मृत्युदण्ड अन्त्य गर्न जापान सरकारलाई आह्वान गर्दै जापानी विदेशमन्त्रीलाई अनुरोध गर्न लेखिएका पोस्टकार्डमा हस्ताक्षर संकलन गर्न एआई नेपालमा आबद्ध नेसनल कलेज युथ नेटवर्कले २०६६ फागुन २६ गते नेसनल कलेजमा एक कार्यक्रमको आयोजना गऱ्यो । त्यस अवसरमा सयौं युवाले पोस्टकार्डमा हस्ताक्षर गरेका थिए ।

यसैबीच एआई नेपाल प्यासिफिक युथ नेटवर्कको आयोजनामा नेसनल कलेज फर डेभलपमेन्ट स्टडिज बालुवाटारमा २०६६ फागुन २६ गतेका दिन जापानमा मानसिक रोगी कैदीलाई मृत्युदण्ड नदिन आग्रह गर्दै हस्ताक्षर कार्यक्रम आयोजना गरियो । कार्यक्रममा १ सय २७ हस्ताक्षर संकलन गरिएको थियो ।



## इटहरी युथ नेटवर्क

एम्नेस्टी इन्टरनेसनल नेपाल ग्रुप-६३ अन्तर्गतको इटहरी नेटवर्कले २०६६ फागुन २८ गते 'जापान सरकार मानसिक बिरामी बन्दीहरूलाई मृत्युदण्ड नदेऊ, मृत्युदण्ड समाधान होइन' भन्ने विषयमा इटहरीस्थित जनता बहुमुखी क्याम्पसका विद्यार्थी तथा शिक्षकहरूको हस्ताक्षर संकलन गऱ्यो । सो कार्यक्रममा दुहबी नेटवर्कका संयोजक खुसिला ओझा तथा इटहरी नेटवर्कका तर्फबाट संयोजक मिलन



बुढाथोकीलगायतको उपस्थिति थियो । उक्त कार्यक्रममा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको युथ नेटवर्कका संयोजक मिलन बुढाथोकीले जानकारी गराउनुभयो ।

## मेडिकल युथ नेटवर्क, धरान

एआई नेपाल मेडिकल युथ नेटवर्क बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले जापानमा मानसिक रोगीलाई कारागारमा मृत्युदण्ड नदिन आग्रह गर्दै एक हस्ताक्षर कार्यक्रमको आयोजना गरेको छ। युथ नेटवर्कका



संयोजक डा. मदनकृष्ण मण्डलले हस्ताक्षर गरेर सुरु भएको कार्यक्रममा २ सय ५० जनाले हस्ताक्षर गरेका थिए ।

## मेचीनगर युथनेटवर्क





एआई नेपाल मेचीनगर युथनेटवर्कको आयोजनामा जापानमा मानसिक रोगी कैदीलाई मृत्युदण्ड नदिन आग्रह गर्दै फागुन २६ गते झापामा एक हस्ताक्षर कार्यक्रमको आयोजना गरियो । कार्यक्रमको प्रमुख आतिथ्यता एआई नेपालका अध्यक्ष हेम खड्काले गर्नु भएको थियो । ❖

# समवेदना

**एआई नेपाल शिक्षक समूह-७६ का संयोजक ठाकुर काडेलको २०६६ चैत ६ गते सडक दुर्घटनामा परी घटनास्थलमै असामयिक निधन भएको खबरबाट हामी मर्माहत भएका छौं । यस दुःखद घडीमा हामी दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दछौं ।**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

# ज्यादती नगर




**एम्नेस्टी इन्टरनेसनलद्वारा मलेसियामा रहेका आप्रवासी कामदारहरूको स्थितिका बारेमा तयार पारिएको प्रतिवेदन २४ मार्च, २०१० का दिन मलेसिया र काठमाडौंमा एकैसाथ सार्वजनिक गरिएको थियो । उक्त कार्यक्रममा एआई नेपालका निर्देशक रामेश्वर नेपाल तथा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयका एसिया प्रशान्त क्षेत्रीय अभियान संयोजक रोवर्ट गोडेनले प्रतिवेदनका बारेमा जानकारी गराउनुभएको थियो । प्रतिवेदनमा आप्रवासी कामदारलाई आवश्यक मानवीय व्यवहार गर्न र कानुनमा समेत परिमार्जन गर्न सिफारिस गरिएको छ । काठमाडौंमा प्रतिवेदन सार्वजनिक गर्दै (माथि तस्वीरमा) एआई नेपालका अध्यक्ष हेमकुमार खड्का । तल सो पत्रकार सम्मेलनमा बाँडिएको प्रेस वक्तव्य जस्ताको तस्तै :**

**'नेपाली एजेन्टले मलाई भने कि मैले फोहोर सफा गर्ने काम पाउनेछु। तर, यथार्थमा मैले एजेन्टबाट कुनै पनि काम पाइन। मलाई केवल एउटा कोठामा राखियो। म पर्खी रहें......। कुनै कामविना नै म फ्ल्याटमा तीन महिनासम्म बसें। एजेन्टले हामीलाई खानका लागि कुनै रकम उपलब्ध गराएन। त्यसो हुँदा हामीले नेपालीलाई भेट्न बाहिर जानुपर्‍यो। र, उनीहरूलाई भेटेर मैले सबै कुरा भनें। त्यसपछि खानका लागि रकम जुटाएँ' -नेपाली आप्रवासी कामदार मलेसियामा।**

मलेसियाका अधिकारीहरूले कार्यस्थलमा र प्रहरीबाट आफ्नो देशमा काम गरिरहेका करिब २० प्रतिशत विदेशी कामदारहरूमा भइरहेको ज्यादती रोक्न तत्काल कदम चाल्न एम्नेस्टी इन्टरनेसनलले आग्रह गरेको छ। ट्रयाप्ड द एक्सप्लोइटेसन अफ माइग्रेन्ट वर्कर्स इन मलेसिया शीर्षकको १ सय ३ पृष्ठ लामो प्रतिवेदनमा नेपालसमेत ८ वटा दक्षिण र दक्षिण पूर्वीएसियाली मुलुकबाट कामका लागि मलेसिया पुगेका आप्रवासी कामदारहरूमा भइरहेको ज्यादतीको कुरा उल्लेख गरिएको छ। उनीहरू कामको खोजीमा त्यहाँ पुगेका हुन्। तर, उनीहरूलाई जबर्जस्ती प्रकृतिका काम लगाइनुका साथै अन्य शोषण गर्ने गरेको पाइएको छ।

'आप्रवासी कामदारहरू मलेसियाको अर्थतन्त्रका

लागि महत्वपूर्ण मानिन्छन् । तर, उनीहरूले प्रणालीगत ढंगले अन्य कामदारको तुलनामा कम मात्रै कानुनी संरक्षण पाउँछन्', प्रतिवेदनका लेखक तथा एम्नेस्टीको नीतिगत मामिलासम्बन्धी निर्देशक माइकल बोचनिकले भन्नुभयो-'एजेन्टहरू, रोजगारीदाता र भ्रष्ट प्रहरीबाट उनीहरू सिकार हुने गरेका छन् ।'

सोसम्बन्धी रिपोर्ट मार्च १४ तारेखमा काठमाडौंमा आयोजित एक पत्रकार सम्मेलनमा एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले सार्वजनिक गर्नुभएको थियो । सो अवसरमा बोल्दै अध्यक्ष खड्काले मलेसियाले विदेशी कामदारहरूमाथि मानवीय कार्य गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै एआईका क्षेत्रीय कार्यक्रम अधिकृत रबर्ट गडेनले मलेसियाले विदेशी कामदारको हकहित संरक्षणका लागि नीति र आवश्यक कानुनमा नै संरक्षण गर्नुपर्ने बताउनुभयो । सो अवसरमा एआई नेपालका निर्देशक रामेश्वर नेपालले रिपोर्टका महत्वपूर्ण पक्षबारे जानकारी दिनुभएको थियो ।

आप्रवासी कामदारहरू जो बंगलादेश, इन्डोनेसिया र नेपालबाट त्यहाँ पुगेका छन्, उनीहरूलाई जबर्जस्ती अप्ठेरो परिस्थितिमा काम लगाइने गरेको छ। उनीहरू आफ्नो इच्छाविपरीत दैनिक १२ घण्टासम्म काम गर्न बाध्य छन् । धेरैले शाब्दिक, शारीरिक र यौनजन्य ज्यादती बेहोर्नुपरेको छ। धेरैजसोले सुरक्षित काम, वर्कपर्मिट र तालिमका लागि एजेन्टलाई पर्याप्त मात्रामा रकम बुझाएका हुन्छन् । जब उनीहरू त्यहाँ पुग्छन् त्यतिबेला उनीहरू आफूलाई पहिला भनिएको भन्दा अर्कै काममा लगाइन्छन् र काम र सुविधाका बारेमा एजेन्टले भनेका कुरा अवास्तविक पाउँछन् । ज्याला, कामको प्रकृति, ती कामको अस्तित्व र त्यसको कानुनी मापदण्ड नै अवास्तविक हुन्छन् ।

धेरैजसो कामदारले त्यता जानुअघि चर्को ब्याजमा ऋण लिएका हुन्छन् र उनीहरूले त्यो तिर्न सकिरहेका हुँदैनन् । केहीको अवस्था बधुवा मजदुरको जस्तै हुने गरेको छ। सबैजसो रोजगारदाताहरूले कामदारको राहदानी लिएका हुन्छन्, जसले प्रहरीबाट गिरफ्तारीको डर हुनुका साथै उनीहरूलाई काम गरिरहेको स्थान छोड्न पनि गाह्रो हुन्छ । उनीहरूमाथि रोजगारदाताले जतिसुकै ज्यादती गरे पनि सहनुपर्ने बाध्यता हुन्छ । श्रमसम्बन्धी कानुन पूर्णरूपमा लागू गरेको पाइने गरेको छैन । र, श्रम अदालतले मुद्दा छिन्नका लागि महिनौं वा वर्षौं लगाउने गर्दछ । घरेलु कामदारहरू जो श्रमसम्बन्धी कानुनले सम्बोधन गरिएका हुँदैनन्, त्यसैले उनीहरूले अदालतमा आफ्नो समस्या लैजाने अवस्था पनि हुँदैन ।

'मलेसियाले आफ्नो देशमा रोजगारीमा रहेकालाई राम्रो व्यवहार गर्न सक्छ र गर्नु पनि पर्दछ। हरेक व्यक्ति त्यो आप्रवासी होस् वा नहोस् उसले सुरक्षित ढंगले काम गर्न पाउने समान खालको व्यवस्था कानुनमा रहेको छ' -माइकल बोचेनिकले भन्नुभयो ।

एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन के निष्कर्षमा पुगेको छ भने कतिपय कामदारहरू मानव ओसारपसारका सिकार भएका हुन् । यस्तो ज्यादतीबाट उनीहरूलाई जोगाउनु मलेसियाली सरकारको दायित्व हो । यद्यपि यसो गरिनुको सट्टा एजेन्ट नियुक्तिसम्बन्धी कानुनमा नरमपनाका कारण मानव बेचबिखन हुनुका साथै कानुन र नीति नै कामदारलाई संरक्षण गर्न असफल भएका छन् ।

**...मलेसियाले आ□नो देशमा रोजगारीमा रहेकालाई राम्रो व्यवहार गर्न सक्छ र गर्नु पनि पर्दछ । हरेक व्यक्ति त्यो आप्रवासी होस् वा नहोस् उसले सुरक्षित ढंगले काम गर्न पाउने समान खालको व्यवस्था कानुनमा रहेको छ।□**

यसबाहेक मलेसियन सरकारले अध्यागमनमा हिरासतमा परेकाहरूलाई सन् २००६ र २००९ को बीचमा थाइल्यान्डको सीमामा मानव ओसारपसारमा संलग्नलाई लगेर बुझाउने गरेको दर्जनौं घटना पनि एम्नेस्टी इन्टरनेसनलले जानकारी पाएको छ। कतिपय घटनामा मलेसियाले अत्यधिक आपराधिक सजाय दिएको कुरा पनि जानकारीमा आएको छ । ती घटना जो उचित ढंगले कागजात तयार नपार्नेका हकमा र कतिपय अवस्थामा







## तस्वीरमा पत्रकार सम्मेलन





रोजगारदाताहरूकै गल्तीका कारण कामदारले अध्यागमनसम्बन्धी समस्या बेहोर्नुपरेको छ ।

ठूलो संख्यामा सार्वजनिक स्थानमा घेराबन्दी र विनावारेन्ट जथाभावी छापा मार्ने कार्य मलेसियामा सामान्य रहेको छ । प्रहरीले आप्रवासीसँग नियमित रूपमा घूस माग्ने गरेको छ । ती कामदार जसले रकम दिन सक्दैनन् उनीहरूलाई अध्यागमन हिरासत केन्द्रमा राख्ने गरिएको छ ।

'मलेसिया सरकारले आफ्नो देशमा रहेका कामदारलाई अपराधीकरण गर्ने कार्य तत्काल रोक्नुपर्दछ', माइकल बोचेनिकले भन्नुभएको छ- 'मलेसियाली सरकारले संरक्षणको प्रभावकारी कानुन नल्याएसम्म र त्यसको कार्यान्वयन प्रभावकारी ढंगले नभएसम्म शोषण निरन्तर रहनेछ ।'

एम्नेस्टी इन्टरनेसनल मलेसिया सरकारलाई श्रमसम्बन्धी कानुन तत्काल सुधार गरी प्रहरीद्वारा कार्यस्थलमा कामदारहरूलाई गरिएका ज्यादतीको छानबिन गर्न आह्वान गर्दछ । मलेसिया सरकारले व्यक्ति ओसारपसारविरुद्धको ऐनलाई प्रभावकारी ढंगले लागू गर्नुपर्दछ ता कि ज्यादती भएको अवस्थामा जसले नियुक्त गर्छ उनीहरू, एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्ने र गलत आश्वासन दिनेलाई दण्डित गर्न सकियोस् । ❖

# मानवीय व्यवहारका लागि पहल

**एआई नेपालले मलेसियामा रहेका आप्रवासी कामदारसम्बन्धी रिपोर्ट सार्वजनिक गरेको केही दिनमै नेपालीसमेत सयौं कामदारलाई मलेसियामा पक्राउ गरिएपछि त्यसको विरोध गर्दै एआई नेपालले मार्च ३०, २०१० का दिन प्रेस वक्तव्य जारी गरेको थियो । प्रस्तुत छ, संक्षिप्त विवरण :**

सञ्चारमाध्यमले जनाएअनुसार मलेसिया सरकारले करिब १ सय ४० कामदारलाई गत साता पक्राउ गरेको छ । यो घटना एम्नेस्टी इन्टरनेसनलले कामदारहरूलाई प्रहरी र रोजगारदाताबाट भइरहेको ज्यादती र शोषणका सम्बन्धमा रिपोर्ट सार्वजनिक गरेको सेरोफेरोमा भएको छ । यो गिरफ्तारी आप्रवासीहरूमाथि धरपकडको घोषणाको एक हिस्सा हो । पक्राउ परेका कामदारहरू बंगलादेश, इन्डोनेसिया र नेपालबाट गएकाहरू छन् । उनीहरू मलेसियामा अनधीकृतरूपमा बस्दै र काम गर्दै आएका थिए । स्थानीय मिडिया रिपोर्टअनुसार गत फेब्रुअरीमा धरपकड सुरु भएपछि मलेसिया सरकारले सयौं विदेशी आप्रवासी कामदारलाई गिरफ्तार गरिसकेको छ ।

गिरफ्तारीमा पर्नेहरूलाई अत्यधिक भीड भएको हिरासतगृहमा कडाइका साथ राखिएको छ । अध्यागमनसम्बन्धी त्रुटि गर्नेहरूलाई केही जरिवाना तिराउने, जेलमा राख्ने र कतिपय मुद्दामा कोर्रा लगाउने पनि गरिएको छ ।

‘छापा मार्दा कागजात भएका र नभएका दुवैखाले कामदार प्रभावित बनेका छन्’ मलेसियामा रहेका कामदारसम्बन्धी रिपोर्टका लेखक तथा एम्नेस्टी इन्टरनेसनलका नीतिगत मामिलासम्बन्धी निर्देशक माइकल बोचेनिकले भन्नुभयो- ‘अध्यागमनको स्थिति जेसुकै भए पनि कसैलाई पनि गैरन्यायिक हिरासतमा लिन र हिरासतमा ज्यादती गर्न पाइँदैन ।’


मलेसियामा रहेका कामदारहरूको पासपोर्ट रोजगारदाताले लिएको हुन्छ र कामदार स्वयम्सँग भने फोटोकपी मात्र हुन्छ । अधिकारीहरूले फोटोकपीलाई आधिकारिक मान्यता दिंदैनन् । अक्सर अध्यागमन मामिलाको छापा मार्ने कार्यमा पिपुल्स भोलन्टियर्स कर्प्स (इकातान रेलावान वा रेला) का तालिम प्राप्त नगरेका स्वयंसेवकहरू खटिएका हुन्छन् । उनीहरू आफूले परीक्षण गरिरहेको कागजातका बारेमा पनि अनभिज्ञ हुन्छन् । तथापि उनीहरूले विनावारेन्ट निजी घरमा छिरेर शंकास्पदहरूलाई प्रश्न सोध्ने र गिरफ्तार गर्ने कार्य गरिरहेका हुन्छन् ।

शरणार्थीहरू जो म्यान्मारबाट समेत आएका छन्, उनीहरूले शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायोग (युएनएचसीआर) द्वारा प्रदान गरिएको कार्ड लगाएर बसेका छन् । उनीहरूलाई पनि यो महिना अध्यागमनले समातेको छ । मलेसियाले शरणार्थीको मान्यता स्वीकारेको छैन । तर, हालै अधिकारीहरूले युएनएचसीआरको कार्ड बोकेकाहरूलाई हिरासतमा नलिने बताएको छ ।

‘शरणार्थीलाई हिरासतमा लिने कार्य सकारात्मक नीतिगत विकासबाट पछि हट्ने कार्य हो । यस सन्दर्भमा नेपाल र मलेसियाबीच आप्रवासी कामदारको बारेमा छुट्टै सहमति हुनु जरुरी छ । र, आप्रवासीको अधिकारको सम्मान गरिनुपर्दछ । यसका लागि दुई सरकारबीच आपसी संयोजनको व्यवस्था हुनुपर्दछ । खासगरी दुवै देशमा रोजगारीसम्बन्धी एजेन्सीबाट हुने गलत व्यवहार, रोजगारदाता र सरकारी अधिकारीहरूद्वारा हुने ज्यादती रोक्न दुवै देशले प्रयास गर्नुपर्दछ’ -एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक रामेश्वर नेपालले भन्नुभयो ।

यस्तै एम्नेस्टी इन्टरनेसनलका एसिया प्यासिफिक अभियान संयोजक रोबर्ट गडेनले भन्नुभएको छ- ‘धरपकडका क्रममा पक्राउ परेकाहरू सजायका भागिदार होइनन् । हिरासतमा लिइएकाहरूलाई मानवीय व्यवहार गर्न हामी मलेसिया सरकारलाई आह्वान गर्दछौं ।’

**खासगरी दुवै देशमा रोजगारीसम्बन्धी एजेन्सीबाट हुने गलत व्यवहार, रोजगारदाता र सरकारी अधिकारीहरूद्वारा हुने ज्यादती रोक्न दुवै देशले प्रयास गर्नुपर्दछ ।**



## बनेपामा बालअधिकार कविता

एआई नेपाल समूह-४३, बनेपाले अन्तर्राष्ट्रिय बालअधिकार दिवस, २००९ को उपलक्ष्यमा २०६६ मंसिर ११ गते माध्यमिक विद्यालयस्तरीय चित्रकला तथा कविता प्रतियोगिताको आयोजना गर्‍यो ।

इतिहासकार तथा समाजसेवी ज्ञानकाजी मानन्धरको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा 'बालअधिकार' शीर्षकमा लेखिएका कवितामध्ये बेलर इन्टरनेसनल स्कुलका रोशन मञ्जुश्री अधिकारी प्रथम, शिक्षासदन माविकी मैया पहरी द्वितीय, पञ्चकुमारी उमाविका रमेश घिमिरे तृतीय र सञ्जीवनी नमुना उमाविका राम सुनुवारको कविताले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । कवितातर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार पाउनेलाई क्रमशः २ हजार, १ हजार ५ सय, १ हजार र ५ सय रूपैयाँ नगद पुरस्कार दिइएको थियो ।

यसैगरी चित्रकलातर्फ बेलर इन्टरनेसनल स्कुलका एस्मेन तामाङ प्रथम, एसओएस बाल ग्रामका रविन फैजु द्वितीय, सोही स्कुलकी संगीता श्रेष्ठ तृतीय र प्रगति प्रभात उमाविका आशिषकुमार श्रेष्ठले सान्त्वना पुरस्कार पाउनुभएको थियो । चित्रकलातर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वनाले क्रमशः १ हजार ५ सय, १ हजार, ५ सय र ३ सय रूपैयाँ नगद पुरस्कार पाएका थिए । समूहका संयोजक टीकाभक्त भोछिभोयाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निर्णायकतर्फ कवितामा साहित्यकार मोहन दुवाल रहनुभएको थियो भने चित्रकलातर्फ मानिकलाल होडा रहनुभएको थियो ।

कार्यक्रममा एआई नेपालका कोषाध्यक्ष रश्मिला भोछिभोयाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सो समूहका संस्थापक संयोजक राजु सरकार र पूर्वसंयोजक तथा प्रमुख सल्लाहकार सिद्धिगोपाल मानन्धरले पनि बोल्नुभएको थियो । चित्रकला प्रतियोगिताका ३३ जना र कविता प्रतियोगिताका १४ जना सहभागीहरूलाई समूहका संस्थापक संयोजक राजु सरकारले मायाको चिनो प्रदान गर्नुभएको थियो ।



## काठमाडौंमा वक्तृत्वकला प्रतियोगिता




२०औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसको सन्दर्भमा यही २०६६ मंसिर १४ गते एआई नेपाल समूह २०, काठमाडौंले भावी संविधानमा सुनिश्चित गरिनुपर्ने बालअधिकार विषयक अन्तर माविस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गर्‍यो । कार्यक्रमको उद्घाटन राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गौरी प्रधानले गर्नुभएको थियो ।

काठमाडौं उपत्यकाभित्रका १५ वटा माविबाट सो कार्यक्रममा सहभागिता रहेको थियो । प्रतियोगितामा सुश्री पुनम कटुवाल, माउन्ट ग्लोरी सेकेन्डरी स्कूल- प्रथम, सुश्री श्रीया थपलिया, गणेश हिमाल आवासीय उच्च मावि -द्वितीय र सुश्री रोमी घिमिरे, एमिल एकेडेमी- तृतीय हुनुभएको थियो । विजेताहरूलाई प्रमुख अतिथि प्रधान र एम्नेस्टी इन्टरनेसनल नेपालका केन्द्रीय उपाध्यक्ष केशव सिग्देलले ट्रफी, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।

साथै कार्यक्रममा अतिथिहरू राष्ट्रिय मानवअधिकार प्रतिष्ठानका महासचिव भवानीप्रसाद खरेल, एआई नेपालका पूर्वअध्यक्षद्वय चरण प्रसाईं र प्रदीप पोखरेल तथा एआई नेपालका उपाध्यक्ष सिग्देलले प्रतियोगीहरूलाई शुभकामना मन्तव्य र प्रमुख अतिथि प्रधानले उद्घाटन मन्तव्य राख्नुभएको थियो । समूहका उपसंयोजक युवराज पोखरेलको स्वागत मन्तव्यबाट शुरु भएको सो कार्यक्रम समूह संयोजक सर्वेश्वरीप्रसाद पण्डितको अध्यक्षतामा सम्पन्न भएको थियो । ❖

## समवेदना




**स्व. सावित्रादेवी शर्मा**

जन्म : १९९८

स्वर्गारोहण : २०६६ मंसिर २२

**एआई नेपाल समूह–६६ दाङका सदस्य श्रीधर शर्माकी माता पवननगर गाविस–२, मचोटनिवासी सावित्रादेवी शर्माको निधन भएको खबरले हामी दुःखित भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हामी समवेदना व्यक्त गर्दछौं ।**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**



# बचाऊ !

मलेसियाको जलान दता उच्च न्यायालयले दुई जना नेपाली नागरिक किम्ताङ गाविस-९, नुवाकोटका साजन गुरुङ (वर्ष ३०) र सोही जिल्लाको बर्सुनचेत गाविस-१ निवासी हरिबहादुर घले (वर्ष २९) लाई २६ नोभेम्बर २००९ मा मृत्युदण्डको फैसला सुनाएको सूचना प्राप्त भएपश्चात् ती नेपाली नागरिकहरुको जीवनरक्षाका निम्ति एआई नेपाललगायत नेपालमा कार्यरत मानवअधिकार तथा नागरिक समाजसम्बन्धी संस्था एवम् मानवअधिकार रक्षकहरुद्वारा पीडितहरुको जीवनरक्षाका लागि अभियान थालनी गरियो। जसअन्तर्गत नागरिक समाज तथा विभिन्न मानवअधिकार संस्थाहरुको सहकार्यमा पीडितका परिवारहरुद्वारा २०६६ पुस १९ गते राधानीमा एक पत्रकार सम्मेलनको आयोजना गरियो।

कार्यक्रमा पीडित हरिबहादुर घलेकी बहिनी उर्मिला घले र पीडित साजन गुरुङका बाबु सिंहबहादुर गुरुङले आफ्ना आफन्तको ज्यान बचाइदिन आग्रह गरेका थिए। कार्यक्रममा नेपाली कांग्रेसका नेता डा. रामशरण महत, नेकपा (एमाले) का नेता महेन्द्र पाण्डे, एआई नेपालका निर्देशक रामेश्वर नेपाल, इन्हुरेड इन्टरनेसनलका अध्यक्ष डा. गोपालकृष्ण सिवाकोटी, नेपाल पत्रकार महासंघका सभापति धर्मेन्द्र झा, परराष्ट्र मन्त्रालयका शाखा अधिकृत हरि वडारीलगायतले पीडितहरुलाई मृत्युदण्ड नदिन मलेसिया सरकारसमक्ष आग्रह गर्नुभएको थियो। ❖

## साजनको मृत्यु

मलेसियामा मृत्यदण्डको सजाय सुनाइएका नेपालीमध्ये साजनको २० जनवरी २०!) का दिन आफैं मृत्यु भएको थियो।






# मानवअधिकारमैत्री संविधानको वकालत

**जेठ १४ गतेको निर्धारित तिथिमा मानवअधिकारलाई उचित महत्व दिइएको नयाँ संविधान बनाउन आग्रह गर्दै राष्ट्रव्यापी युवा दबाब अभियानले विभिन्न गतिविधि सञ्चालन गर्‍यो । अभियानले फागुन २६ गतेदेखि मेची–महाकाली यात्राको आयोजना गरेको थियो । उक्त यात्राको रूटमा रहेका एआई नेपालका समूह तथा युथनेटवर्कहरूले सो अभियानसँगको सहकार्यमा विविध कार्यक्रम आयोजना गरेका समाचार प्राप्त भएका छन् :**

## चितवनमा सहकार्य

संविधान निर्माणका लागि राष्ट्रव्यापी युवा दबाब अभियानअन्तर्गत संविधान यात्राका युवाहरूसँग चितवनस्थित एआई नेपाल युथ नेटवर्कमा आबद्ध युवाहरूले सहकार्य गरेका छन् ।

यात्रामा सहभागीहरूलाई नेसनल युथ नेटवर्क वर्किङ समूहकी सदस्य रमा पौडेलले पुष्पगुच्छासहित अबिरले स्वागत गर्नुभएको थियो । नारायणगढको सहिद चोकबाट सुरु भएको र्‍याली पुल्चोकमा पुगी सभामा परिणत भएको थियो । र्‍यालीमा रामपुर युथ नेटवर्कका संयोजक स्मिथ ढकाल, इनोभेटिभ युथ नेटवर्कका संयोजक माधव रेग्मी, सहसंयोजक मनीषा पौडेललगायत दुवै युथ नेटवर्कका युवाहरूको सहभागिता रहेको थियो ।

र्‍यालीपछिको सभालाई सम्बोधन गर्दै नेसनल युथ नेटवर्क वर्किङ समूहकी सदस्य रमा पौडेलले समयमा नै संविधान जारी गरी नेपालमा मानवअधिकारलाई संविधानद्वारा नै संरक्षित गर्नका लागि सभासद्हरूलाई आग्रह गर्नुभयो । सो अवसरमा उहाँले मानवअधिकारका अन्तर्राष्ट्रिय मूल्य र मान्यतालाई समेटी सम्पूर्ण अधिकार सबै नागरिकका लागि प्राप्त हुने किसिमको संविधान निर्माण हुनुपर्ने बताउनुभएको थियो । संविधान यात्राको टोलीले चितवनको रामपुर क्याम्पसमा गई युवाहरूसँग छलफल गरेको थियो ।

यसअघि यात्रा संयोजक अजय शिवाकोटी र रमा पौडेलले रेडियो अन्तर्वार्ताबाट समेत समयमा संविधान निर्माण र शान्तिपूर्ण युवा दबाबको औचित्यबारे प्रस्ट गर्नुभएको थियो ।

## समूह-८२, पोखराद्वारा स्वागत

समयमै संविधान निर्माणका लागि दबाब दिन माघ २५ गते झापाबाट थालिएको शान्ति र संविधान निर्माणका लागि राष्ट्रव्यापी संविधान यात्राका युवाटोली गत फाल्गुन ५ गते लेखनाथ नगरपालिकामा पुग्यो । लेखनाथ नगरपालिका आइपुग्ने क्रममा लेखनाथको जनप्रकाश माविमा एक कार्यक्रमबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रममा युवा अभियानकर्ता अजयबाबु शिवाकोटीले राजनीतिक दलहरूबीच बढ्दै गएको अविश्वासलाई कम गर्दै समयमै संविधान निर्माण र शान्तिप्रक्रियालाई निष्कर्षमा पुर्‍याउनका लागि दबाब दिन यात्रा थालिएको जानकारी गराउनुभयो ।

उहाँका अनुसार नयां संविधानमार्फत मुलुकका आधारभूत स्वतन्त्रता मानवअधिकारलगायतका लोकतान्त्रिक मूल्यमान्यताको सुनिश्चित गर्न दबाब दिने उद्देश्यले यात्रा थालिएको हो । सो कार्यक्रममा स्थानीय बासिन्दा, राजनीतिक पार्टीका नेता, उद्योग वाणिज्य संघका प्रतिनिधि, शिक्षकसमेतले जेठ १४ गतेभित्र नै संविधान बन्नुपर्ने र अहिले भएका राजनीतिक मतमतान्तरलाई अन्त्य गरी सबै एक जुट भई अगाडि बढ्नुपर्ने कुरामा जोड दिएका थिए ।

उक्त अन्तरक्रिया कार्यक्रममा अभियानकर्ता टोलीहरूलाई एआई नेपाल समूह-८२ का तर्फबाट सहसंयोजक देवमणि भण्डारीले स्वागत गर्नुभएको थियो भने उक्त टोलीलाई स्वागतार्थ जनप्रकाश उमाविका प्रअ कृष्णराज पौडेलले अबिर र एआई नेपाल समूह-८२ का संयोजक पुण्यप्रसाद पौडेलले खादा लगाई स्वागत गर्नुभएको थियो । सो कार्यक्रमको व्यवस्थापन एआई नेपाल समूह-८२ ले गरेको थियो भने कार्यक्रम सञ्चालन एआई नेपाल समूह-८२ का सदस्य शिवप्रसाद बास्तोलाले गर्नुभएको थियो । ❖

# श्रीलंकाली नागरिकका लागि हस्ताक्षर संकलन

**एआई नेपालसम्बद्ध विभिन्न समूहले श्रीलंकामा विस्थापित नागरिकहरूलाई मानवोचित व्यवहारको आग्रह गर्दै देशका विभिन्न ठाउँमा हस्ताक्षर संकलन गरिएका समाचार प्राप्त भएका छन् :**

## समूह-६४, चितवन



एआई नेपाल समूह-६४, चितवनले श्रीलंका सरकारलाई मानवअधिकारको रक्षाको आग्रह गर्दै २०६६ पुस १२ गते एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा २ सय १८ थान कार्डहरूमा हस्ताक्षर संकलन गरिएको थियो । सो अवसरमा समूह सदस्यद्वय विश्वनाथ खनाल र वीरेन्द्रकुमार चौधरीले कार्यक्रमको उद्देश्यबारेमा प्रकाश पार्नुभएको थियो ।

## समूह-७० र ८६, झापा

एआई नेपाल महिला समूह-७० र समूह-८६, झापाको संयुक्त आयोजनामा २०६६ मंसिर २६ गते श्रीलंकामा विस्थापित भएका नागरिकलाई मानवीय व्यवहारको आग्रह गर्दै हस्ताक्षर संकलन गरियो ।

अभियान समाचारलाई ढिलो गरी प्राप्त खबरअनुसार सो अवसरमा एआई नेपाल समूह-८६ का संयोजक फाल्गुनी (कुमार) दाहालले विषयवस्तुबारेमा बोल्नुभएको थियो ।



# विविध गतिविधि

**एआई नेपाल सम्बद्ध समूह तथा युथनेटवर्कहरुद्वारा विभिन्न पक्षको मानवअधिकारको संरक्षणको आह्वान गर्दै थप विविध कार्यक्रम आयोजना गरिएका समाचार प्राप्त भएका छन् :**

## समूह-२१ को पत्रलेखन

एआई नेपाल, महिला समूह २१, काठमाडौंले भियतनाममा आस्थाका आधारमा बन्दी बनाइएका कानुनव्यवसायी ली कङ दिन्ह (Le Cong Dinh) को बिनाशर्त रिहाइको माग गर्दै तयार गरिएको पत्रमा हस्ताक्षर संकलन गर्न एक कार्यक्रम आयोजना गऱ्यो । २०६६ फागुन २९ गते सो समूहको साधारणसभाका अवसरमा भएको उक्त कार्यक्रमबाट संकलित पत्रहरू एआई नेपालमार्फत भियतनामका विदेशमन्त्री पाम जिया कैम (Pham Gia Khiem) लाई पठाइएको सो समूहका संयोजक उषा खाँडले जानकारी गराउनुभयो ।

## निर्माणाधीन समूह गोरखाको कार्यशाला

एआई नेपाल निर्माणाधीन समूह गोरखाले २०६६ माघ १६ गते 'राजनीतिक सहमति र समुदायबीच सद्भाव : आधारभूत अधिकारसहित समयसीमाभित्र नयाँ संविधान' भन्ने विषयमा एक कार्यशाला गोष्ठीको आयोजना गऱ्यो । एआई नेपाल महिला समूह गोरखा र मानवअधिकार तथा शान्ति समाज गोरखाको संयुक्त आयोजनामा भएको सो कार्यक्रमको अध्यक्षता मानवअधिकार तथा शान्ति समाजका जिल्ला अध्यक्ष यदु अधिकारीले गर्नुभएको थियो ।

कार्यक्रमको प्रमुख अतिथि जिल्ला न्यायाधीश प्रभा बस्नेत हुनुहुन्थ्यो भने अन्य अतिथिमा स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठ, विभिन्न राजनीतिक दलका प्रतिनिधि, अन्य सरकारी कार्यालयका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो । एआई नेपाल निर्माणाधीन समूह गोरखाका संयोजक मञ्जु अर्यालले कार्यक्रमका सहभागी सबैलाई स्वागत गर्नुभएको थियो ।

## निर्माणाधीन समूह दोलखाद्वारा पोस्टरिङ

एआई नेपाल निर्माणाधीन समूह दोलखाले एम्नेस्टी अभियानका बारेमा जानकारी दिन दोलखाको चरिकोटमा पोस्टरिङ गरेको छ । पोस्टरिङका लागि समूहका



पदाधिकारी र सदस्यहरूले सहभागिता जनाएका थिए ।

## कञ्चनपुरमा हस्ताक्षर संकलन

एआई नेपाल निर्माणाधीन समूह कञ्चनपुरले इरानी महिला सिरिन इवादीले प्राप्त गरेको नोबेल शान्ति पुरस्कार इरान सरकारले कब्जामा लिएकोमा सो पुरस्कार फिर्ता गर्न आग्रह गर्दै १० डिसेम्बर, २००९ का दिन एक हस्ताक्षर



संकलन कार्यक्रमको आयोजना गऱ्यो । विश्व मानवअधिकार दिवसको सन्दर्भ पारेर सो कार्यक्रम आयोजना गरिएको थियो । सिरिनलाई सन् २००९ को नोबेल शान्ति पुरस्कार प्रदान गरिएकोमा इरानी सरकारले जबर्जस्ती उक्त पुरस्कार आफ्नो कब्जामा लिएको थियो ।

## कञ्चनपुरमा भोपाल ग्याँस दुर्घटनाको विरोध

एआई नेपाल निर्माणाधीन समूह कञ्चनपुरले भोपाल ग्यास दुर्घटनाको २५ वर्ष पुगेको सन्दर्भमा २ डिसेम्बर, २००९ का दिन पीडितलाई क्षतिपूर्ति

नदिइएको विरोधमा स्थानीय जनज्योति बहुमुखी क्याम्पसमा एक समारोहको आयोजना गरी विरोध कार्यक्रम सञ्चालन गर्‍यो । समूह संयोजक भोजराज भट्टको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको प्रमुख आतिथ्य क्याम्पस प्रमुख खेमलाल घिमिरेले गर्नुभएको थियो । कार्यक्रममा स्थानीय महेन्द्रनगर उमाविका प्राचार्य शिवदत्त जोशी तथा अधिवक्ता पुनम चन्दले पनि मन्तव्य राख्नुभएको थियो ।

## सुर्खेतमा दीप प्रज्वलन



महिला हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत एआई नेपाल, काँक्रेबिहार युथ नेटवर्क सुर्खेतको आयोजनामा २०६६ मंसिर २३ गते वीरेन्द्रनगरमा दीप प्रज्वलन कार्यक्रम सम्पन्न गरियो । सो अवसरमा बोल्दै एआई नेपाल, नेसनल युथ नेटवर्क वर्किङ ग्रुपका सदस्य देवेन्द्र सेजुवालले नेपालको सन्दर्भमा महिलाको अवस्था अत्यन्तै दयनीय रहेको बताउँदै त्यसका लागि महिला हिंसालाई अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रम एआई नेपाल, समूह-६९ का संयोजक विष्णुप्रसाद खनालले दीप प्रज्वलन गरी उद्घान गर्नुभएको थियो भने काँक्रेबिहार युथ नेटवर्कका संयोजक यमुना सापकोटाले समापन गर्नुभएको थियो ।

## समूह-३६, प्युठानको अन्तरक्रिया

एआई नेपाल समूह-३६, प्युठानले २०६६ कार्तिक २१ गते स्थानीय जनता उमावि बाग्दुलामा मानवअधिकारसम्बन्धी एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । एआई नेपालका केन्द्रीय सदस्य यशोदा उपाध्यायको प्रमुख आतिथ्यमा सम्पन्न सो



कार्यक्रममा सो समूहका सदस्य, एआई नेपालका साधारण सदस्य, स्थानीय विद्यालयका शिक्षक तथा विद्यार्थीलगायतको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता समूह संयोजक कृष्णचन्द्र गिरीले गर्नुभएको थियो ।

## समूह-६४, चितवनको अन्तरक्रिया

एआई नेपाल समूह-६४ चितवनले २०६६ पुस २० गते एम्नेस्टी इन्टरनेसनल र महिलाविरुद्ध हुने हिंसाको अन्त्य विषयमा अन्तरक्रिया आयोजना गर्‍यो । समूह संयोजक रामचन्द्र मिश्रको अध्यक्षता तथा केन्द्रीय सदस्य तथा महिला विभागका प्रमुख ममिताकुमारी पुनको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा २५ जना महिलाको सक्रिय सहभागिता रहेको थियो ।

## समूह-३५, काठमाडौंको कार्यालय उद्घाटन

एआई नेपाल समूह-३५, काठमाडौँले जोरपाटीमा आफ्नो कार्यालय स्थापना गरेको छ । उक्त कार्यालयको २०६६ माघ १३ गते संविधानसभाका सदस्य चक्रबहादुर ठकुरीले



# मैना हत्याका अभियुक्तलाई कारबाहीको आग्रह

एम्नेस्टी इन्टरनेसनललगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले मैना हत्याकाण्डका अभियुक्तहरूलाई कारबाही गर्न नेपाल सरकारलाई आग्रह गरेका छन् । मैना हत्याको छैटौं वार्षिकोत्सवको सन्दर्भमा १७, फेब्रुवरी २०१० का दिन महान्यायाधिवक्ता भरतबहादुर कार्कीलाई एक ज्ञापनपत्र बुझाउँदै ती संस्थाहरूले सो आग्रह गरेका हुन् ।

१५ वर्षीय मैनाको फ्रेब्रुअरी २००४ मा हत्या भएको थियो । उक्त ज्ञापनपत्र एम्नेस्टी इन्टरनेसनल, एकाउन्टविलिटी वाच कमिटी, इन्सेक, एड्भोकेसी फोरम र इन्टरनेसनल कमिसन अफ जुरिस्टले संयुक्त रूपमा आयोजना गरेका हुन् ।

ज्ञापनपत्र बुझाएपछि आयोजित पत्रकार सम्मेलनमा बोल्दै एआई नेपालका एसिया प्रशान्त क्षेत्रका अभियान संयोजक रोबर्ट गोडेनले राज्य र विद्रोही दुवै पक्षबाट भएका अधिकार उल्लंघनको छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा बोल्दै एड्भोकेसी फोरमका निर्देशक मन्दिरा शर्माले राज्यले सबैखाले दण्डहीनता अन्त्यका लागि पहल गर्नुपर्ने बताउनुभएको थियो ।

उद्घाटन गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि तथा सभासद् ठकुरी, चर्चित मानवअधिकारकर्मी कृष्ण पहाडी, एम्नेस्टी इन्टरनेसनल नेपालका सल्लाहकार लोकेश ढकाल, पूर्वअध्यक्ष कृष्ण कँडेललगायतको उपस्थिति रहेको थियो ।

## समूह-८२, पोखराको बनभोज

एआई नेपाल समूह-८२, पोखराले आफ्ना समूह सदस्यबीच सम्बन्ध प्रगाढ बनाउनका लागि २०६६ पुस २३ गते एक परिचयात्मक तथा बनभोज कार्यक्रमको आयोजना गर्‍यो ।


कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चलका प्रमुख यज्ञप्रसाद अधिकारी, नेपाल ट्रेड युनियन कांग्रेस स्वतन्त्रका वरिष्ठ उपाध्यक्ष रामजी कुँवर, एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठ, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रबीन्द्र बास्तोलालगायतले मानवअधिकारका बारेमा बोल्नुभएको थियो । समूह-८२का संयोजक पुण्यप्रसाद पौडेलको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो ।



## पथरिया युथ नेटवर्क गठन




झापामा २०६६ पुस २४ गते आयोजित एक भेलाले पथरिया युथ नेटवर्कको गठन गरेको छ । नेटवर्क गठन कार्यक्रमको प्रमुख आतिथ्यता एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले गर्नुभएको थियो । ❖



# चीनलाई एआईको चुनौती

मृत्युदण्डका हजारौं घटना चीनमा हुन सक्ने जनाउदै एआईको प्रतिवेदनमा तिनलाई गोप्य राखिएको उल्लेख छ। चीनमा पारदर्शिताको अभावका कारण एआईले सन् २००९मा त्यहाँ भएका मृत्युदण्डका न्युनतम घटना सम्बन्धी विवरण पनि सार्वजनिक नगर्ने निर्णय गरेको छ।

'मृत्युदण्ड निर्दयी र तल्लोस्तरको काम हो' -एआईका अन्तरिम महासचिव क्लाउडियो कोर्डोनले भन्नुभएको छ।

एम्नेस्टी इन्टरनेसनलले चीनमा कति मानिसलाई मृत्युदण्डको मुखमा पुरयाइएको छ त्यसबारेमा तथ्य सार्वजनिक गर्न त्यहाका अधिकारीहरूलाई चुनौती दिएको छ।

एआईले २००९को मृत्युदण्ड सम्बन्धी स्थिती सार्वजनिक गर्दै सो चुनौती दिएको हो।

मृत्युदण्ड र मृत्युदण्डको सजाय सम्बन्धी २००९को प्रतिवेदनले कम्तीमा १८ देशका ७सय १४ मानिसलाई मृत्युदण्ड दिइएको र कम्तीमा २हजार १ मानिसलाई यो सजाय सुनाइएको प्रतिवेदनमा उल्लेख छ।

'चिनिया अधिकारीहरूले कम मात्रै मृत्युदण्डका घटना भएको दावी गरेका छन् ।यदि त्यसो हो भने किन उनीहरू विश्वलाई वास्तविक संख्या बताउदैनन् त ?' महासचिवले प्रश्न गर्नुभएको छ। चीन बाहेक मृत्युदण्डका घटना बढी भएका मुलुकमा इरान कम्तीमा ३सय८८,इराक कम्तीमा १सय२०,साउदी अरेविया कम्तीमा ६९ र अमेरिका कम्तीमा ५२ रहेका छन्। विगत वर्षहरूमा चीन ,सुडान,इरान लगायतका मुलुकमा राजनीतिक कारणले मृत्युदण्ड दिने गरिएको थियो। इरानमा त ८ हप्ताको अवधीमा १सय १२ मानिसको हत्या भएको छ। ❖

# समूहहरूको साधारणसभा

**एआई नेपालका विभिन्न समूह तथा युथ नेटवर्कहरूले आफ्नो साधारणसभा सम्पन्न गरेका समाचार प्राप्त भएका छन् । प्रस्तुत छ समाचरको पूर्ण विवरण :**

## समूह-८१, भैरहवा



समूह-८१, भैरहवाको दशौं साधारण सभा २०६६ माघ २३ गते भैरहवामा सम्पन्न भयो । सो कार्यक्रम केन्द्रीय सदस्य टीपी भुसाल, समूह-१२, बुटवलका संयोजक करुन खनाल र बेलहिया गाउँ समाजका अध्यक्ष सुरेन्द्र क्षत्रीको आतिथ्यमा सम्पन्न भएको थियो । समूह-८१, भैरहवाका संयोजक किशोरकुमार जोशीको अध्यक्षतामा सम्पन्न साधारण सभाको बन्द सत्रमा हाउसबाट अनुमति लिई संयोजक जोशीले सचिव र कोषाध्यक्षको प्रतिवेदन पेस गर्नुभएको थियो । सो प्रतिवेदन हाउसबाट सर्वसम्मतिले पारित भएको थियो ।

दोस्रो चरणको कार्यक्रममा नयाँ कार्यसमिति चयन गर्नुपरेको हुनाले निर्वाचन समितिमा केन्द्रीय सदस्य टी.पी. भुसाल र अखिलेन्द्र पाण्डेलाई मनोनयन गरिएको थियो । निर्वाचन समितिले सौहार्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराएको थियो । नयाँ कार्यसमितिको संयोजक, उपसंयोजक, सचिव, सह-सचिव र कोषाध्यक्षमा क्रमशः रामअवध गुप्ता, श्रीराम गुप्ता, नरेश खनाल, दुर्गाबहादुर क्षत्री र श्रीमती गीता श्रीवास्तव निर्वाचित हुनुभएको छ भने सदस्यहरूमा विनोद सेन्चुरी, भरत खनाल, सन्तोषकुमार देव, श्रीनिवास यादव, राममिलन यादव र रीता शाही निर्वाचित हुनुभएको छ। त्यसै गरी हाउसबाटै सल्लाहकारमा निवर्तमान संयोजक किशोरकुमार जोशी, माधवराज रेग्मी र टी.पी. भुसाललाई मनोनयन गरिएको छ।

## समूह-१०, इनरूवा

एआई नेपाल समूह-१०, इनरुवाको २०६६ पुस २५ गते सम्पन्न बाह्रौं साधारण सभाले धनिकलाल मेहताको संयोजकत्वमा नयाँ कार्यसमिति चयन गरेको छ।

कार्यसमितिका उपसंयोजक, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः वीरेन्द्रकुमार साह, सीताराम मेहता, गंगाराम खत्वे र गंगाराम मण्डल रहनुभएको छ। त्यसैगरी महिला सदस्यद्वयमा सविता घिमिरे र सुनीताकुमारी साह तथा सदस्यहरूमा बलराम भट्टराई र उमेश गौतम रहनुभएको छ। कार्यक्रममा एआई नेपालका केन्द्रीय सदस्य डिकप्रसाद घिमिरे, संस्थापक समूह संयोजक पुरुषोत्तम घिमिरे तथा पूर्वसमूह संयोजक नवीनचन्द्र साहलगायतको पनि सहभागिता रहेको थियो।

## समूह-७२, पनौती

एआई नेपाल समूह-७२, काभ्रेको साधारण सभा २०६६ पुस १८ गते एआई नेपालका उपाध्यक्ष केशव



सिग्देलको प्रमुख आतिथ्य र समूह-७२ का संयोजक उद्धव अधिकारीको अध्यक्षतामा सम्पन्न गरियो । कार्यक्रममा कोषाध्यक्ष रामकुमार बञ्जाराले पेस गर्नुभएको आर्थिक प्रतिवेदन सर्वसम्मतिले पास गरिएको थियो ।

कार्यक्रमका विशेष अतिथिमा एआई नेपालका उपमहासचिव उत्तम सापकोटा तथा अतिथिहरूमा एआई नेपालका निर्देशक रामेश्वर नेपाल, समूह-४३ का संयोजक टीकाभक्त भोछिभोया, समूह-७२ का संस्थापक संयोजक तथा सल्लाहकार विजयराम कर्माचार्य, पूर्वसंयोजक तथा सल्लाहकार सुरेश सैंजु, राजन श्रेष्ठ, राजाराम कर्माचार्य, शम्भुलाल श्रेष्ठ, निवर्तमान संयोजक कृष्णबहादुर श्रेष्ठलगायत हुनुहुन्थ्यो । सो अवसरमा उपसंयोजक पूर्णकुमार श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो भने सचिव कृष्णकुमार श्रेष्ठले आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुका साथै कार्यक्रम सञ्चालनसमेत गर्नुभएको थियो ।

### महिला समूह-२१, काठमाडौं

एआई नेपाल, महिला समूह-२१, काठमाडौंको साधारणसभा २०६६ फागुन २९ गते सम्पन्न भएको छ । साधारणसभामा समूहको गतिविधि तथा आर्थिक विवरणउपर छलफल भई निर्णय भएको थियो । साथै समूहका तर्फबाट आगामी दिनहरूमा गरिने कार्यक्रमका विषयमा पनि छलफल भएको थियो ।

सोही साधारणसभाले उषा खाँडको संयोजकत्वमा




समूहको ९ सदस्यीय नयाँ कार्यसमिति पनि चयन गरेको छ । कार्यसमितिमा उमा अधिकारी उपसंयोजक, निर्मला शर्मा सचिव, सुनीता केसी उपसचिव र रोशनी सापकोटा कोषाध्यक्ष रहनुभएको छ । त्यसै गरी कार्यसमिति सदस्यहरूमा लक्ष्मी सिग्देल, सवला भण्डारी, अनुसा खाँड तथा गंगा गिरी रहनुभएको छ ।

निर्वाचित पदाधिकारीको नाम घोषणा गर्दै निर्वाचन अधिकृत तथा एआई नेपालकी पूर्वकेन्द्रीय सदस्य शारदा शर्माले शुभकामना दिनुभयो । कार्यक्रममा नवनिर्वाचित संयोजक उषा खाँडलाई बलिरहेको मैनबत्ती हस्तान्तरण गरेर तत्कालीन संयोजक विमला गौतमले कार्यभार हस्तान्तरण गर्नुभएको थियो । त्यस कार्यक्रममा संयोजक पदका प्रत्याशी निलिमा शर्माले नयाँ कार्यसमितिलाई आफूले पूर्णरूपमा सहयोग गर्ने बताउँदै शुभकामना व्यक्त गर्नुभएको थियो । ❖




जन्म :- २०१७ साउन १७
मृत्यु :- २०६६ फागुन ९

## समवेदना

**एआई नेपाल समूह-७८, लालबन्दीका कार्यसमिति सदस्य एवम् कानुन संयोजक रामचन्द्र चौधरीको असामयिक निधनले हामीलाई दुःखित तुल्याएको छ । हामी दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दछौं ।**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**


वायर
अभियन्ता र एम्नेस्टी इन्टरनेसनलका सदस्यहरुका लागि
फेब्रुवरी / मार्च २०१०
वर्ष ४० अंक ००१
एम्नेस्टी इन्टरनेसनल
आफ्नो जीवनलाई आकार दिंदै महिला



# ... र अरूको प्रतिरक्षामा

## यो तपाईंको वायर हो

तपाईंले यसलाई मनपराउनुभयो भने कृपया जानकारी दिनुहोस् ।

- तपाईंले यसको प्रयोग गर्नुभयो ?
- तपाईंले यसका सूचना कसैलाई बाँड्नुभयो कि ?
- भविष्यका अंकमा तपाईं थप के चाहनुहुन्छ ?
- अरू सदस्यलाई उपलब्ध गराउनुपर्ने तपाईंसँग कुनै तस्वीर वा लेख छन् कि ?
- र, अन्त्यमा, तपाईंले नयाँ ब्लग www.amnesty.org/livewire को भ्रमण गर्नुभएको छ ?

**तपाईंका सुझाव र सल्लाह तलको ठेगानामा पठाउनुहोला**


**Wire**

Editorial and Publishing Programme
Amnesty International
International Secretariat
Peter Benenson House
1 Easton Street
London WC1X 0DW
United Kingdom

**or email us on yourwire@amnesty.org**



एम्नेस्टी इन्टरनेसनल पब्लिकेसन्स्द्वारा सन् २००९ मा प्रथमपटक प्रकाशित ।
www.amnesty.org


© amnesty international publications 2009


Index: NWS 21/001/2010
ISSN: 1472- 443X


**सर्वाधिकार सुरक्षित** : यस प्रकाशनका कुनै पनि अंशहरू प्रकाशकको पूर्वस्वीकृतिविना पुनरुत्पादन, रिट्राइभ संस्करणमा राख्ने वा कुनै अर्थ वा रूपमा, कुनै प्रणालीमा विद्युतीय वा मेकानिकल, फोटोकपी, रेकर्डिङ वा अन्य हिसाबले प्रयोग गर्न पाइनेछैन ।


**कभर तस्वीर** : रोमनी समुदायका दुई महिला रोमानियाको मिर्कुरिया किउकमा मे २००९मा । एम्नेस्टी इन्टरनेसनलद्वारा आयोजित सामुदायिक कार्यशालामा यी दुवै सहभागी थिए । उनीहरूले आफ्नो जीवन, आशा र भविष्यको कुरा गरे र आफ्ना अपेक्षा पूरा गर्नका लागि वास्तविक परिवर्तन आवश्यक भएको बताए । उनीहरू सन् २००४ मा शहरको केन्द्रमा रहेको भवनबाट हटाइए र धातुको क्याबिन भएको फोहोर प्रशोधन केन्द्रमा बस्दै आएका छन् ।
© Zsuzsanna Ardó

**यो पृष्ठमा** :

एम्नेस्टी इन्टरनेसनल पेरुका सदस्यहरू पेरुको लिमामा मातृ मृत्युदरबारे अभियानमा अक्टोबर २००९ । ल्याटिन अमेरिकाको पेरुमा उच्च मातृ मृत्युदर रहेको छ । सो अभियानले पेरु सरकारलाई सबै महिलालाई मातृस्वास्थ्यको रेखदेखका लागि समान पहुँच उपलब्ध गराउन आग्रह गरेको थियो । खासगरी गरिब, ग्रामीण तहका र आदिवासी जनजातिलाई अभियानले लक्षित गरेको थियो ।
© Enrique Castro Mendivil

## वायरको प्राप्ति

तपाईं एम्नेस्टी इन्टरनेसनलको अभियानबारेमा थप जानकारी पाउन चाहनुहुन्छ वा तपाईंको आफ्नै अभियानका लागि यो वायरको प्रयोग गर्न चाहनुहुन्छ ? यो वायर www.amnesty.org बाट डाउनलोड गर्न सकिन्छ ।

निःशुल्क प्रिन्ट कपीका लागि तपाईंले अन्तर्राष्ट्रिय सदस्यता लिनुपर्दछ । संघसंस्थाहरूलाई यसका कपी खरिद गर्न प्रोत्साहित गरिन्छ । वर्षको ६ वटा अंकको मूल्य संस्थाका लागि ३५ पाउन्ड, अमेरिकी डलर ५४ वा क्यानडियन डलर ४१ रहेको छ । एम्नेस्टी इन्टरनेसनलका विभिन्न देशमा रहेका शाखाहरूले आफ्ना सदस्यका लागि यसको खरिद गर्न सक्नेछन् । वायरका लागि हामीलाई इमेल गर्नुहोस्–

wire.subscribe@amnesty.org
वा फोन
+442074235814/5507

# वायर भित्र

## लैंगिक अप्ठ्यारो


दुई तिहाइभन्दा बढी मानिस जो गरिबीमाा बस्न विवश छन् उनीहरू महिला छन् । गरिबीको चक्र तोड्न कसरी महिलाले प्रयास गरिरहेका छन् पढ्नुहोस् । हिंसा र गरिबीले धेरैलाई गाजेको छ । र, सिक्नुस् कसरी तपाईंले फरक बनाउन सक्नुहुन्छ ।

पेज ४०



## इरान : न्यायका लागि तीतो संघर्ष

१२ जुन २००९ मा इरानमा भएको राष्ट्रपतीय चुनावको आमरूपमा प्रदर्शनमार्फत विरोध गरियो । यस सन्दर्भमा इरान सरकारले कसरी मानवअधिकारको हनन गऱ्यो पढ्नुहोस् : **पेज ४९** मा । इरानमा मानवअधिकार संरक्षणका लागि एक्सनमा भाग लिनुहोस् ।



## आत्मसम्मानसहितको मानवअधिकारका लागि आवाज दिनुहोस्

एम्नेस्टी इन्टरनेसनलले अभियानका क्रममा आफ्ना आवाज सुनाउन गरेको कार्यक्रमबारे जान्न अनि सन्देश र समर्थक तथा अभियन्ताहरूका बारेमा र गरिबीको अग्रमोर्चामा रहेकाहरूका बारेमाा जान्न जानुहोस् :

**पेज ४६**

आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन

## यस बाहेक के ?

भारतको उडिसामा संस्थागत जवाफदेहिताबारे पढ्नुहोस् ।

## तत्काल गर्नुहोस्

**विश्वव्यापी अपिल पढ्नुहोस्, वितरण गर्नुहोस् र कार्यान्वयन गर्नुहोस् ।**


© Amin/Drik/Amnesty International

# लैंगिक अप्ठ्यारो

**दुई तिहाइभन्दा बढी मानिस जो गरिबीमा छन् उनीहरू महिला छन् । त्यसको एउटै कारण विभेद हो । यही विभेदले लैंगिक हिंसा पनि बढाइरहेको छ । यी दुवैले एकअर्कालाई बढाउने काम गर्दछन् । २०१० को अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा विश्वका मानिसहरूले यसबारेमाा पर्याप्त मात्रामा भन्नेछन् ।**

महिलाहरू उनीहरूको लिंगका कारण हिंसा र विभेद दुवैको शिकार बन्ने गरेका छन् । यसले गर्दा उनीहरूलाई आफ्नो जीवनमा स्वास्थ्य, शिक्षा, आवास र खाद्यान्नजस्ता अधिकार उपभोग गर्न अप्ठचारो परिरहेको छ । ती तिनै अधिकारहरू हुन् जसले उनीहरूलाई गरिबीबाट मुक्तिका लागि मद्दत गर्न सक्दछन् । यो लैंगिक अप्ठचारो हो । जिन्दगी जिउन, परिवारका लागि वा शिक्षाका लागि विभेद, हिंसा, गरिबी र लैंगिक कारणहरूले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । विभेद कानुन वा समाजका मान्यतामा बनाइने गरेको छ । महिलाले पुरुषसरह काम गरे पनि उनीहरूलाई समान तलब दिइँदैन । उनीहरूका आवाजको सुनवाइ हुँदैन । उनीहरूको शिक्षा प्राथमिकतामा पर्दैन । उनीहरूको स्वास्थ्यको पनि संरक्षण गरिँदैन । जबकी महिलालाई पहिले नै सीमान्तकृत वर्गमा पारिएको छ । उनीहरू जनजाति हुन्, आप्रवासी हुन्, तल्लो जातका हुन् वा गरिब, उनीहरूले बहुमुखी चुनौतीको सामना गर्नुपर्दछ ।

## काम, हिंसा र विभेद

महिलाहरूले विश्वको आम्दानीको १० प्रतिशत मात्रै कमाउँछन् । तर, उनीहरूले विश्वको दुई तिहाइ काम गरिरहेका हुन्छन् । ६० देखि ८० प्रतिशतसम्म खाद्यान्न विकासोन्मुख राष्ट्रमा उत्पादन गरे पनि महिलाहरूको स्वामित्वमा केवल १ प्रतिशत भूभाग मात्रै रहेको छ ।

थुप्रै महिलाले काममा विभेद र हतोत्साहन बेहोरिरहेका छन् । र, आप्रवासी महिला कामदारले शोषण र ज्यादतीको सामना गर्नु परिरहेको छ । गरिबीले उनीहरूलाई अर्धन्यायिक वा अवैध काम गर्न बाध्य पारिरहेको छ । जस्तो यौनसम्बन्धी काम । महिला शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक हिंसामा पीडित बन्नुपरेकाले उत्पादनशील क्षमता गुमाउन पुग्दछन् । महिलाविरुद्धको हिंसाले पनि उनीहरूको परिवार, समुदाय र समाजमा असर गरिरहेको हुन्छ ।

## शिक्षा, हिंसा र विभेद

विश्वका तीन चौथाइ निरक्षर वयस्कमा महिला पर्दछन् । असंख्य केटीलाई स्कुलमा यौनका हिसाबले हतोत्साहित गरिन्छ र हिंसाका कारण वा हिंसाको डरका कारणले उनीहरू स्कूल छोड्दछन् । विश्वभरि नै केटीहरू यौनहिंसाबाट पीडित बन्ने गरेका छन् ।  एक जना केटी जब बलात्कारका कारण गर्भवती हुन्छे, उसलाई स्कुलबाट निकालिन्छ । शिक्षा आफैंमा एउटा अधिकार हो । र, यो अधिकार उपभोग गर्नका लागि एउटा बाटो पनि हो । शिक्षाको अभावले जिन्दगीभरि असर गरिरहेको हुन्छ । आर्थिक स्वतन्त्रताको अवसर कटौती गर्दछ । र, चाँडो विवाहको अवस्थामा पुऱ्याउँछ । जसका कारण भावनात्मक र शारीरिक रूपमा उनीहरूलाई बिरामी बनाउँछ । शिक्षाको अभावले एचआईभी एड्सको महामारीलाई पनि बढाउँछ र बच्चा जन्माउने समयमा मृत्युको मुखमा समेत पुऱ्याउँछ । गरिबीले परिवारहरूलाई कठोर छनोटका लागि बाध्य बनाउँछ । उनीहरूले बच्चाको शिक्षाका लागि खर्च गर्नुपर्ने हुन्छ । अक्सर केटाको शिक्षालाई प्राथमिकतामा राखिन्छ । केटालाई भविष्यको अन्नदाताका रूपमा समेत व्याख्या गर्ने गरिन्छ । धेरै

## बंगलादेश

**बंगलादेशका महिला त्यहाँको समुदायलाई गरिबीबाट मुक्त गर्नका लागि सफल छन् भन्ने कुरा बंगलादेशका गरिबीविरुद्धका प्रतिष्ठानहरूको सफलताले पनि देखाउँछ । मुख्य गैरसरकारी संस्थाजस्तो ब्राक (बंगलादेश रुरल एड्भान्समेन्ट कमिटी) र प्रोइस्का (सेन्टर फर हुमन डेभलपमेन्ट) तथा ग्रामीण बैंकजस्ता माइक्रो फाइनान्स इन्स्टिच्युटले ठूलो सफलता प्राप्त गरिरहेका छन् । उनीहरूले महिला र केटीहरूलाई आफ्नो रणनीतिको केन्द्रमा राखेको पाइएको छ । र, उनीहरूलाई परिवर्तनका लागि सक्रियतापूर्वक प्रयोग गरिरहेका छन् । उनीहरूले केही वर्षदेखि नै महिला र केटीहरूलाई संगठित गरेर साधनस्रोत जुटाउने कार्य गरिरहेका छन् र उनीहरूलाई सफल इन्टरप्रेनर बनाउन मद्दत गरिरहेका छन् । महिलाको तस्वीर (बायाँ) ब्राक माइक्रोफाइनान्स भिलेज अर्गनाइजेसन बैठक टांगेलमा, जनवरी २००८ मा ।**




## जिम्बाबे

**जिम्बाबेका ओमन अफ जिम्बाबे एराइज (वजा) का सदस्यहरू दक्षिणी प्रान्त मताबलेन्दको इन्सिजा जिल्लामा जुन २००९ मा । वजाका सदस्यहरू सन् २००३ को फेब्रुअरी महिनादेखि नियमित रूपमा गिरफ्तारीमा पर्दै आएका छन् । उनीहरूले खराब हुँदै गइरहेको सामाजिक, आर्थिक र मानवअधिकारको अवस्थाबारे शान्तिपूर्ण प्रदर्शन गरेका थिए । २००९ मा मात्रै कम्तीमा ३० जना वजाका अभियन्ताहरू पक्राउ परेका थिए ।**

देशमा केटीलाई घरेलु कामको सहायकका रूपमा लिने गरिएको छ । उनीहरू स्वयम् श्रीमती वा आमा नबनेसम्म उनीहरूले आफ्नी आमालाई घरको काममा सघाउँछन् । यद्यपि प्रमाणहरूले भनेका छन् कि शिक्षित आमाका नै स्वस्थ र बढी शिक्षित केटाकेटी हुन्छन् । तर, विश्वमा शिक्षा सधैं महिलाहरूका लागि समान महत्वको हुने गरेको छैन ।

छिटै गरिने विवाह पनि केटीले विद्यालय नजानु र स्कुल छोड्नुसँग सम्बन्धित रहेको छ । केही देशहरूमा कानुनले चाँडो विवाहलाई निषेध गरे पनि थुप्रै देशमा उनीहरूको सहमतिबिना नै विवाह गरिदिने चलन छ । उनीहरू थोरै पढाइ वा विनाकुनै पढाइ विवाह गर्छन् र थोरैलाई मात्र आर्थिक स्वतन्त्रता प्राप्त हुन्छ । आर्थिक स्वतन्त्रताका लागि कम अवसर भनेको जिन्दगीमा उनीहरूको छनोटको अवसरमा कटौती पनि हो ।

## मातृ स्वास्थ्य, हिंसा र विभेद

धेरै महिला जो गरिबीमा रहेका छन्, उनीहरूलाई स्वास्थ्य हेरविचारको पहुँच छैन । किनकी उनीहरूले यसबाट हुने खर्च बेहोर्न सक्दैनन् । उनीहरूले यातायात र स्वास्थ्य शुल्क पनि बेहोर्न सक्दैनन् । तिनीहरू निरक्षर हुँदा अप्ठ्यारो झेल्दछन् । उनीहरू राज्यको आधिकारिक भाषा बुझ्दैनन् र चाहिएको सूचना पनि उनीहरूलाई दिइँदैन । उनीहरूका सरकारहरूले अन्तर्राष्ट्रिय कानुनमा महिला स्वास्थ्यका बारेमाा प्रतिबद्धता व्यक्त गर्दागर्दै पनि यो सबै भइरहेको छ । यो विभेद मातृ मृत्युदर बढेका कारणले पनि भइरहेको छ । एउटी महिला हरेक मिनेटमा गर्भसम्बन्धी जटिलताका कारण मृत्युवरण गर्न बाध्य हुन्छिन् । ठूलो संख्या अर्थात् ९५ प्रतिशतभन्दा बढी मानिस गरिब छन् जो विकासोन्मुख मुलुकका हुन् । तर, विकसित देशमा महिला जो जनजाति र जातिगत अल्पसंख्यक छन्, उनीहरूले स्वास्थ्य सेवामा पहुँच पाउन ज्यादै कठिनाइ सामना गर्नुपरिरहेको छ । उदाहरणका लागि अमेरिकामा अफ्रिकी महिलाहरू गोरा महिलाको तुलनामा बच्चा जन्माउने बेलामा ४ गुणा बढी मृत्युवरण गरिरहेको पाइएको छ । महिलालाई गर्भपतन गराउन नदिने लडाइँ पनि जारी रहेको छ । असुरक्षित गर्भपतनका कारण हरेक वर्ष हजारौं महिलाको ज्यान जाने गरेको छ । यो सबैलाई थाहा भएको कुरा हो कि गर्भपतनलाई अपराधीकरण नगर्दा र प्रजनन स्वास्थ्य तथा परिवार नियोजन सेवा प्रदान गर्दा नै मातृ मृत्युलाई रोक्न मद्दत गर्दछ । धेरै देशमा महिला मौन रहन्छन् र निर्णय गर्नबाट वञ्चित गरिन्छन् । यसखालका सेवाहरूमा पहुँच दिइँदैन ।

निकारागुवामा यसअघि वायरले रिपोर्ट गरेअनुसार जुनसुकै घटनामा पनि गर्भपतन गराउनुलाई आपराधिक घटनाको रूपमा व्याख्या गरिएको छ । महिलाको स्वास्थ्यलाई खतरामा पार्नुका साथै चिकित्सकलाई पनि यसको उपयुक्त समयमा उपचारमा रोक लगाइएको छ । कानुनले चिकित्सकहरूलाई जेलसम्मको सजायको व्यवस्था गरेको छ । यसबाट महिला र केटीले बलात्कारका कारण गर्भधारण गरेको भए पनि पूरा समय गर्भ बोक्नुपर्ने अवस्था छ ।

## घरको जीवन र हिंसा

एक अर्बभन्दा बढी गरिबीमा रहेका मानिसमा तीमध्ये धेरै महिला छन् । उनीहरू हाल रहेका २ लाख स्थानका

अव्यवस्थित वा अनौपचारिक बसोबास क्षेत्रमा बस्दछन् । अव्यवस्थित बसोबास क्षेत्रका मान्छे भन्नाले आवास, ढल र निकासको उपयुक्त व्यवस्था नभएको क्षेत्र भन्ने बुझ्नुपर्दछ । पानी र बिजुलीको कम सुविधा भएको, भीडयुक्त, घामको चर्को असर भएको र उच्च तहको हिंसा भएको स्थानका रूपमा अव्यवस्थित बसोबास क्षेत्रलाई लिइन्छ ।

धेरै देशमा महिलाहरू घरेलु हिंसाबाट पीडित छन् । उनीहरूलाई कानुनी संरक्षण छैन । उनीहरू त्यसबाट उम्कने एकमात्र उपाय भनेको पारपाचुके हो । तर, विभेदयुक्त प्रचलन र सामाजिक प्रवृत्तिले पारपाचुकेलाई कठिन र असम्भव तुल्याइदिएको छ । अन्य महिला जो गरिबीमा रहेका छन्, उनीहरूलाई कानुनी संरक्षण प्राप्त हुँदैन । धेरैजसो महिलासम्बन्धी मुद्दा गाउँको आफ्नै खाले न्यायप्रणालीमा छानबिन गरिन्छ र ती प्रणाली अक्सर पुरुषकै पक्षमा हुन्छन् । आर्थिक स्रोतमा महिलाको पहुँचले उनीहरूलाई अर्थपूर्ण छनोटका लागि मद्दत गर्न सक्दछ । यदि कुनै महिलाले आफूलाई ज्यादती गर्ने पुरुषलाई छोड्न चाहिन् भने पनि उनले आफू र बच्चालाई एक्लैले हेरचाह गर्नुपर्ने हुन्छ ।

## लैंगिक अप्ठ्यारोबाट निकास र संरक्षण

मानवअधिकारको एउटा महत्वपूर्ण पाटो भनेको महिला र पुरुषबीचमा समानता पनि हो । यो सिद्धान्त हरेक मानवअधिकार मापदण्डमा लागू हुन्छ । महिलालाई केन्द्रित गर्दै विशेष व्यवस्था गरिएका छन् । जस्तो विभेद र हिंसाको खतराका लागि महिला हिंसाविरुद्धका सबैखाले विभेद अन्त्य गर्नेसम्बन्धी राष्ट्रसंघीय अभिसन्धि र बेइजिङ प्लेटफर्म फर एक्सन रहेका छन् । यसका लागि विश्वको प्रतिक्रियाका रूपमा राष्ट्रसंघीय सहस्राब्दी विकास लक्ष्यलाई सन् २००० मा सबै राष्ट्रले १५ वर्षे योजनाका रूपमा पारित गरेका थिए । तर, जब लैंगिक विषय यसमाा केन्द्रित भए तिनमा केही मात्रै महिलासँग केन्द्रित रहेका छन् । खासगरी महिला र केटी गरिबीमा रहेका छन् । अन्तर्राष्ट्रिय प्रणालीले महिलाअधिकारको संरक्षणका लागि काम गर्नुपर्दछ, जहाँ सरकारहरू राम्रो गर्न असफल भएका छन् । राष्ट्रिय तहमा थुप्रै देशमा महिलाअधिकार संरक्षण र लैंगिक समानताका लागि कानुन छन् । तर, यी कानुन उनीहरूले जोडजुलुम नगरेसम्म कार्यान्वयन हुने थोरै मात्र सम्भावना हुन्छ । एउटा कुरा निश्चित हो, समानता र अधिकार तब मात्र प्राप्त हुन सक्छ जब उनीहरू राजनीतिक प्रक्रियामा सामेल हुन्छन् र उनीहरूका आवाजको सुनुवाइ हुन्छ । गरिबी निवारणका लागि आर्थिक विकासले मात्र पनि हुँदैन । खास गरी महिला र केटीहरूका लागि जसलाई आफ्नो आम्दानीको बाँडफाँड, साधनस्रोत र शक्तिमा पहिचान हुनुपर्दछ । उनीहरूको योगदानको पहिचान हुनुपर्दछ र प्रोत्साहित गरिनुपर्दछ । अप्ठ्यारो अवस्थामा रहेका उनीहरूको सक्रिय सहभागिताले नै गरिबी निवारण गर्ने रणनीति पूरा गर्न मद्दत गर्न सक्दछ । महिलाहरू निष्क्रिय र पीडित मात्र होइनन् । उनीहरू परिवर्तनका लागि प्रतिबद्ध र सफल एजेन्ट पनि हुन् । उनीहरूको आफ्नो परिवारका लागि मात्र होइन कि पूरा समाजका लागि महत्वपूर्ण भूमिका हुन्छ । उदाहरणका लागि यसखाले सकारात्मक परिवर्तन विश्वका हरेक कुनामा देख्न सकिन्छ ।

## अफगानिस्तान

**अफगानिस्तानमा अफगान महिलाअधिकारवादीहरू एउटा विवादास्पद कानुनका विरुद्धमा प्रदर्शन गर्दै अप्रिल २००९ मा । यो कानुनबाट सिया महिलाहरूलाई आवतजावतमा रोक लाग्ने डर रहेको छ । अफगान महिला मानवअधिकार रक्षकको मागबमोजिम यो कानुनमा केही संशोधन भए पनि अझै केही चासो बाँकी रहेको छ ।**



© Pajhwok Afghan News

## तत्काल गर्नुहोस्

विश्वव्यापी रूपमा गैरसरकारी संस्थाको अभियानमा संलग्न भई सरकारहरू र राष्ट्रसंघीय प्रणालीलाई भन्नुहोस् कि महिलासम्बन्धी राष्ट्रसंघीय एजेन्सी र यसका अधिकारीहरूलाई आवश्यक साधनस्रोत उपलब्ध गराएर विश्वमा रहेका महिलाको अवस्थामा फरकपनका लागि आग्रह गर्नुहोस् । थप सूचनाका लागि जानुहोस् :www.amnesty.org/en/gear

महिलाविरुद्धको हिंसा अन्त्यका लागि एम्नेस्टी इन्टरनेसनलको अभियान सबैका लागि आत्मसम्मानको जीवन मानवअधिकारको जीवनमा सहभागी हुनुहोस् : www.amnesty.org/en/campaigns/stop-violence-against-women र www.demanddignity.org

## अन्तर्राष्ट्रिय महिला दिवसबारे थप पढ्नुहोस्

एक्सन सामग्री तथा अनुसन्धानका नयाँ रिपोर्टका लागि माथिको वेबसाइट हेर्नुहोस् । जस्तो युगान्डा, बुर्किनाफासो र नर्दिक राष्ट्रहरू । सामग्रीहरू ८ मार्च २०१० पछि डाउनलोड गर्न सकिनेछ ।

एम्नेस्टी इन्टरनेसनलले महिला हिंसाविरुद्ध न्यायका लागि ६ बुँदे चेकलिस्ट बनाउँदै छ । यो चेकलिस्ट अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डअनुरूप रहेको छ । यसमा पीडितहरूले अपराधका बारेमा रिपोर्ट गर्नुपर्ने कुरा उल्लेख छ र फौजदारी न्यायप्रणालीअनुसार यौनजन्य र लैंगिक हिंसाको उपचार खोज्दछ । यो चेकलिस्टले अभियन्ता र वकालत गर्नेहरूलाई निम्न कुराको पहिचान गराउँछ :

- कानुन, नीति र प्रचलन जो अझै सुधार गर्नु आवश्यक छ ।
- कानुन र नीतिको सफलतापूर्ण कार्यान्वयनका लागि बाधाहरू तथा ६ वटा प्रमुख प्रश्नहरू ती चेकलिस्टमा अन्तरसम्बन्धित रहेका छन् ।

यो चेकलिस्टले अभियन्ताहरूलाई के चाहिँ परिवर्तन आवश्यक छ भन्ने कुराको जानकारी दिन्छ । कानुनमा र प्रचलनमा के चाहिन्छ भन्ने कुरा सिकाउँछ । अनि यौनजन्य र लैंगिक हिंसाका पीडितलाई अर्थपूर्ण न्यायका लागि सिकाउँछ ।

LIVEWIRE AMNESTY INTERNATIONAL

BLOG

CHAT

STAY INFORMED



जानुहोस्–
www.amnesty.org/livewire, यसबाट तपाईंले विश्वमा अभियानमा लागेका मानिस के गर्दै छन् भन्ने जानकारी पाउन सक्नुहुनेछ। फुटेज हेर्नुहोस्, अडियो क्लिप्स र एक्सन हेर्नुहोस्। मिसन तथा उच्चस्तरीय बैठक र घटनाबारे जानकारी प्राप्त गर्नुहोस्।

## जीवन दान
## मृत्युको खतरा
## बुर्किनाफासोमा मातृ मृत्यु

**पाउल रिगाड, एम्नेस्टी इन्टरनेसनलका अभियन्ता पेरिसबाट ब्लगमा**

बुर्किनाफासोमा मातृ मृत्यु घटाउनका लागि एआईले सन् २०१० जनवरीको अन्त्यमा कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा एक रिपोर्ट पनि सार्वजनिक गरी किन त्यहाँ हरेक वर्ष २००० महिला गर्भवती हुँदा वा बच्चा जन्माउँदा मृत्युवरण गर्छन् भन्ने कुरा पनि उल्लेख गरिएको थियो। बुर्किनाफासोमा रहेका एआईका अभियन्ताहरूले देशव्यापी क्याराभानको आयोजना गर्ने भएका छन्। जसले मातृ मृत्युदर अन्त्य गर्नका लागि मद्दत गर्ने विश्वास गरिएको छ। सो कार्यक्रम विभिन्न साझेदार निकायसँग समेत मिलेर गर्न लागिएको हो। यसमा स्थानीय जनसहभागिता पनि गराइने कार्यक्रम छ। बुर्किनाफासो त्यस्तो मुलुक हो जहाँ ८० प्रतिशतसम्म नागरिक निरक्षर छन्। क्याराभान सचेतना फैलाउनका लागि एउटा महत्वपूर्ण मध्यम हुने विश्वास गरिएको छ। छलफल महिलाका समूहहरूसँग समेत हुनेछ। कतिपय स्थानमा सम्मेलन हुनेछ। कतिपय स्थानमा मेडिकल स्टाफ र स्थानीय अधिकारीसँग समेत भेटघाट तय गरिएका छन्। उत्साहजनक यो अभियानका क्रममा सहभागिबाट साना कपडाका टुक्रामा आवाजहरू संकलन गरिनेछ। जसले बुर्किनाफासोको सरकारलाई मातृ मृत्युदर घटाउनका लागि निरन्तर प्रयास गर्न दबाब दिनेछ। अन्त्यमा एआईका महासचिवले नेतृत्व गर्नुहुने टोलीले दुई साता लामो पदयात्राका क्रममाा प्राप्त सन्देश अधिकारीहरूलाई बुझाउने र मातृ मृत्युदर घटाउनका लागि सरकार र दातृ निकायको प्रतिबद्धता खोज्नेछ।

क्याराभानको समाचार अपडेटका लागि
जानुहोस् : www.demanddignity.org

**बायाँ** : **एक वर्षीय अलासान आफू जन्मने क्रममा आफ्नी आमा गुमाउन पुगे। उनी र उनका पिता (तस्वीरमा पनि) हजुरआमासँग बस्दछन्। हजुरआमाले यो बच्चालाई हेरिरहेकी छन्। बुर्किनाफासो जुन, २००९ मा।**

**तल** : **एम्नेस्टी इन्टरनेसनल बुर्किनाफासो र अन्तर्राष्ट्रिय सचिवालयको टोली सन् २००९ मा ओआगाडा गाउँमा मातृ मृत्युदरबारेको अभियान तयारीका क्रममा।**



# मेक्सिको : मानवअधिकार रक्षकलाई प्रतिरक्षा गर्ने समय




**मेक्सिकोका मानवअधिकार रक्षकहरूले महिलाअधिकारको रक्षाको माग गरिरहेका छन् । उनीहरूले जनजातिका मान्छे र अन्य सीमान्तकृत मान्छेको पनि अधिकारको कुरा उठाएका छन् । त्यहाँ कोही पनि खुसी छैनन् । र, जसले ज्यादतीको प्रचारप्रसार गर्छन् । उनीहरूको मुख थुन्ने प्रयास भइरहेको छ । मानवअधिकार रक्षकलाई चुप लाग्ने अवस्था बनाइनु हुँदैन ।**

राउल लुकास लुकिया र म्यानुअल पोन्स रोजाज गेरो राज्यको अयतुल्ला डे लास् लिब्रेजमा एक समारोहमा भाग लिएर आउँदा १३ फेब्रुअरी २००९ मा अपहरणमा परे । प्रत्यक्षदर्शीका अनुसार तीन जना सादा पोसाकका सेना जसले आफू प्रहरी अधिकारी भएको दाबी गर्थे तिनले ती दुईलाई कुट्दै नम्बर नखुलेको गाडीमा राखेर लगेका थिए । आधा घण्टापछि राउल लुकास लुकियाकी श्रीमतीले अज्ञात मान्छेको फोन पाइन् । फोन गर्नेले उनको श्रीमान्को फोन प्रयोग गरेको थियो । फोन गर्नेले चेतावनी दियो- 'चुपचाप बस नत्र तिम्रा श्रीमान् मारिनेछन् । तिम्रा पतिले भारतीयको प्रतिरक्षा गरिरहेका कारण हामीले यसो गरिरहेका छौं ।'

'सात दिनपछि ती दुई जना मृत अवस्थामा फेला परे । उनीहरू जहाँबाट अपहरणमा परेका थिए, त्यहाँभन्दा गाडीमा जाँदा ३० मिनेटको दूरीमा शव भेटिएको थियो । उनीहरू 'फ्युचर अफ मिक्सटेकोज् इन्डिजिनस पिपुल्स' भन्ने संस्थाका अध्यक्ष र महासचिव थिए । जुन संस्थालाई मानवअधिकार र न्यायका दृष्टिले सबैले सम्मान गर्दछन्' -मि पा जनजाति समुदायका ओब्तिलिया इग्वेनियो म्यानुएलले भने ।

'सरकारले हामीलाई समस्या सिर्जना गर्ने मान्छेका रूपमा लिने गरेको छ । किनकी हामी उनीहरूसँग अधिकारको माग गर्दछौं' -उनको थप भनाइ थियो ।

मेक्सिको मानवअधिकार रक्षकका लागि खतरनाक स्थान भएको छ । उनीहरूले मानवअधिकार रक्षाका लागि गरेको योगदानका कारण धम्की पाएका हुन् । उनीहरूले धम्की, हतोत्साहन र जबर्जस्ती बेहोरिरहेका छन् । गलत ढंगले सजाय र उस्तै परे मानवअधिकारको कामका लागि उनीहरूले मृत्युसमेत वरण गर्नुपर्दछ । उनीहरूले सेनाद्वारा गरिने ज्यादतीको प्रचारप्रसार गर्ने गरेका छन् । उनीहरूले प्रहरी र गैरराज्य पक्षबाट भएका ज्यादतीको समेत कुरा उठाउने गरेका छन् । साथै उनीहरूले आप्रवासी, जनजातिका मन्छे, महिला र ती जसको वातावरणीय अधिकार चुनौतीमा परेको छ उनीहरूको अधिकारका बारेमा समेत अभियान सञ्चालन गर्ने गरेका छन् । यसले उनीहरूलाई प्रहरी, गैरकानुनी काम गर्ने व्यक्ति र जमिनदारहरूसँग तनावको वातावरण सिर्जना गराइदिएको छ ।

गरिबी र सीमान्तकृतका पक्षमा तथा सामाजिक, आर्थिक र राजनीतिक अधिकारका क्षेत्रमा आवाज उठाउने मानवअधिकारवादीहरूले खतरा महसुस गरिरहेका छन् । धम्की, आक्रमण र मानवअधिकारवादीको हत्याका घटना सायद नै राज्य वा संघीय सरकारले छानबिन गर्दछन् ।

'हामी महिला मानवअधिकार रक्षकहरूले सधैं डरमा बस्न सिकिरहेका छौं । यसका लागि हामी तालिमप्राप्त भइसक्यौं । तर, घटनाका क्रममा भएका चोटको क्षति भने अपूरणीय रहेको छ । यसको उपचार सम्भव देखिएको छैन । 'स्थिति सुध्रे पनि पुनः धम्की आउने गर्दछ' -पत्रकार लिदिया काचोले भनिन् । उनलाई पनि आक्रमण गरिनुका साथै हतोत्साहित गरिएको थियो र बालयौन दुराचार तथा महिला बेचबिखन बारेमा प्रचारप्रसार गर्दा क्विन्ताना राज्यले गैरन्यायिक हिरासतमा लिएको थियो । उनलाई एउटा ब्लगमार्फत १९ मे २००९ म ज्यान लिने धम्की दिइएको थियो । धम्कीम भनिएको थियो- 'प्यारी लिडिया क्याचो आफ्नो घाटी कटाउनका लागि तयार होऊ । तिम्रो राम्रो टाउको तिम्रो अपार्टमेन्टको बाहिर हुनेछ । हेरौं, तिमी कति साहसी रहिछौ ?'

त्यसै महिना लिडिया क्याचोको घर र कार्यालय अपरिचित मानिसहरूद्वारा खानतलासी गरियो । त्यो घटनाको कुनै छानबिन गरिएन । र, ती कार्यका लागि कसैलाई पनि न्यायको कठघरामा ल्याएको पाइएन । मानवअधिकार रक्षकहरूले यदि संरक्षण पाए भने त्यो अन्तर्राष्ट्रिय समुदायले दिएको दबाबकै कारण पाए । एम्नेस्टी इन्टरनेसनलले मानवअधिकार रक्षकका लागि प्रभावकारी र बृहद् घरेलु संरक्षण कार्यक्रम ल्याउन मेक्सिको सरकारलाई आग्रह गरेको छ ।

**तत्काल गर्नुहोस् :**

कृपया हस्ताक्षरित पोस्टकार्ड मेक्सिकोका आन्तरिक मन्त्री फर्नान्डो फ्रान्सिस्को गोमेज मन्ट उरेटालाई पठाउनुहोस् । उहाँलाई आग्रह गर्नुहोस् कि मानवअधिकार रक्षकका समस्यालाई प्राथमिकतामा पार्नुहोस् र विस्तृत रूपमा संरक्षणसम्बन्धी कार्यक्रम ल्याउनुहोस् । उनीहरूलाई कुनै डर र त्रासविना नै आफ्नो काम गर्ने वातावरणका लागि आग्रह गर्नुहोस् ।

# आत्मसम्मानका लागि आवाज दिनुहोस्

**आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन**

**गरिबी पैसासँग सम्बन्धित मात्रै छैन । गरिबीमा रहेकाहरुले जब आनो अनुभव सुनाउन थाल्छन्, उनीहरुले असुरक्षाको कुरा गर्दछन् । आफूलाई बाहेक गरिएको कुरा गर्दछन् । र, आवाजविहीन हुनुपरेको कुरा गर्दछन् । आफ्ना  धारणा र आवाज शक्तिमा रहेकाहरुले बेवास्ता गरेको कुरा गर्दछन् । एम्नेस्टी  इन्टरनेसनल उनीहरूको आवाज सुनाउनका लागि काम गरिरहेको छ ।**

मे २००९ म एम्नेस्टी इन्टरनेसनलले 'आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन' अभियान सुरु गऱ्यो । र, उनीहरूको गरिबीविरुद्धको अभियानम मानवअधिकारलाई केन्द्रम राख्न आग्रह गरियो । आगामी ६ वर्षसम्म एआईले गरिबीमाा पिल्सिएका तिनै मानिसका बारेमा अभियान सञ्चालन गर्नेछ । उनीहरूका कथा भन्न र उनीहरूको भविष्य सुनिश्चित गर्नका लागि आग्रह गर्नेछ ।

एम्नेस्टी इन्टरनेसनल प्रारम्भिक रूपमा अव्यवस्थित बसोबास क्षेत्र, मातृ मृत्युदर, संस्थागत जवाफदेहिता र कानुनलाई बलियो पार्नेतर्फ केन्द्रित हुनेछ । मानिसहरू बेबास्ता, असुरक्षा र आवाजको सुनुवाइ नगर्ने जस्ता कार्यबाट पीडित रहेका छन् । यसको समग्र उद्देश्य मानवअधिकार उल्लंघनको अन्त्य गर्नु हो, जसले मानिसहरूलाई गरिबीमा राखेको छ । साझेदार संस्थाहरूसँगको हाम्रो छलफल र ती जो गरिबीमा रहेका छन् । उनीहरूसँगको छलफलबाट एम्नेस्टी इन्टरनेसनल यस निष्कर्षमा पुग्यो कि मानवअधिकारविना गरिबीबाट मुक्ति सम्भव छैन । अनि मानवअधिकारलाई सम्बोधन नगरेसम्म अन्तिम परिवर्तन सम्भव छैन । मानवअधिकारको उल्लंघनले मानिसलाई गरिबीमा राख्ने काम गरिरहेको छ ।

यो कार्यक्रम सुरु भएको ६ महिनाका क्रममा एआईले आफ्नो अनुसन्धान सबै राष्ट्रमा गरेको छ । त्यसमा कायरोको अव्यवस्थित बसोबास क्षेत्रका मानिसलाई लडेको ढुंगाबाट बचाउन नसकिएको कुरादेखि प्यालेस्टाइनलाई पानीमा पहुँचसम्मको कुराको अध्ययन गऱ्यो । त्यस्तै सियरालियोनमा गर्भवती महिलालाई मानवअधिकारको अत्यावश्यकता, चाडमा जबर्जस्ती धपाउने कार्य, निकारागुवामा गर्भपतनमा रोक लगाइएपछि महिला र केटीहरूमा त्यसबाट परेको असर, पेरुमा जनजाति महिलामा रहेको उच्च मृत्युदर, इटालीमा जबर्जस्ती धपाउने कार्य, नाइजर डेल्टामा तेल उद्योगले कसरी मानिसहरूलाई गरिबीमा पार्दै प्रदूषणसमेत बढाइरहेको छ भन्ने कुरा अध्ययन गरेको छ । अक्टोबरदेखि डिसेम्बर २००९ सम्म भोपालमा बसबाट यात्रा गरी भोपाल घटनाको २५ औं वर्ष गाँठ सम्झने काम गरेको छ । सेप्टेम्बर २००९ मा एम्नेस्टी इन्टरनेसनलसहितको गैरसरकारी संस्थाहरूको गठबन्धनले विभिन्न ३३ हजारभन्दा बढी हस्ताक्षर संकलन गरी राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको ऐच्छिक उपलेखमा हस्ताक्षरका लागि आग्रह गरेको छ । ३१ वटा राष्ट्रले सन् २००९ को सेप्टेम्बर २४ यता मात्रै सो अभिसन्धिको ऐच्छिक उपलेखमा हस्ताक्षर गरेका छन् । संसारभरि मानिसहरूले उनीहरूको आत्मसम्मानको माग गरिरहेका छन् । उनीहरू अन्याय अन्त्य गर्न चाहन्छन् । उनीहरू आफूलाई अभावमा राख्ने कुराको सख्त विरोधमा छन् । उनीहरूको जीवनमा असर गर्ने गरी गरिएका निर्णयको अन्त्य चाहन्छन्, जसले उनीहरूको जीवनमा असर गरिरहेको छ । उनीहरू आफ्नो अधिकारको सम्मान गरियोस् भन्ने चाहन्छन् र आवाजको सुनुवाइ होस् भन्ने चाहन्छन् । तपाईंको आफ्नो आवाज पनि एआईको अभियानमा थप्नुहोस् ।

२० हजारभन्दा बढी सदस्य, अभियन्ता र साझेदार संगठन जो १ सय ७ भन्दा बढी मुलुकबाट प्रतिनिधित्व गर्दछन् उनीहरूले आफ्ना आवाजहरू डिमान्ड डिग्निटी अभियानमा समेटेका छन् । उनीहरूले के भने त्यो पढ्नका लागि वा आफ्नो आवाज थप्नका लागि जानुहोस् : www.demanddignity.org

**तपाई आफैले पनि आफ्नो मानवअधिकार र गरिबीसम्बन्धी धारणा आफ्नै भाषामा व्यक्त गर्न सक्नुहुन्छ । लेखोट पठाएर, एसएमएस पठाएर, तस्वीर स्क्यान गरेर वा पोस्टकार्ड पठाएर वा भिडियोको माध्यमबाट पनि पठाउन सक्नुहुन्छ ।**

सबैले देख्ने कुरा भनेको के हो भने आत्मसम्मानमा जातीयता हुँदैन । देश हुँदैन । रंग हुँदैन । लिंग हुँदैन ।

**अलेक्सिया लिया-कोनाकाउ, ग्रीस**

यो हाम्रो जन्मसिद्ध अधिकार हो । यसमा कहिल्यै पनि प्रश्न उठ्नु हुँदैन । हामीले एक अर्कामा सम्मान गर्नुपर्दछ । आत्मसम्मान भनेको शान्ति हो, दया हो, स्वतन्त्रता हो, सम्झौता हो र समानता हो ।

**सारुम जापान, जापान**

# आत्मसम्मानका लागि आवाज दिनुहोस्

'आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन' सफा आवास, सफा पानी, स्वच्छ खानामा पहुँच, स्वच्छ काम, शिक्षामा पहुँच, दिगो र आत्मनिर्भरतासहितको कृषि, स्वच्छ चुनाव, मानवमाथि जुनसुकै लिंग, जात, धर्म वा घटनामा पनि सम्मान हो ।

**रोइजिग रोबर्टसन, युके**

आत्मसम्मानका साथ बस्ने भनेको आफ्नो परिवारसँग आनन्दसँग बस्न पाउने अधिकार हो । उनीहरूले सुरक्षाका बारेमा चिन्ता गर्नु नपर्ने अवस्था हो ।

**नातासा डे मैरा, ब्राजिल**

'आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन' भनेको मेरो मानवअधिकार सरकारद्वारा सम्मान हुन्छ भन्ने हो । र, म कुनै अप्ठ्यारो, गरिबी र डरबाट मुक्त हुन्छु भन्ने हो ।

**अमेलिया क्लिना, क्यानडा**

'आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन' भनेको सबै खालका साधनस्रोतयुक्त जीवन भन्ने हो । एउटा उपयुक्त घर, औषधी, अध्ययनको अवसर, आफ्नो क्षेत्रमा व्यावसायिक बन्ने काम, देशबाट जबर्जस्ती लखेटिने अवस्था नहुनु, जताततै अवसरको खोजी गर्न सक्ने अवस्था नै हो ।

**जाम्बोबा एल साल्भाडोर**

यसको मतलब जबर्जस्ती गिरफ्तारीको डरबाट मुक्ति र जेल जान नपर्ने अवस्था हो । साथै अन्यायका विरुद्ध बोल्ने अधिकार, जाति, लिंग वा सामाजिक वर्गका लागि कानुनको समान अधिकार नै आत्मसम्मानसहितको मानवअधिकारका पक्ष हुन् ।

**सबिन म्याकडोवेल, अमेरिका**

म चाहन्छु मेरो गाउँमा भएका सबै कम्पनी पारदर्शी हुन् । तिनीहरू के गर्दैं छन् भन्ने कुराको जानकारी होस् । त्यो नै मेरा लागि आत्मसम्मान हो ।

**हममदित्सा, तान्जानिया**

आत्मसम्मानका साथ बस्ने भनेको सबैजसो सामाजिक परिपाटीयुक्त समाजमा पहुँच पनि हो । यसमा स्वतन्त्रतापूर्वक बस्ने अधिकार, स्वस्थ वातावरण तथा अधिकारको हनन नहुने व्यवस्था हो ।

**सन्नी मइकल,नाइजेरिया**

DEMANDDIGNITY.ORG

आत्मसम्मानमा बस्नु भनेको प्रजातान्त्रिक सरकार हुनु हो जुन भ्रष्ट हुँदैन, जसले जनताको इच्छा आत्मसात् गर्दछ ।

**अज्ञात, केन्या**

मेरा लागि आत्मसम्मानमा बस्ने भनेको सफा पिउने पानी पिउन पाउनु हो ।

**अज्ञात, केन्या**

# आत्मसम्मानका लागि आवाज दिनुहोस्

आत्मसम्मानमा बस्ने भनेको विश्वमा भोक, बेरोजगारी, आर्थिक संकट, सरुवा रोग, दासता र युद्धबाट मुक्ति पनि हो ।

**फ्लाभिओ सिल्भा, ब्राजिल**

स्वच्छ वातावरणमा बस्ने सम्भावना भनेको हरेक व्यक्तिलाई उपलब्ध हुनुपर्ने अधिकार हो । यो नै कुनै पनि व्यक्तिका लागि सबैभन्दा महत्वपूर्ण कुरा हो । यसलाई कसैले पनि टाढा लग्न सक्दैन । जेसुकै भए पनि आत्मसम्मान भनेको स्वतन्त्रता हो ।

**मर्सेल पेरेज, मेक्सिको**

आत्मसम्मान भनेको शान्ति हो ।आत्मसम्मान भनेको माया हो । आत्मसम्मान भनेको खुसी हो । आत्मसम्मान भनेको सद्भाव हो । आत्मसम्मान भनेको स्वतन्त्रता हो । आत्मसम्मान भनेको नैतिकता हो । आत्मसम्मान भनेको नागरिक सम्मान हो । आत्मसम्मान भनेको ज्ञान प्राप्त हुनु हो ।

**युनिभर्सल सिटिजन, अमेरिका**

आत्मसम्मान भनेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा भएका सबै अधिकारको उपभोग गर्न पाउनु हो ।

**लिटिल बिन, अस्ट्रेलिया**

आत्मसम्मानका साथ बस्नु भनेको तपाईका आधारभूत आवश्यकताहरू पूरा हुनु हो ।

**जोनादेसुसा, पोर्चुगल**

आत्मसम्मान भनेको धनसम्पत्तिको आपसमा बाँडफाँड र लाभ प्राप्त गर्नु हो । यदि मानिसलाई पानी प्राप्त छैन भने यो प्राप्त हुन सक्दैन । आवास, रोजगारी, सामुदायिक कुराका हिसाबले सबै कुरा पाइनु पर्दछ ।

**भेर्नोन ह्वाइट, बेलायत**

यसको मतलब तपाईका धारणा बाँड्नु हो । बलियो घर हुनु हो (पूर्वाधारका हिसाबले, देशका हिसाबले, वातावरणका हिसाबले मात्र होइन कि दिगो स्वास्थ्य र परिवारका हर हिसाबले)

**रिकार्डो कोस्टा, पोर्चुगल**



**DEMANDDIGNITY.ORG**

# इरान :
# न्यायका लागि तितो संघर्ष


**साथीहरू घेरिए किनकी तिनीहरूका कामले न्याय र कानुनी राज्यलाई अघि बढाउँदै इरानमा मानवअधिकारको प्रवर्द्धन गरे ।**

–सिरिन अवादी, जुलाई २००९ को नोवेल शान्ति पुरस्कारकी विजेता ।

राष्ट्रपति पदमा १२ जुन २००९ मा मोहम्मद अहमदिनेजादले विजय हासिल गरेपछि इरानमा यति बृहद् प्रदर्शन भयो कि यस खालको प्रदर्शन १९७९ को इस्लामिक क्रान्तिपछि देखिएको थिएन । लामो समयदेखिको मानवअधिकार उल्लंघन, अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देज, संगठित हुने अधिकारमाथि अवरोधजस्ता घटनाको प्रदर्शनका क्रममा विरोध भएको थियो । त्यो क्रम अझै पनि निरन्तर रहेको छ । इरानमा क्रान्तिको समयपछि यसपालि धेरैले दमन पनि देखे । यसले सन् १९९८ को जेलमा गरिएको आमहत्यालाई सम्झायो । जसमा हजारौं मानिस थुनेकै ठाउँमा मारिएका थिए । चुनावको बेलामा स्वतन्त्रता नदिएइकाले अरू सबै कुरा यसले छायामा पारेको थियो । राष्ट्रपतिका उम्मेदवारबीच टेलिभिजनमा वादविवाद गराइएकोमा सो कार्यक्रमलाई सरकारले प्रतिबन्ध लगाएको थियो । राष्ट्रिय सञ्चारमाध्यम स्वतन्त्र हुनुपर्ने हो तर त्यो देख्न सकिएन । धेरैजसो उम्मेदवारलाई अयोग्य ठहर गरियो, तिनमा महिला पनि थिए । अनि केवल ४ जनालाई मात्र राष्ट्रपति चुनावमा भाग लिन दिइयो । पराजित तीन उम्मेदवारको आलोचनाका बाबजुद धेरै ठाउँमा चुनावमा गरिएको धाँधलीका कारण इरानका सर्वोच्च नेता आयातोल्ला खोमेनीले नतिजा मान्नुभयो ।

## चरम दमन

इरानले प्रदर्शनकारीलाई सेटलाइटका माध्यम र इन्टरनेटमा समेत प्रतिबन्ध लगाएर व्यापक दमन गऱ्यो । सडकमा भएको प्रदर्शनको समाचार बनाउन सरकारले विदेशी सञ्चारमाध्यमका प्रतिनिधिलाई प्रतिबन्ध लगायो । फोन लाइन काटिनुका साथै एसएमएस मेसेज पठाउन पनि रोक लगाइयो । त्यसैबेला राष्ट्रपति अहमदिनेजादका विरोधीहरूलाई हतोत्साही गरिनुका साथै हिरासतमा लिइयो र पत्रकारहरूलाई घेराबन्दीमा पारियो ।





**बायाँ** : सयौं तथा हजारौं इरानीहरू राष्ट्रपतिको निर्वाचनपछि विरोध प्रदर्शनमा उत्रिए, तेहरानको आजादी चोक, जुन २००९ मा ।

**माथि** : इरानका सादा पोसाकका सुरक्षाकर्मी प्रदर्शनकारीलाई पिट्दै । जो राष्ट्रपति निर्वाचनको विरोधमा प्रदर्शनमा उत्रिएका थिए, जुन २००९ मा ।

पत्रपत्रिका र वेबसाइटहरू बन्द गरिए। एक हप्तासम्मको बढ्दो तनावपछि इरानका सर्वोच्च नेता र अन्य शक्तिशाली व्यक्तिले आफ्नो धैर्य गुमाउन पुगे। र, सुरक्षाकर्मीलाई व्यापक गिरफ्तार गर्न र स्वयंसेवक बसिजलाई हिंसात्मक तरिकाले व्यापक गिरफ्तारी गर्न आग्रह गरियो। यस्ता गम्भीर दृश्यहरू संसारभरि देखियो। जसमा मृत्युको मुखमा पुऱ्याइएकी एक कलिलो उमेरकी युवतीको फुटेज पनि थियो। नेदा अघा सोल्तान नामकी ती युवती तेहरानमा भएको शान्तिपूर्ण प्रदर्शनका क्रममा गोलीप्रहारबाट मारिएकी थिइन्। उनी बसिजको गोलीबाट मारिएकी भए पनि कसैलाई पनि जेलमा पठाइएन। प्रदर्शन जारी रह्यो र मृत्यु, गिरफ्तारी र घाइतेको संख्या बढ्दै गयो। सरकारी तथ्यांकअनुसार मृतकको संख्या ३६ पुग्यो। तिनमा बसिजका सदस्य पनि थिए। विपक्षी समूहहरूले सरकारबाट मारिएकाहरूको संख्या ७० भन्दा माथि भएको जनाए। सुरक्षाकर्मीको हिंसालाई मोबाइलमा भिडियो रेकर्ड गरिएको थियो। र सरकारी अधिकारीहरूलाई चुनौती दिने गरी त्यसलाई इन्टरनेटमा प्रस्तुत गरिएको थियो। सरकारी वक्तव्यमा भने मानवअधिकार सामान्य भएको जनाइएको थियो। ती भिडियोले सरकारले ढाँटेको कुरा देखाउँदै ज्यादती रोक्न राज्य असफल भएको र अपराधीहरूलाई उन्मुक्ति मिलेको कुरा उल्लेख गरेको थियो। राष्ट्रपतिको पदभार ग्रहण ५ अगस्टका दिनसम्म चुनावयताका सबै घटनालाई जोड्दा झन्डै १ सय मानिस मारिए।

## बलात्कार र अन्य यातना

समय बित्तै गर्दा यातना र अन्य दुर्व्यवहारका घटनासमेत खुल्दै गए। कह्रीजाक हिरासत गृहको अवस्था साँच्चै नाजुक रहेको थियो। जुन तेहरानको बाहिरी भागमा रहेको थियो। जसमा एकजना पराजित राष्ट्रपतिका उम्मेदवारका छोरालाई समेत दुर्व्यवहार भएको थियो। नोभेम्बर महिनामा डा. रमिन पौर्नादर्जीनी नामका एक जना युवा डाक्टरलाई संदिग्ध घटनामा मारिएकालाई पनि मेनेन्जाइटिसबाट मरेको भनेर प्रमाणित गरिदिन दबाब दिइएको थियो। यस्तै अत्याउने खालका अन्य थुप्रै तथ्यांक थिए, जसमा महिला र पुरुषलाई हिरासतगृहमा बलात्कार गरिएका घटनासमेत सार्वजनिक भएका थिए। उनीहरूलाई बोतल वा लौरोले हिर्काएको घटना सार्वजनिक भएका थिए। हिरासतमा बलात्कार गर्ने ती घटनाहरूमा सुरक्षा फौज, जेलका गार्ड, प्रहरी र बसिज मिलिसियाको नामसमेत आएको थियो।

## आमगिरफ्तारी र देखावटी छानबिन

अगस्टसम्ममा कम्तीमा ४ हजार मानिस गिरफ्तार गरिए। सम्भवतः यो भन्दा पनि बढी मानिस गिरफ्तारमा परेका हुन सक्छन्। धेरै केही दिनमा नै छुटे। तर, अन्यलाई लामो समयसम्म सम्पर्कविहीन अवस्थामा राखियो। सो गिरफ्तारीपछि पक्राउ गर्ने क्रम अझ बढेको छ। विपक्षीहरूले प्रदर्शनलाई निरन्तरता दिइरहे। इरानको विद्यार्थी दिवस ७ डिसेम्बरको अघि र पछि थुप्रै विद्यार्थी गिरफ्तार गरिए। विदेशी नागरिक, द्वैध नागरिक र अन्य राष्ट्रसँग सम्पर्क भएका मानिसहरू जस्तो अमेरिका र बेलायतसँग सम्पर्क भएकाहरू गिरफ्तारीमा परे। झन्डै १ सय जना चुनावपूर्वको गिरफ्तारीमा परेका थिए। त्यसमा राजनीतिकर्मी, पत्रकार र शिक्षाक्षेत्रका मानिस पनि थिए। उनीहरूले मास शो ट्रायलमा भाग लिए। जुन १ अगस्ट्मा सुरु भएको थियो। केहीले गल्ती महसुस गर्नुका साथै उनीहरूलाई क्षमायाचनासमेत गराइएको थियो। धेरैलाई कानुनी प्रतिनिधित्व गर्नबाट वञ्चित गरिएको छ। डिसेम्बर सम्ममा ५ जनालाई मृत्युदण्ड दिइएको छ। अन्य ८० जनालाई आजीवन कारावासको सजाय सुनाइएको छ।

## अन्तर्राष्ट्रिय ऐक्यबद्धता

विश्व परिवर्तन नभई बस्न सक्दैन। २५ जुलाईका दिन विश्वका करिब १सय ५ शहरमा इरानमा मानवअधिकार उल्लंघन अन्त्यको आग्रह गर्दै प्रदर्शन गरियो। इस्तानबुलमा एआईका अभियन्ताहरू शहरको व्यस्त चोकमा कालो अक्षरमा यातना, सेन्सरसिप र दमन लेखेर बसेका थिए। बेलुन एकएक गरेर फुटाइएको थियो र अन्त्यमा एउटा ब्यानरमा भनिएको थियो- 'अहिले नै इरानमा मानवअधिकार।' भेनेजुएलाका अभियन्ताहरूले काराकासस्थित इरानी दूतावासमा त्यो लेखोट दिने प्रयत्न गरेका थिए। तर, कसैले पनि यो लिन चाहेका थिएनन्। उनीहरूले यसलाई ढोकामा ठेले। उनीहरूका पोस्टर स्पेनिस र पर्सियन भाषामा लेखिएका थिए। जसमा भनिएको थियो- 'रक्तपात पुग्यो, आस्थाका बन्दीहरूलाई रिहा गर र शान्तिपूर्ण प्रदर्शन अधिकार हो।'

## निरन्तरको दमन

६ महिनाभन्दा बढी अधिकारीहरूले उच्चस्तरीय हिंसा र जबर्जस्ती प्रदर्शनीको काम गरे। अदालतले न्यायका लागि प्रयास गर्नुको सट्टामा राज्यका दमनकारी निकायको जस्तो भूमिका निर्वाह गरे। सुरक्षा निकायलाई दण्डहीनताको उपभोग गर्न दिए। इरानमा मानवअधिकारको रक्षाका लागि तत्काल कदम चाल्नु आवश्यक छ।


## तत्काल गर्नुहोस् :

कृपया एउटा पोस्टकार्डमा हस्ताक्षर गरी इरानका सर्वोच्च नेतालाई पठाउनुहोस्। उहाँलाई राष्ट्रसंघका विशेष प्रतिवेदकलाई इरानमा आउनका लागि अनुमति दिन आग्रह गर्नुहोस्। इरानका सर्वोच्च नेतालाई निरन्तर रूपमा भन्नुहोस् कि आस्थाका बन्दीहरूलाई विनाकुनै पूर्वसर्त रिहा गरियोस्। हिरासतमा रहेका अन्यलाई रिहा नहुन्जेलसम्म निष्पक्ष व्यवहार गरियोस्। पक्षपातपूर्ण व्यवहारका कारण मृत्युदण्डको सजाय सुनाइएकाहरूका हकमा व्यवहार गर्न र देखावटी काम नगर्न आग्रह गर्नुहोस्।

शान्तिपूर्ण प्रदर्शनको अनुमति दिन, गैह्रकानुनी रूपमा मार्ने काम रोक्न, यस्ता काममा बसिज मिलिसिया समूहको प्रयोग रोक्न र कानुन कार्यान्वयन निकायका अधिकारीहरूलाई अन्तर्राष्ट्रिय मूल्य र मन्यताअनुसार काम गर्नका लागि निर्देशन दिन आग्रह गर्नुहोस्। यातना र अन्य दुर्व्यवहारको अन्त्य गरियोस् र यातना तथा अन्य दुर्व्यवहारसम्बन्धी घटनाको न्यायालयमा प्रवेशलाई रोकियोस्।

**कृपया लेख्नुहोस् :**
Leader of the Islamic Republic Ayatollah Sayed 'Ali Khamenei
The Office of the Supreme Leader
Islamic Republic Street, end of Shahid Keshvar Doust Street
Tehran, Iran

For more information
थप सूचनाका लागि
एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन
Iran: Election Contested, Repression Compounded
(Index MDE 13/123/2009) 2009 at http://snipr.com/u4xfd




**माथि** : विपक्षी नेता मिर होसेन मैसभी बीचमा दायाँ तेहरानको एउटा प्रदर्शनमा सम्बोधन गर्दै, जुन २००९ । तस्वीर : एपी पीए/घालाम न्युज

**तल बायाँ** : तेहरान विश्वविद्यालयबाहिर प्रदर्शनकारीलाई लखेट्दै इरानका दंगा प्रहरी । तस्वीर : एपी पीए

**तल दायाँ** : प्रदर्शनकारीहरू राष्ट्रपति निर्वाचनको परिणामपछि तेहरानको सडकमा प्रदर्शन गर्दै, जुन २००९मा । तस्वीर : जाभाद् मेन्टाजरी





# भारतमा आल्मुनियम प्रशोधनका कारण अप्ठ्यारो

भारतको उडिसामा आल्मुनियम प्रशोधन केन्द्रको विस्तारले ठूलो विरोधको सामना गरिरहेको छ। वायरले विगतमा रिपोर्ट प्रकाशित गरेअनुसार (अंक ३९;०५) अभियन्ताहरूले भनेअनुसार नियामगिरि पहाडको प्रस्तावित खानी र नजिकै लन्जिगढमा विस्तार गरिन लागेको प्रशोधन केन्द्रले स्थानीय मानिस र वातावरणलाई ठूलो क्षति पुगेको छ। तीमध्ये धेरैजसो आदिवासी र दलित जाति रहेका छन्। बेलायतको वेदान्त रिसोर्सेसले यो प्रशोधन केन्द्र सन् २००६ देखि सुरु गरेको हो।

एम्नेस्टी इन्टरनेसनलको आगामी प्रतिवेदन 'हाम्रो अस्तित्वबाहिर हामीलाई खानीमा नपार, आल्मुनियम खानीका कारण भारतमा उत्पन्न डरलाग्दो संकट' ले मानवअधिकार उल्लंघनका शृंखलाबद्ध घटनाको उल्लेख गरेको छ। स्थानीय समुदाय जसको भूभाग स्थानीय मानिसद्वारा कब्जामा लिइएको छ। उनीहरू आफ्नो जीवनका लागि लडिरहेका छन्। साथै स्थानीय पानीमा थेग्रिएको सामग्री, फोहर र प्रदूषणले उनीहरूको जिन्दगीलाई नै कम आँक्ने प्रयास गरिरहेको छ।

यसबाहेक वेदान्तले यो कम्पनीको ६ गुणा विस्तार गर्न लागेको छ। सो विस्तारले अझै पनि खानीबाट स्थानीय मानिसको मानवअधिकारको उल्लंघन गर्ने स्थिति देखिएको छ। त्यसैगरी नियामगिरि पहाडमा विस्तार गर्न लागिएको खानीले त्यहाँ रहेका डोंग्रिया कोन्ध जातिको जीवनमा गम्भीर असर परेको छ।

तोकेर भन्दा उनीहरूको पानी, खाना, स्वास्थ्य र कामको अधिकारमा असर गरेको छ। यी अधिकारहरू वेदान्तद्वारा बेवास्ता गरिएका छन्। प्रभावित परिवारसँग खानीका बारेमा कुनै परामर्श गरिएको छैन। अनि उनीहरूलाई खानीका बारेमा पूर्ण स्वतन्त्रता दिइएको छैन। सो खानीका बारेमा दिइएको कानुनी चुनौती सर्वोच्च अदालतले अस्वीकार गरेको छ। खानी सुधार गर्नुअघि भारतको वन र वातावरण मन्त्रालयले अनुमति दिन भने अझै बाँकी रहेको छ।



भारतको उडिसाको लन्जिगढस्थित वेदान्त प्रशोधन केन्द्र केन्डुगुढा गाउँबाट देखिएको दृश्य, मार्च, २००९मा।

**तत्काल गर्नुहोस् :**

कृपया वेदान्तलाई लन्जिगढ प्रशोधन केन्द्रका कारण मानवअधिकारको हनन भएको कुरा भन्नुहोस् र प्रस्तावित परियोजनाको मानवअधिकारसम्बन्धी प्रभावको निष्पक्ष र उपयुक्त रिपोर्ट नआएसम्म र स्थानीय बासिन्दासँग परामर्श नगरेसम्म यो काम अघि नबढाउन आग्रह गर्नुहोस् :

**कृपया लेख्नुहोस् :**

Mr MS Mehta
CEO – Vedanta Resources Plc
16 Berkeley Street London,
W1J 8DZ
United Kingdom
Fax: +44 20 7491 8440
ms.mehta@vedanta.co.in

विश्वव्यापी
अपिल इन्सर्ट
तत्काल गर्नुहोस्

# एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी अनुरोध

## मोल्दोभा

### ओक्साना रादु

**हिरासतमा दुर्व्यवहार**



मेल्दोभामा सयौं मानिस जसमा बालबालिकाहरू पनि रहेका छन्। उनीहरूलाई प्रहरीले हिरासतमा दुर्व्यवहार गर्ने गरेको छ। अप्रिल २००९ को संसदीय निर्वाचनको परिणाम घोषणापछिको प्रदर्शनमा उनीहरूलाई पक्राउ गरिएको हो। ओक्साना रादु ३६ जना पक्राउ परेका कलिलो उमेरका मान्छेमध्येका एक हुन्। उनी दक्षिणी मेल्दोभाबाट राजधानी चिसिनाउतर्फ प्रदर्शनमा भाग लिन जाँदै थिए। उनीहरूका दुई मिनीबस बाटामा रोकिएपछि ७ र ८ अप्रिलका दिन उनीहरू मध्यरातमा घर फर्कने तयारीमा लागे। उनीहरूलाई चिसिनाउस्थित प्रहरी स्टेसनमा लगियो। जहाँ ओक्साना रादु र अन्य सदस्यहरूलाई दुर्व्यवहार गरियो।

ओक्साना रादुले एम्नेस्टी इन्टरनेसनललाई भने- 'उनीहरूले मलाई एउटा कोठामा जान भने। जहाँ एक जना पुरुष र अर्की एक जना महिला प्रहरी थिए। मलाई उनीहरूले नाँगै बनाए। मैले आफ्नो लाज पाखुराले छोप्ने प्रयत्न गरेँ। मलाई लज्जित बनाएर उनीहरू हाँसे।' 'तँलाई चिसो भयो अब हामी गरम बनाउँछौं' उनीहरू भनिरहेका थिए। 'मलाई जनावरको जस्तो बस्न भनियो' - उनले भनिन्। उनलाई एउटा सेलमा लगियो र उनकी दिदी र अन्य चार जना महिलासँग राखियो। उनीहरूलाई खाना र पानीविना नै दुई दिनसम्म राखियो। अनि परिवारका सदस्यसँग भेट गर्न दिइएन र वकिलसँग पनि सम्पर्क गर्न दिइएन।

ओक्साना रादुलाई प्रहरीसँग चिच्याएको आरोप लगाउँदै ५ दिनसम्म प्रशासनिक हिरासतमा राख्ने भनियो। उनलाई १४ अप्रिलको बिहान २ बजे छोडियो। ओक्साना रादुले उनको उपचारका लागि आधिकारिक रूपमा उजुरी दर्ता गराइन्। तर अभियोजकले उनको उजुरीका बारेमा छानबिनका लागि असहमति प्रकट गरे।

कृपया अभियोजकलाई लेखी पठाउनुहोस् र भन्नुहोस् कि उक्त मुद्दामा ओक्साना रादुलाई प्रहरी हिरासतमा भएको अपराधबारे अनुसन्धान गरियोस् र जिम्मेवारलाई कानुनको कठघरामा ल्याइयोस्।

**अपिल पठाउनुहोस् :**

Valeriu Zubco
General Prosecutor
Str. Mitropolit Beneleski-Bodoni, 26
Chi_inu MD-2005
Moldova

**थप सूचनाका लागि हेर्नुहोस् :**
Police torture and other ill-treatment: It's still 'just normal' in Moldova (AI Index: EUR 59/009/2009)

## ट्युनिसिया

### सोलिमन ग्रुप/साबेर रागौबी

**यातनाका पीडितका बारेमा पक्षपातपूर्ण सुनुवाइ**



डिसेम्बर २००६ र जनवरी २००७ मा ३० जना मानिस गिरफ्तार गरिए। उनीहरूलाई सुरक्षा निकाय र सशस्त्र समूहसँग टचुनिसनजिकै सोलिमन शहरमा हिंसात्मक झडपमा संलग्न भएको भन्ने आरोप लगाइयो। उनीहरू हरेकलाई न्यायाधीशसामु उपस्थित गराउनुभन्दाअघि लामो समयसम्म हिरासतमा राखियो। जबकी त्यहाँको कानुनमा ६ दिनसम्म मात्रै हिरासतमा लिन सकिने व्यवस्था रहेको छ।

उनीहरूलाई सरकार फाल्ने षड्यन्त्रमा संलग्न भन्ने सम्मको अभियोग ३० नोभेम्बर २००७ मा लगाइयो। उनीहरू आतंककारी समूहमा संलग्न भएको भन्ने आरोप पनि लगाइयो। उनीहरूले सबै अभियोग अस्वीकार गरे। उनीहरूको अभियोगको केही भागको एआईले पर्यवेक्षण पनि गरेको थियो। जुन छानबिन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप थिएन। ती मानिसहरूले आफूहरू प्रहरी हिरासतमा रहेका बेलामा यातना दिइएको र दुर्व्यवहार गरिएको अदालतसामु बताएका छन्। सिलिङमा झुन्डचाइएको, मुड्कीले हानिएको, लौरोले हिर्काएको, हिँड्न लगाइएको, विद्युतीय झड्का लगाइएको, ज्यान मार्ने धम्की दिइएको समेत अदालतसमक्ष उनीहरूले बताएका छन्। कतिपय हिरासतमा लिइएकालाई बलात्कारको धम्की दिइनुका साथै आमा र दिदीबहिनीलाई बलात्कारको धम्की दिइएको समेत जनाएका छन्। एक जना प्रतिरक्षकले न्यायाधीशसँग भने- 'मलाई मेरिगाउ जेलमा दुर्व्यवहार गरियो। त्यसबाट मैले तीनवटा दाँत पनि गुमाएँ। म यो दुर्व्यवहारको छानबिनको माग गर्दछु। मलाई नाँगै पारेर दाह्री काट्न पनि भनियो।' तर, अदालतले उनको मुद्दालाई राम्रोसँग सम्बोधन गरेन। २९ जना मानिसलाई ३ वर्षको बीचमा आजीवन कारावासको सजाय सुनाइएको छ। सबिर रागौबीले मृत्युदण्डको सजाय पाएका छन्। उनलाई अहिले एकान्तमा राखिएको छ। परिवारका सदस्यलाई पनि भेट्न र पत्राचार गर्न पनि दिइएको छैन। जुन टचुनिसियाली कानुनको बर्खिलाप रहेको छ।

कृपया सबिर रागौबीको मृत्युदण्डको सजाय स्थगन गर्न, उनलाई मानवीय व्यवहार गर्न र औषधोपचार र परिवारसँगको पहुँच दिन आग्रह गर्दै लेख्नुहोस्। सबै ३० जनाको पुनः अन्तर्राष्ट्रिय मन्यताअनुसार छानबिन गर्न आग्रह गर्नुहोस्।

**अपिल पठाउनुहोस् :**

President Zine El Abidine Ben Ali
Palais Présidentiel
Tunis
Tunisie
Fax: + 216 71744721
Salutation: Your Excellency

## क्युबा

### लेस्टर गोन्जालेज पेन्टोन

### ट्रेड युनियनकर्मीलाई २० वर्षको जेल

क्युबामा सबै मानवअधिकार, नागरिकअधिकार, व्यावसायिक संघसंस्था र ट्रेड युनियनहरू जो सरकारद्वारा नियन्त्रित होइनन् उनीहरू सबै अवैध मानिन्छन् । लेस्टर गोन्जालेज पेन्टोर यस खाले दुईवटा मानवअधिकारवादी संस्थामा काम गर्दै आएका थिए । रिजन, ट्रुथ एन्ड फ्रिडम हुमन राइट्स मुभमेन्ट (मेभिमिन्टो प्रो डेरेकोज् हुमनोज् राजोन् भर्दाद वाई लिबर्टाड) र क्युबन कन्फेडेरेसन अफ डेमोक्रेटिक वर्कर्स मा उनी काम गर्थे । यही कारणले उनी अहिले २० वर्षे जेलजीवन बिताइरहेका छन् ।

२००१ र २००२ मा उनी प्रहरी अधिकारीद्वारा हतोत्साहित गरिए । १८ मार्च २००३ मा उनी गिरफ्तार गरिए र उनलाई अवाञ्छित संगठनसँग सम्पर्कमा रहेको आरोप लगाइएको छ । र, राष्ट्रप्रमुखप्रति श्रद्धा नगरेको भन्ने आरोप पनि लगाइएको छ । उनलाई ७ अप्रिल २००३ मा पेनल कोडको धारा ९१ अन्तर्गत जेलमा हालिएको हो । उनलाई राज्यको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताविरुद्ध कदम चालेको आरोप लगाइएको छ । उनलाई थुनेको कागजातमा जनाइएअनुसार अमेरिकाको मियामीमा रेडियो स्टेसनलाई क्युबाको मानवअधिकारका बारेमा गलत सूचना दिइएको भन्ने आरोप पनि रहेको छ ।

मार्च २००३ को धरपकडमा पक्राउ गरिएका ७५ जना मानिसमध्ये २६ वर्षीय उनी सबैभन्दा कम उमेरका हुन् । एम्नेस्टी इन्टरनेसनल लेस्टर गोन्जालेज पेन्टोन आस्थाका बन्दी भएको ठहर गर्दछ र उनलाई अभिव्यक्ति स्वतन्त्रता र संगठित हुने स्वतन्त्रता प्रयोग गरेबापत जेलमा राखेको ठान्दछ ।

कृपया क्युबाका राष्ट्रपतिलाई लेस्टर गोन्जालेज पेन्टोनलाई तत्कालै र विनाकुनै पूर्वसर्त रिहाइको आग्रह गर्दै पत्र पठाउनुहोस् ।

**अपील पठाउनुहोस् :**

Sr.Raúl Castro Ruz
La Habana, Cuba
Fax: + 53 783 33085 (via Ministry of Foreign Affairs)
or + 1 212 7791697
(via Cuban Mission to UN)
Email: cuba@un.int (c/o Cuban Mission to UN)
Salutation: Su Excelencia/ Your Excellency

## म्यान्मार

### जायर थ

### युवा अभियन्ता ६ वर्षदेखि जेलमा



युवा अभियन्ताहरूको प्रभावशाली संस्था जेनेरेसन वेभका नेतृत्वदायी भूमिका खेलिरहेका जायर थ हाल म्यान्मारमा ६ वर्षको जेलजीवन बिताइरहेका छन् । उनलाई अवैध संगठन खोलेको आरोप लगाउँदै २० नोभेम्बर, २००८ मा गिरफ्तार गरिएको हो । उनलाई विदेशी मुद्राको अवैध कारोबार गरेको समेत आरोप लगाइएको छ । जब उनी गिरफ्तार गरिए त्यतिबेला उनी २० अमेरिकी डलरभन्दा पनि कम रकम बोकेको अवस्थामा भेटिएका थिए । यी दुई अभियोगका कारण उनी सबैभन्दा बढी सजाय भोगिरहेका छन् । एम्नेस्टी इन्टरनेसनल उनलाई आस्थाका बन्दी ठान्दछ । जायर थ ले सन् २००७ को अगस्ट र सेप्टेम्बर महिनामा प्रजातन्त्र पक्षको आन्दोलनमा भएको हत्या र गिरफ्तारीको विरोधका लागि जेनेरेसन वेभको गठन गरेका हुन् । यो संगठनले विद्यार्थी र युवाहरूलाई सैनिक सरकारका विरुद्धमा शान्तिपूर्ण रूपमा पोस्टर टाँस्ने, लिफलेट वितरण गर्नेलगायतका कार्य गर्दै आएको छ । जायर थ ले यो कार्य गर्दै आएका थिए । म्यान्मरमा राजनीतिक परिवर्तनका लागि आफैभित्रबाट दबाब दिनुपर्दछ भन्ने उनको मन्यता थियो ।

नोभेम्बर २००७ मा उनले मिजिम न्युजमा एक अन्तर्वार्ता दिएका थिए । त्यसमा उनले भनेका थिए- 'जेनेरेसन वेभ अन्तर्राष्ट्रिय दबाबको स्वागत गर्दछ । हामी आफैभित्रबाट आन्तरिक दबाब नभएसम्म शासन चलाइ रहेको जुन्तामा परिवर्तन हुँदैन ।'

उनको गिरफ्तारी भएको १२ मार्च २००८ मा जायर थलाई याङुनको इन्सिन जेलमा राखियो । हिरासतमा राखिएपछि उनलाई दक्षिणी म्यान्मारको काथाउङ जेलमा लगियो । त्यसो गर्नुको कारण उनका परिवारका सदस्यलाई भेट्न अप्ठचारो होस् भनेर नै हो । कम्तीमा १३ जना जेनेरेसन वेभका अन्य सदस्य पनि गिरफ्तार गरिए । तीमध्येका ६ जना ५ देखि ८ वर्षको जेलजीवन बिताइरहेका छन् । कृपया जायर थलाई तत्काल र विनाकुनै पूर्वसर्त रिहा गर्न आग्रह गर्दै म्यान्मारका अधिकारीहरूलाई पत्र पठाउनुहोस् ।

**अपिल पठाउनुहोस् :**

Minister for Home Affairs
Major General Maung Oo
Ministry for Home Affairs,
Office No. 10,
Naypyitaw,
Union of Myanmar
Salutation: Dear Major General

## जिम्बाबे

### वजा

## महिला अधिकार आक्रमणमा



महिलाअधिकारवादीहरूको समूह ओमन अफ जिम्बाबे एराइज (वजा) का समर्थितहरू भ्यालेन्टाइन डेको अवसरमा सन् २००३ मा आयोजित शान्तिपूर्ण प्रदर्शनका क्रममा गिरफ्तारमा परे। केहीलाई ४ घण्टासम्म गिरफ्तार गरियो र केहीलाई रातभरि राखियो। त्यसपछि वजाका सदस्यहरूलाई नियमित रूपमा गिरफ्तार गर्ने काम भइरहेको छ। उनीहरूलाई प्रहरीले धम्क्याउने, हतोत्साहित गर्ने र दुर्व्यवहार गर्ने काम गरिरहेको छ।

शान्तिपूर्ण आन्दोलनमा उत्रेकालाई गिरफ्तार गर्ने क्रम निरन्तर रूपमा भइरहेको छ। गिरफ्तार पर्नेहरूमध्ये केही गर्भवती थिए र केही बच्चासँगै पनि थिए।

२८ मे २००८ मा १४ जना वजाका सदस्यहरू प्रहरीद्वारा हरारेमा गिरफ्तारमा परे। दोस्रो चरणको राष्ट्रपतीय निर्वाचनका क्रममा राज्य नियन्त्रित हिंसाको विरुद्धमा प्रदर्शन गर्ने क्रममा सो गिरफ्तारी भएको थियो। १२ जना अभियन्ता ११ जुनमा धरौटीमा छुटे। जबकी वजाका नेता जेन्नी विलियम्स र म्यागोडोङा महलाङ्गुको धरौटी अस्वीकार गरियो र ३७ दिनसम्म हिरासतमा राखियो। दुई जना वजा नेताको परिक्षण जारी रहेको छ। यदि उनीहरू दोषी साबित भएमा ५ वर्षसम्म जेलजीवन बिताउनु पर्नेछ।

३ हजारभन्दा बढी वजाका सदस्यहरूले प्रहरी हिरासतमा समय बिताएका छन् र गिरफ्तारीको धम्कीले मानवअधिकारका कार्य छायाँमा पर्दै आएका छन्। परम्परागतरूपमा फेब्रुवरी र मार्च महिनामा त्यहाँका महिलाले बेहोर्नुपरेको पीडालाई ध्यान दिँदै वजाले प्रदर्शन गर्दै आएको छ। यसमा उनीहरूले महिलाको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा पहुँचको आवाज उठाउँदै आएका छन्। जिम्बाबेमा महिलाअधिकारको आवाज उठाउनका लागि फेब्रुवरी र मार्च महिना विशेष महिना हुन् र यी महिनामा तपाईंबाट हुने सहयोगले महिला अधिकारको सुनिश्चितताका लागि मद्दत गर्न सक्नेछ।

कृपया वजाका कार्यकर्तालाई प्रहरीद्वारा बारम्बार भइरहेको जबर्जस्ती पक्राउ, धम्की, हतोत्साहित पार्ने कार्य र दुर्व्यवहार रोक्नका लागि त्यहाँका प्रहरी आयुक्तलाई लेखी पठाउनुहोस्। उनलाई वजा सदस्यको अधिकारको रक्षा गर्न र उनीहरूलाई संवैधानिक र अन्तर्राष्ट्रिय रूपमा ग्यारेन्टी गरिएको अभिव्यक्ति, संगठित हुने र भेला हुन पाउने अधिकारको रक्षाका लागि आग्रह गर्नुहोस्।


**पत्र पठाउनुहोस्** :

Commissioner General of Police Augustine Chihuri
Zimbabwe Republic Police
Police Headquarters
PO Box 8807 Causeway
Harare Zimbabwe
Fax: +263 4 253 212
Salutation: Dear Commissioner-General

## चीन

### धोन्दुप वाङ्चेन

## डकुमेन्ट्री फिल्म निर्माता अनुसन्धानमा



तिब्बती चलचित्र निर्माता धोन्दुप वाङ्चेनलाई बेइजिङ ओलम्पिक २००८ को पूर्वसन्ध्यामा एउटा डकुमेन्ट्री बनाएका कारण अनुसन्धानका लागि राखिएको छ। उनले हिरासतगृहबाट पठाएको एउटा पत्रमा भनिएको छ- 'मसँग तपाईंलाई सेयर गर्ने खालको राम्रो समाचार छैन। म यो सेयर गर्न चाहन्छु ... अझै कतिन्जेल यसो गरिन्छ प्रस्ट छैन।

डकुमेन्ट्रीमा तिब्बतीहरूका कैयौं अन्तर्वार्ता समेटिएको छ। तीमध्ये अधिकांशले चिनियाँ अधिकारीप्रति आक्रोश पोखेका छन्। उनीहरूले ओलम्पिकअगाडि धेरै स्वतन्त्रताको अपेक्षा गरेका छन्। त्यो फिल्म स्विजरल्यान्डमा पुर्‍याइयो, जसलाई वाङ्चेनका भतिज ग्याल्जोङ क्षेत्रिनले सम्पादन गरेका थिए।

२६ मार्च २००८ मा धोन्दुप वाङ्चेन क्विन्घाई प्रान्तमा गिरफ्तारीमा परे। उनी त्यहाँबाट १३ जुलाई २००८ मा उम्किए र भतिज ग्याल्जोङलाई फोन गरे। उनलाई त्यसपछि पुनः गिरफ्तार गरियो। उनलाई अहिले जिनिङको सिटी नं १ हिरासत केन्द्रमा राखिएको छ। उनका भतिजालाई फोनका क्रममा वाङ्चेनले भने कि उनलाई हिरासतमा यातना दिइएको छ। उनलाई केही दिनसम्मको अनुसन्धानका क्रममा कुटपिट गर्नुका साथै टाउकोमा मुड्कीले हान्ने कामसमेत गरिएको छ। उनलाई खाना र निन्द्राबाट वञ्चित गरिनुका साथै कुर्सीमा बाँध्ने कामसमेत गरिएको जनाइएको छ। उनलाई हेपाटाइटिस 'बी' भए पनि उनले कुनै उपचार पाउन सकेका छैनन्।

अधिकारीहरूले वाङ्चेनलाई पृथकतावादीलाई मद्दत पुर्‍याएको आरोप लगाएको छ। तर, उनको छानबिन कता भइरहेको छ भन्ने खुलेको छैन। जुलाई २००९ मा एक वकिललाई अधिकारीहरूले वाङ्चेनको प्रतिनिधित्व नगर्न दबाब दिएका थिए। यसले गर्दा उनको छानबिनमा आशंका उत्पन्न भएको छ।

कृपया, धोन्दुप वाङ्चेनलाई तत्काल र विनाकुनै पूर्वसर्त रिहाइ गर्न र उनलाई यातना दिनेलाई न्यायको कठघरामा ल्याउन आग्रह गर्दै चिनियाँ अधिकारीहरूलाई लेखी पठाउनुहोस् :

Minister of Justice
WU Aiying Buzhang
Sifabu
10 Chaoyangmen Nandajie,
Chaoyangqu
Beijingshi 100020
People's Republic of China
Salutation: Your Excellency

**तपाईंलाई थाहा छ ?**

## अधिकारका लागि लेखन

एम्नेस्टी इन्टरनेसनलको अधिकारका लागि लेखन कार्यक्रम २००९ को ५ देखि १३ डिसेम्बरसम्म चल्यो। ४२ देशका सहभागीहरूले पत्र, इमेल, फ्याक्स, अपिललगायतका माध्यमबाट कोलम्बिया, इजिप्ट, इक्वेटोरियल गुएना, इथियोपिया, ग्रीस, नेपाल, निकारागुवा, प्यालेस्टाइन अधीनस्थ क्षेत्र, उज्वेकिस्तान र भियतनाममा मानवअधिकार उल्लंघनका बारेमा कुरा उठाएका थिए। यसखाले कार्यक्रम विश्वभरि नै भए। डिनिया र पोल्यान्डको बीचमा रहेको स्टेनालाइनमा फेरि पनि कार्यक्रम गरियो। स्विडेनको कारिस्कोरेना र टोगो विश्वविद्यालय, अमेरिकाको ब्रोडवे म्युजिकल र मंगोलियाको सपिङ मलमा पनि कार्यक्रम आयोजना गरियो । एक्सन एकदमै सफल थियो र एआईले पहिले नै थुप्रै सकारात्मक प्रतिक्रिया प्राप्त गरिसकेको छ।

## उत्तर कोरियामा बेपत्ता बनाउने कार्य र स्वतन्त्रताको अस्वीकार

१९५० को दशकपछि उत्तर कोरियाका अधिकारीहरूले कैयौं अपहरण गरे। सम्भवतः हजारौं अपहरणमा परेका थिए। त्यसमा दक्षिण कोरिया र जापानका नागरिकसमेत थिए। अपहरण गरिएका उत्तर कोरियालीलाई आवतजावत र अभिव्यक्ति स्वतन्त्रताको अनधिकृत प्रयोग गरेको आरोप लगाइएको छ। अर्को देशका नागरिकलाई जासुसी गरेको र उत्तर कोरियालीलाई भगाउन सहयोग गरेको आरोप लगाउने गरिएको छ। ८ अगस्ट २००४ मा ४ जना सादा पोसाकका उत्तर कोरियालीले जिन क्युङ सुकलाई जिलिन प्रान्तबाट अपहरण गरे। उनी उत्तर कोरियाली मूलका दक्षिण कोरियाली नागरिक हुन्। र, उनका श्रीमान्ले उत्तर कोरियाको लागू औषध कारोबार सम्बन्धमा सूचना संकलन गरेको अधिकारीहरूले आरोप लगाएका थिए। उनीहरू चिनियाँ क्षेत्रको तुमेन नदीको छेउमा पक्राउ परे। उनले आफूसँग सूचना भएको बताए। मुन जिओङ हुन फुत्कन सफल भए। तर, उनकी श्रीमतीलाई उत्तर कोरिया लगियो। पछि प्राप्त जानकारीअनुसार जिन क्युन सुकलाई छानबिनका क्रममा यातनासमेत दिइयो। उनलाई उत्तरी ह्याम्क्युङ प्रान्तस्थित  चोङकिङ राष्ट्रिय सुरक्षा एजेन्सीले छानबिन गरेको थियो। २००५ मा जिन क्युङ सुकको यातनाका कारण मृत्यु भयो। 'मैले किन मेरी छोरीलाई जान दिएछु भनेर खेद लागेको छ' -जिन क्युन सुककी आमा भन्छिन्।

अधिकारीहरूले अपहरण र जबर्जस्ती बेपत्ताको कुरा अस्वीकार गरेका छन्। जबर्जस्ती बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गर्न पनि उनीहरूले अस्वीकार गरेका छन्। जुन अभिसन्धि २००६ को डिसेम्बरमा राष्ट्रसंघीय महासभाले पारित गरेको थियो।  जबसम्म अधिकारीहरूले अपहरण बन्द गर्दैनन्, तबसम्म परिवारका सदस्य आफ्ना मन्छे कहाँ गए भन्नेबारेमा पत्तो पाउन सक्दैनन्।

**तत्काल गर्नुहोस्** :


कृपया उत्तर कोरियाली अधिकारीहरूलाई अपहरण र जबर्जस्ती बेपत्ता बनाउने कार्य तत्काल रोक्न आग्रह गर्नुहोस्। जिन क्युङ सुकको स्थिति स्पष्ट पार्न र जबर्जस्ती बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि अनुमोदन गर्न आग्रह गर्नुहोस्।

**कृपया लेख्नुहोस्** :

Chairman Kim Jong-il
National Defence Commission
Pyongyang
Democratic People's Republic
of Korea







**माथिबाट घडीको सुईको दिशामा :** एम्नेस्टी इन्टरनेसनल फ्रान्सद्वारा सन् २००८ मा आयोजित अधिकारका लागि लेखन अभियानका एक सहभागी, एम्नेस्टी इन्टरनेसनलका अभियन्ताहरु स्लोभेनियामा, फ्रेन्च-क्यानडेली क्यारिकेचरिस्ट ज्याक्स गोल्डस्टिन र इलुस्ट्रेटर स्टेफन पाउलिन तथा लेखक सुजान लिबिउ अधिकारका लागि लेखन अभियान, २००८ मा ।






**उच्चतहको द्वन्द्व होस् वा**
**विश्वको बिर्सिएको कुनै कुनो**
**नै किन नहोस्**
**एम्नेस्टी इन्टरनेसनल**
**न्याय र स्वतन्त्रताका लागि**
**लडिरहन्छ ।**
**अझ राम्रो विश्वको**
**निर्माणका लागि**
**सार्वजनिक**
**सहयोग**
**खोजिरहन्छ ।**

**तपाईं के गर्न सक्नुहुन्छ ?**

विश्वभरि रहेका अभियन्ताहरूले देखाए कि मानवअधिकारलाई कम आँक्ने खतरनाक शक्तिविरूद्ध लड्न सम्भव छ । यो आन्दोलनको एक हिस्सा हुनुहोस् र जसले घृणा र डर उत्पन्न गर्न खोज्छन् उनीहरूमाथि विजय प्राप्त गर्नुहोस् ।

■ एम्नेस्टी इन्टरनेसनलमा संलग्न हुनुहोस् र मानवअधिकार उल्लंघनको विश्वव्यापी अभियानको एक हिस्सा हुनुहोस् । फरक बनाउनका लागि हामीलाई मद्दत गर्नुहोस् ।


**एकैसाथ रहेर हामीले हाम्रा आवाजलाई सुनाउन सक्छौं ।**

# नेपाल सरकार :

## आप्रवासी कामदारविरुद्धको ज्यादती रोक्न ठोस पहल गर !

एम्नेस्टी
इन्टरनेसनल

### मिनरल वाटरको बाकसमा एआईको नारा




झापामा मिनरल वाटरको बाकसमा एआईको नारा 'सुरक्षित विद्यालय हरेक बालिकाको अधिकार' अंग्रेजी भाषामा छपाइएको छ । एआई नेपाल समूह–५८, झापाको पहलमा लाइफलाइन मिनरल वाटर कम्पनीले प्रत्येक बाकसमा उक्त नारा छपाएको हो ।